जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

हिंसामुक्त घर,
सुखी परिवार
समृद्ध समाजको
बलियो आधार ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक १९२ • २०७९ साल मंसिर २१ गते बुधबार (7 December, Wednesday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

### जसपामा किचलो

## अध्यक्ष यादव विरुद्ध राईको अभिव्यक्ति

**टुडे समाचारदाता**



जनकपुरधाम।आमनिर्वाचनको परिणाम सार्वजनिक हुन बाँकी नै रहेको बेला जनता समाजवादी पार्टी (जसपा)मा किचलो हुन थालेको छ।

जसपा अध्यक्ष उपेन्द्र यादवले नेकपा एमालेसँग गरिएको चुनावी तालमेल समाप्त भएको धारणा व्यक्त गरेको ७२ घण्टा नबित्दै सो पार्टीका संघीय परिषद् अध्यक्ष समेत रहेका नवनिर्वाचित सांसद अशोक कुमार राईले असन्तुष्टि जनाएका छन् ।

एमालेसँगको चुनावी तालमेल चुनाव सकिएसँगै समाप्त भएको अध्यक्ष यादवले गत आइतवार सार्वजनिक रुपमा घोषणा गरेका थिए ।'चुनावका लागि गरिएको तालमेल चुनाव सकिएसँगै समाप्त भएको छ 'अध्यक्ष यादवले विराटनगर विमानस्थलमा सञ्चारकर्मीहरुलाई भनेका थिए ।

सत्तारुढ गठबन्धनबाट स्थानीय निकायको चुनाव लडेको जसपाले आमचुनावमा एमालेसित तालमेल गरेको थियो ।चुनावका लागि मात्र गरिएको तालमेल चुनाव सकिएपछि स्वतःसमाप्त भइसकेको अध्यक्ष यादवले तर्क दिए ।तर परिषद् अध्यक्ष राईले अध्यक्ष यादवको सो भनाईप्रति सहमत देखिएका छैनन् ।

देशमा सरकार गठनको प्रक्रिया सुरु हुनु अगावै दलहरुले आवश्यक बहुमत पुऱ्याउन गृहकार्य भने थालिसकेका छन् ।जसपा पनि सत्तारुढ गठबन्धनमा सहभागी भएर सरकारमा जान चाहेको छ ।

जसपामा खासगरी एमालेसँगको सहकार्यको विषयमा मतभिन्नता देखिएको छ । पार्टी अध्यक्ष उपेन्द्र यादवले चुनाव लगत्तै एमालेसँगको तालमेल सकिएको अभिव्यक्ति दिए पनि सो पार्टीका संघीय परिषद् अध्यक्ष अशोक कुमार राईले भने त्यो यादवको व्यक्तिगत धारणा भएको बताएका छन् ।

धरानमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनले एमालेसँगको तालमेल नसकिएको बताए । एमालेसँगको तालमेल सकिएको भनेर अध्यक्ष यादवले दिएको अभिव्यक्तिबारे राखिएको जिज्ञासामा उनले भने, ' यो उहाँको (अध्यक्ष यादवको) व्यक्तिगत धारणा हो । 'उहाँले नै सही गर्नु भएको कागजमा निर्वाचन पछि पनि यो तालमेल जारी रहन्छ भन्ने कुरा उल्लेख भएको छ ' उनले भने, सहमति भएको विषयलाई एकतर्फी रुपमा समाप्त भएको घोषणा गर्न मिल्दैन् ।

काठमाण्डु गएर यसबारे अध्यक्ष यादवसँग छलफल गर्ने र पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने राईले बताए ।

चुनावमा यस पटक राई प्रत्यक्षबाट र उनकी श्रीमती सुशीला श्रेष्ठ समानुपातिकबाट सांसद हुने भएकी छन् ।अध्यक्ष यादव चुनावमा पराजित भएका छन् ।यस अघि संघीय परिषद्का अध्यक्ष रहेका डा.बाबुराम भट्टराईले यसरी नै अध्यक्ष यादवलाई कमजोर बनाउने प्रयास गरेका थिए ।

### देशमा तरलता अभाव बढ्दो

# १ हजार र ५ सयको नोटको सिरिज बन्द गर्न सुझाव

**टुडे समाचारदाता**

काठमाण्डु ।देशमा देखिएको तरलता अभाव हटाउन सरकारले १ हजार र ५ सय दरको नोटलाई बन्द गर्न अर्थविद्हरुले बताएका छन् ।

बैंकमा नगद अभावको मुख्यकारण १ हजार र ५ सय दरको नोट रहेको विज्ञहरुको कथन छ ।ठूलो रकमको नोटलाई लुकाउन सहज भएकाले बैंकमा मुद्रा अभाव देखिएको बताइन्छ ।

लामो समयदेखि चलनचल्तीमा रहेको १ हजार र ५ सय दरको नोटलाई लुकाउने क्रम बढेकोमा उद्योगी व्यवसायीहरु पनि स्वीकार्न थालेका छन् ।'ठूलो दरको नोटलाई कारोबारमा रोक लगाएपछि लुकाइएको नोटहरु बजारमा छ्याप्पछ्याप्ती आउने छन् 'नाम सार्वजनिक नगर्ने शर्तमा विराटनगरस्थित चप्पल उद्योगका एकजना सञ्चालकले भने, सरकारले 'नोटबन्दी 'गर्ने कठोर निर्णय लिनुपर्ने बेला आइसकेकोछ ।

बैंकहरुले निरन्तर ब्याजदर बढाइरहेको छ ।समयमै किस्ता र हर्जाना तिर्न नसक्ने उद्योगी व्यवसायीहरुलाई बैंकले निजी साहुमहाजन जस्ता दिनहुँ ताकेता गर्न थालेका छन् ।दबाब खप्न नसकेर उद्योगी, व्यवसायीहरुले मृत्युवरण गर्न थालेका घटनाहरु सार्वजनिक भइरहेका छन् ।




पछिल्लो पटक गोलबजारमा एकजना व्यवसायीले बैंकको ऋणभारको तनावले आत्महत्या गरेको उद्योग, व्यवसाय सम्बद्ध संघसंस्थाहरुले जनाएका छन् ।बैंकले थप ऋण दिन नचाहेको र दिएको ऋणको सावाँ र ब्याज बुझाउन सहज नभएको व्यवसायीहरु बताउँछन् ।बैंकले ब्याज दर तत्काल घटाउनुपर्ने मागगर्दै व्यवसायीहरु सडकमा उत्रेका छन् ।उनीहरुले बैंकको ब्याज वृद्धिलाई रोक्न सरकारले हस्तक्षेप गर्नुपर्ने माग गरेका छन् ।

नेपाल राष्ट्र बैंकले ६ खर्ब भन्दा बढी रुपैया बजारमा पठाएको छ ।बजारमा मुद्राको कुनै प्रकारले अभाव नहुनुपर्ने राष्ट्र बैंकका अधिकारीहरुको कथन छ ।'ठूलो दरको नोट लुकाइएको छ ' बैंकका एकजना अधिकारीले भने, त्यसकालागि सबै भन्दा सहज उपाय एउटा सिरिजको १ हजार र ५ सय दरको नोट बन्द गर्नुपर्छ ।

भारतमा पनि लुकाइएको मुद्रालाई बजारमा ल्याउन प्रधानमन्त्री नरेन्द्र मोदीले ६ वर्ष पूर्व ८ नोभेम्बर २०१६ को राती ८ बजेदेखि १ हजार र ५ सयदरको नोटको कारोबार बन्द गरिएको घोषणा गरेका थिए ।नोट साट्न सरकारले दिएको समयमा अपेक्षा गरिएको भन्दा धेरै बढी नोट बैंकमा जम्मा भएको थियो ।समय सकिएपछि करोडौ नोट साट्न नसक्ने अवैध सञ्चितकर्ताहरुले बोरामा हालेर जथाभावी फाल्दै नष्ट गरेका थिए ।

बैंकका अधिकारीले भने त्यस भन्दा फरक धारणा राख्दै खास सिरिजको १ हजार र ५ सय दरको नोटलाई बन्द गरिदिए सामान्य ढंगले समस्या समाधान हुन सक्ने बताए ।'१ हजार र ५ सय दरको नोटलाई पूर्ण रुपमा बन्द गर्नुपर्ने आवश्यकता छैन्' उनले भने, पूर्ण रुपमा बन्दगरी १ सय र सो भन्दा कम दरको नोटलाई चलनचल्तीमा राख्न सके नगदमा हुने भ्रष्टाचारमा समेत निकै कमी आउनेछ ।

स्रोतहरुका अनुसार भारत सरकारले नोटबन्दीपछि ल्याएको २ हजार र ५ सय दरको नोट पनि भारतीय बजारमा कम हुन थालेको छ ।२ हजार दरको नोट चलनचल्तीमा निकै कम भएको छ । ५ सय दरको नोट पनि छ्याप्पछ्याप्पती नरहेको स्रोतहरुको कथन छ ।

ठूलो दरको नोटलाई लुकाउन कम कठिनाई हुने भएकाले पनि अवैध धन्धाबाट प्राप्त हुने मुद्रालाई लुकाइएको संभावनालाई अधिकारीहरुले स्वीकार गर्छन् ।नगदी हुने घुस लेनदेन लगायत अपराधिक गतिविधिहरुलाई नियन्त्रण गर्न समेत १ सय सो भन्दा कम दरको नोटले मद्दत गर्ने उनीहरुको तर्क छ ।

ठूला दरका नोटको कारोबारमा रोक लगाइए बैंकिंग प्रणालीबाट कारोबार बढने, नोट लुकाउने प्रवृत्ति निरुत्साहित हुने, अपराधिक गतिविधिमा हुने नगद लेनदेनमा कमी आउनेमा चप्पल व्यवसायी पनि सहमत देखिएका छन् ।

देशमा हालै निर्वाचन सम्पन्न भएको छ ।चुनावको क्रममा पनि ब्यापक रुपमा अवैध ढंगले रकमको लेनदेन भएको अनुमान गरिएको छ ।अवैध रुपमा लुकाइएको मुद्रालाई बजारमा ल्याउन सरकारले ठोस निर्णय लिनु आवश्यक रहेको अधिकारीहरुको कथन छ ।







# दक्षिण कोरियाबाट फर्केर बङ्गुरपालन



काठमाण्डु । गत जेठमा बङ्गुरमा लाग्ने 'अफ्रिकन स्वाइन फ्लु'को प्रकोप देखियो । मुलुकका विभिन्न क्षेत्र हुँदै यसको सङ्क्रमण काभ्रेपलाञ्चोकका बङ्गुर फार्मसम्म पुग्यो । यसले त्यस क्षेत्रका बङ्गुरहरू फार्मभित्रै मर्न थाले ।

दक्षिण कोरियाबाट फर्केर सुनिल र अनिता स्याङ्तान दम्पतीले एक वर्षअघि सुरु गरेको 'उन्नती हाम्रो बङ्गुर फार्म' पनि अफ्रिकन स्वाइन फ्लुको सङ्क्रमणबाट अछुतो रहेन । अफ्रिकन स्वाइन फ्लुले स्याङ्तानको फार्ममा ३८ वटा माउ बङ्गुर माऱ्यो । माउ बङ्गुर नै नरहेपछि तीन सय ८० भन्दाबढी बच्चा दूध खान नपाएर मरे । यसले स्याङ्तान दम्पतीलाई व्यवसायको पहिलो वर्षमै ठूलो धक्का लाग्यो ।

"जेठमा अफ्रिकन स्वाइन फ्लु नआएको हुँदो हो त बङ्गुर फार्ममा गरेको डेढ करोड लगानी उठिसकेको हुन्थ्यो", सुनिलले भन्नुभयो, "अफ्रिकन स्वाइन फ्लु सङ्क्रमणको जोखिम अझै पनि छ ।" बङ्गुरपालनको पहिलो वर्षमा प्रतिफल लिने समयमा स्वाइन फ्लुका कारण व्यवसायमा नराम्रो धक्का लागे पनि स्याङ्तान दम्पतीले भने हरेस खाएको छैन ।

मलेसियामा छ वर्ष नौ महिना सेक्युरिटी गार्डको काम गरेपछि सुनिल २०७१ सालमा नेपाल फर्किनुभयो । त्यो बेलामा दक्षिण कोरिया जानका लागि भाषा परीक्षाको तयारी चलिरहेको थियो । उहाँले पनि बागबजारको इन्स्टिच्युटमा भाषा परीक्षा पढ्न थाल्नुभयो । काभ्रेपलाञ्चोक खानिखोला-६ का स्याङ्तानले दुई महिनाको तयारीमा भाषा परीक्षा उत्तीर्ण गर्नुभयो र अर्को छ महिनामा इपिएसमार्फत् दक्षिण कोरियामा कृषि क्षेत्रमा कामका लागि छनोट हुनुभयो ।

उहाँलाई दक्षिण कोरियामा बङ्गुर फार्ममा काम मिल्यो । पैसा राम्रो भए पनि दुःख असाध्यै थियो । स्याङ्तानले त्यसलाई दुःखका रूपमा नलिई सिक्ने अवसरका रूपमा लिनुभयो । कोरियामा काम गर्दा बङ्गुरलाई कृत्रिम गर्भाधारण गर्नेदेखि हुर्काउने र बजार पठाउनेसम्मको कामको जिम्मेवारी उहाँकै काँधमा आइपऱ्यो ।

त्यसो त कोरिया जानुअघि सुनिल र अनिता लामाको विहे भएको थिएन । कोरिया जाँदा पहिलो वर्ष सुनिल बङ्गुर फार्ममा र अनिता स्ट्रबेरी फार्ममा काम गर्नुभयो । त्यसको दुई वर्षपछि २०७४ मा नेपाल फर्किएर विवाह गर्नुभयो । "विहेपछि दुवै कोरिया फर्कियौँ र एउटै बङ्गुर फार्ममा काम गर्न थाल्यौँ", उहाँले भन्नुभयो, "दुवै जनासँगै भएकाले काम गर्न सजिलो पनि भयो भने बङ्गुरपालनबारे धेरै सिक्ने मौका पनि पायौँ ।"

कोरियामा श्रमिकका रूपमा पाँच वर्ष बिताएपछि सम्झौताबमोजिम उहाँहरू नेपाल फर्कने समय आयो । उहाँहरूले नेपाल फर्केर के गर्ने भन्ने योजना बनाउँदै गर्दा कोरियामा सिकेको सीप, दक्षता र रकम खर्चेर स्वदेशमै बङ्गुरपालन गर्ने निर्णय लिनुभयो । "हामी कोरियामै छँदा नै नेपाल फर्केपछि बङ्गुरपालन नै गर्ने सोच बनाइसकेका थियौँ", उहाँले भन्नुभयो, "दुवैको सोच मिलेपछि नेपाल फर्कन सहज भयो ।"

उहाँहरू २०७६ फागुनमा नेपाल फर्कनुभयो तर चैतदेखि नै कोरोना महामारीले छोयो, राज्यले बन्दाबन्दीको घोषणा गरेकाले बङ्गुरपालनको योजना केही समय पर धकेलियो । कोरोना महामारीको जोखिम केही कम भएपछि २०७७ असोजमा घरेलु कार्यालयमा फार्म दर्ता गरी कात्तिकदेखि खोर निर्माणको काम सुरु भयो । फार्म निर्माण र कोरियाबाट प्राविधिक सामग्री मगाएर जडान गर्दा २०७८ जेठदेखि मात्रै बङ्गुरपालन व्यवसाय सुरु भयो ।

स्याङ्तान दम्पतीले पनौतीमा पाँच रोपनी क्षेत्रफल जमिन वार्षिक रु ७५ हजार तिर्ने गरी भाडामा लिएर बङ्गुर फार्म सुरु गर्नुभएको छ । यसमा दक्षिण कोरियामा यो दम्पतीले कमाएको रु डेढ करोड लगानी भएको छ । फार्म निर्माणमा मात्रै रु ७५ लाख खर्च भएको छ । "सुरुमा पाँचखालमा फार्म सुरु गर्ने योजना थियो तर ठाउँ खोज्दै जाँदा पनौतीमा फेला पऱ्यो", उहाँले भन्नुभयो, "फार्मबाट वार्षिक नौ सयभन्दा बढी बङ्गुर उत्पादन र बिक्री गर्ने योजना बनाएका छौँ ।"

स्याङ्तानले बङ्गुरपालन सुरु गर्दा दोलखाकोजिरीबाट२६वटाल्यान्डरसजातिको बङ्गुरको बच्चा ल्याउनुभयो । केही समयपछि त्यो सङ्ख्यालाई ५० पुऱ्याउनुभयो । ल्याण्डरस जातिको बङ्गुरलाई कम दाना खुवाउँदा पनि मासु बढ्ने र माउको दूध पनि धेरै आउने उहाँको भनाइ छ ।

फार्ममा बङ्गुरलाई कृत्रिम गर्भाधारणदेखि हुर्काउनेसम्मका चरणका लागि छुट्टाछुट्टै संरचना बनाइएको छ । फार्ममै बङ्गुरलाई कृत्रिम गर्भाधारण गराइन्छ । माउ र बच्चालाई राख्ने छुट्टै कक्ष छ । बच्चा जन्मिएपछि करिब ३० देखि ३२ दिनसम्म बच्चालाई माउसँग राखेपछि अगल्लै राखिन्छ । बङ्गुरको बच्चालाई विभिन्न चरणमा गरी छ महिना हुर्काएपछि मासु बिक्रीका लागि योग्य हुन्छ ।

यस फार्मबाट माउ, बच्चा, हुर्कँदै गरेको बङ्गुरदेखि वयस्क बङ्गुर मात्र होइन, बङ्गुरको बिर्य पनि बिक्री हुन्छ । बङ्गुर पालनमा धेरै माउका लागि धेरै भाले बङ्गुर पाल्न सम्भव हुँदैन । एउटै भालेको बिर्यबाट धेरैलाई गर्भधारण गराउनका लागि 'सिमन एक्सटेन्डर' प्रयोग गर्ने उहाँको भनाइ छ । "सामान्यतयाः एउटा भाले बङ्गुरबाट निकालेको बढीमा एक सय एमएल बिर्यमा सिमन एक्सटेन्डर मिसाएर एक लिटरसम्म बनाउँछौँ," उहाँले भन्नुभयो, "यसो गर्दा एउटा भालेको बिर्यले १८ वटासम्म पोथी बङ्गुरलाई पुग्छ भने २० घण्टासम्म राख्न सकिने अवधिलाई बढाएर १२ दिनसम्म काम लाग्ने बनाउँछौँ ।" यस्तो बिर्यलाई १७ डिग्री तापक्रममा राख्नुपर्छ । यसका लागि पनि फार्ममा विशेष व्यवस्था गरिएको उहाँको भनाइ छ ।

पछिल्लो समय स्याङ्तानले काभ्रेका अन्य बङ्गुर फार्ममा पनि कृतिम गर्भधारणका लागि सेवा दिँदै आउनुभएको छ । कृत्रिम गर्भधारणको सेवा सहज हुँदा अन्य फार्मलाई भाले बङ्गुर पाल्नुपर्ने झन्झट पनि हटेको छ । फार्ममा करिब ५० वटा माउ राख्न सक्ने क्षमता छ । बङ्गुरहरूले गर्ने दिसापिसाबलाई सिधै 'सेप्टिक ट्याङ्की'मा जाने व्यवस्था मिलाइएको छ । फार्ममा बच्चा राख्नका लागि २६ डिग्रीको तापक्रम भएको कक्षको पनि व्यवस्था छ ।

फार्म पूर्णरूपमा सञ्चालन आएपछि मासिक एक सय वटा बङ्गुरका बच्चा जन्मनेछन् भने प्रत्येक छ महिनापछि ती सबै बिक्रीका लागि योग्य हुनेछन् । उहाँले औसतमा वार्षिक नौ सयभन्दा बढी बङ्गुर बिक्री गर्ने योजना बनाउनुभएको छ । हाल फार्ममा ३० वटा माउ र २० वटा अहिले साना बङ्गुर छन् । यी बङ्गुरका लागि उहाँको कम्पनीले चितवन, हेटौँडा र पाटन औद्योगिक क्षेत्रबाट दाना आपूर्ति गर्दै आएको छ ।

बङ्गुरपालनमा सामान्यतयाः ४० प्रतिशत खुद नाफा हुनसक्ने उहाँको भनाइ छ । उहाँले बजारीकरणका लागि काठमाडौँमा डिलरमार्फत् बिक्री गर्नुका साथै मासु खपतका लागि आफ्नै सेकुवा कर्नर खोल्ने योजना बनाउनुभएको छ । हाल उहाँसँग दुई वटा मासु पसल पनि छ ।

स्याङ्तानले हालै व्यवसाय विस्तारका लागि नबिल बैंकबाट सहुलियत ब्याजदरमा रु २९ लाख कर्जाका लागि आवेदन दिनुभएको छ । उहाँका अनुसार स्वाइन फ्लु नभएको भए यो वर्षसम्म उहाँले रु दुई करोड आम्दानी गरिसक्नुहुन्थ्यो र अहिले कर्जा लिनुपर्ने अवस्था हुन्नथ्यो । अफ्रिकन स्वाइन फ्लुका कारण डेढ करोड लगानी उठ्न सकेन । रासस

# पुस्तक समीक्षाः इजिप्टको लोकतन्त्र चियाउने पुस्तक, 'इजिप्ट अन्टिल डेमोक्रेसी'

काठमाण्डु । लोकतन्त्र लागू हुने बेलासम्मको इजिप्ट (इजिप्ट अन्टिल डेमोक्रेसी) सरसर्ति पढ्दा अनादिकालदेखि समाजमा चलिआएका नैतिकता, असल आचरणजस्ता मौलिक गुणहरूलाई कसरी भूमण्डलीकरण, विज्ञान-प्रविधि तथा सञ्चार क्षेत्रमा आएको द्रुत विकासले चुनौती दिन्छ भन्ने कुरालाई प्रस्ट देख्न सकिन्छ । अझ भनौँ मुख्य शक्ति राष्ट्रहरूका स्वार्थलाई चुनौती दिँदा, अन्त्यमा देशले कतिसम्मको पीडा खप्नुपर्ने हुनसक्छ र त्यो पनि भूमण्डलीकरणको घुमाउरो चेपमा अप्रत्यक्ष रूपमा कसरी शक्ति राष्ट्रहरूले फसाउँदै लैजान्छन् भन्ने कुरा यस पुस्तकका लेखक प्राध्यापक डा पुष्प अधिकारीले प्रस्ट पार्नुभएको छ ।

राष्ट्रपति गमाल अब्देल नासेरले सुएज क्यानल (बाँध) लाई राष्ट्रियकरण गरेको बदला कसरी शक्ति राष्ट्रहरूले लिए र प्रजातन्त्रको नाममा इजिप्टलाई पश्चिम एसियाको मुख्य शक्तिराष्ट्रबाट विकासोन्मुख राष्ट्रको हारमा खसाले ? भन्ने कुरा पुस्तकले विस्तृत रूपमा दिएको छ । पश्चिममा राष्ट्रको लहैलहैमा लाग्दा कसरी राष्ट्रपति अनवर-अल-सादात आफ्नै मुलुकको हितको बेवास्ता गर्न थाल्छन् र पश्चिममा हित पूरा हुन छोडेपछि अन्त्यमा उनको हत्या हुन्छ ? यसको चर्चा पुस्तकमा रहेको छ । सादातकै उपराष्ट्रपति होस्नी मुबारक राष्ट्रपति बनेपछि पश्चिमा खासगरी संयुक्तराज्य अमेरिकाको आडमा ३० वर्ष शासन सम्हाल्छन् । जब उनको पनि उपयोगिता सकिएको भान अमेरिकालाई हुन्छ, कसरी लोकतान्त्रिक आन्दोलनको छद्म आडमा उनलाई पनि विस्थापित गरियो भन्ने कुरा प्रस्ट रूपमा पुस्तकमा पढ्न पाइन्छ ।

अमेरिकाले वर्षौंसम्म इजिप्टमा सहायताका नाममा अर्बौं डलर खन्याएको, र अन्त्यमा त्यसमै इजिप्टको बानी परेपछि सो सहायतालाई मोलमोलाइको मुख्य औजार बनाएर इजिप्टको अर्थतन्त्र धराशयी पारिएको घटनाको बेलिविस्तार पुस्तकमा पाइन्छ । दोस्रो विश्वयुद्धपछि पश्चिम एसियामा विकसित आर्थिक तथा सैनिक शक्तिराष्ट्र इजिप्टसँग मितेरी गाँस्न तत्कालीन अमेरिकी विदेशमन्त्री हेनरी किसिन्जर बारम्बार कायरो पुगिरहन्थे र अमेरिका अनबर-अल-सादातको शासनको पक्षमा नै रहने गरेको तथ्य पुस्तकमा पाइन्छ ।

लामो र गहिरो अनुसन्धान साथ तयार पारिएको इजिप्ट अन्टिल डेमोक्रेसी पुस्तक नीति निर्माता तथा पश्चिम एसियाको राजनीतिमा रुचि राख्ने सबैका लागि उपयोगी देखिन्छ । खासगरी लोकतन्त्रको अमेरिकी संस्करणमा डुबुल्की मार्न खोज्ने दक्षिण एसियाली राष्ट्रका राजनीतिज्ञ, योजनाविद्, तथा प्राज्ञिक वर्गले यो पुस्तक पढ्नै पर्छ भन्न सकिन्छ । लामो समय पत्रकारिताका विभिन्न क्षेत्रमा परिचित तथा हाल राजनीतिशास्त्रका प्राध्यापक डा पुष्प अधिकारीले यो पुस्तक दश वर्षको अथक परिश्रमबाट तयार पार्नुभएको हो जुन मेहनत पुस्तक पढ्दै गर्दा देखिन्छ ।रासस

# आइडिया स्टुडियो नेपालको सिजन सात सुरु

काठमाण्डु । गैरनाफामूलक कम्पनीमार्फत उद्यमशीलतालाई प्रवर्द्धन गर्दै आएको आइडिया स्टुडियो नेपालले आफ्नो सातौँ यामका लागि आवेदन खुल्ला गरेको छ ।

आइडिया स्टुडियोले आफ्नो छैटौँ यामसम्म चार हजार पाँच सयभन्दा बढी नवीन व्यावसायिक विचार प्राप्त गरेको छ । जसमध्ये तीन सय ५० भन्दा बढी व्यावसायिक विचार कार्यान्वयनका क्रममा छन् । पैसठ्ठीभन्दा बढी व्यवसाय सफलतापूर्वक सञ्चालनमा रहेको जनाइएको छ ।

आइडिया स्टुडियो नेपालले आफ्ना विभिन्न कार्यक्रमबाट सातवटै प्रदेशमा १६ देखि ६७ वर्ष उमेर समूहका व्यक्तिको सहभागिता जुटाउन सफल भएको छ । आइडिया स्टुडियो नेपालले नेपाली उत्पादन प्रवर्द्धन गर्ने, सामाजिक रुपान्तरणमा योगदान पुऱ्याउने, प्रविधिसम्बद्ध तथा हरियाली र पर्यावरण प्रवर्द्धन गर्नेजस्ता सबै क्षेत्रका व्यावसायिक आइडियाले विशेष प्राथमिकता दिनेछ ।

आइडिया स्टुडियो नेपालमा प्राप्त भएका आइडियामध्ये सिजन सातमा ४० व्यवसायलाई छनोट गरिन्छ । छनोट भएका व्यवसायलाई विशेष प्राथमिकता दिँदै उत्कृष्ट बनाउन सरसल्लाह, तालिम, व्यावसायिक सञ्जाल साथै वित्तीय पहुँचका लागि सहजीकरण गरिन्छ । ती विचार 'स्पेस ४ के' टेलिभिजनमा प्रसारण हुने स्टुडियोका सञ्चार अधिकृत प्रज्ञा घिमिरेले जानकारी दिनुभयो । रासस

# आन्तरिक पर्यटक बढे



उदयपुर ।उदयपुरको ताप्ली गाउँपालिकाको ताप्ली पोखरीमा आन्तरिक पर्यटकको सङ्ख्या बढ्न थालेको छ । मौसम सुधार भएसँगै कात्तिकको पहिलो हप्तादेखि आन्तरिक पर्यटकको सङ्ख्यामा बढ्न थालेको ताप्ली-५ का विष्णुबहादुर तामाङले बताउनुभयो ।

उहाँका अनुसार अहिले दैनिक सयौँको सङ्ख्यामा पर्यटकहरू पोखरी भ्रमण तथा पञ्चकन्या मन्दिरको दर्शन गर्न आउने गरेका छन् । यो जिल्लाको रौता पोखरीपछिको दोस्रो महत्वपूर्ण धार्मिक तथा पर्यटकीय गन्तव्य हो । पछिल्लो समय यस क्षेत्रमा बनभोजका लागि पनि समूहहरू आउन थालेको स्थानीय कृष्ण परियारको भनाइ छ ।

किंवदन्तीअनुसार चारसय सय वर्षअघि पोखरी क्षेत्रमा ठूलो जङ्गल र चौँरीहरू थिए । एक दिन एकजना गोठालेले जङ्गलमा पाँच जना बालिकाहरू खेल्दै गरेको तर नजिक जाँदा अलप भएको घटना गाउँलेहरूलाई बताएका थिए । त्यसको भोलिपल्ट उक्त स्थानमा जाँदा पोखरी उत्पत्ति भएको स्थानीय डम्बर परियारको भनाइ छ ।

ताप्ली गाउँपालिकाका अध्यक्ष ढुङ्गराज विकका अनुसार ताप्ली पोखरी क्षेत्र पाँच हेक्टर क्षेत्रफलमा फैलिएको छ । पोखरीको लम्बाइ तीन सय मिटर र चौडाइ ७० मिटर छ । पोखरी आसपासमा ठूला-ठूला रूख भए पनि पोखरीमा झरेका पात चराहरूले टिपेर सफा गर्ने गरेका छन् ।

ताप्ली पञ्चकन्या देवीको दर्शन गर्दा मनोकामना पुग्ने जनविश्वास छ । अहिले गाउँपालिकाको पहलमा ताप्लीमा मोटरबाटो पुगेपछि कटारी, गाईघाट, सप्तरी, सिरहा, धनुषा र सिन्धुली क्षेत्रबाट समेत दैनिक ठूलो सङ्ख्यामा पर्यटकहरू आउने गरेको गाउँपालिकाका पूर्वउपाध्यक्ष कमला राईले बताउनुभयो । गाउँपालिकाले आन्तरिक तथा बाह्य पर्यटन विकासका लागि ताप्ली क्षेत्रलाई गुरुयोजना नै बनाएर अघि बढाइएको गाउँपालिकाका अध्यक्ष विकले बताउनुभयो । यस क्षेत्रमा हाल विद्युत् विस्तार र भ्यू टावर निर्माण भइरहेको छ ।

यस क्षेत्रमा प्रत्येक वर्ष कात्तिकदेखि वैशाखसम्म ५० हजारभन्दा धेरै पर्यटकहरूको आगमन हुने हुनाले यस क्षेत्रको पर्यटन विकास र प्रवर्द्धनमा प्रदेश सरकार र सङ्घीय सरकारसँग गुरुयोजनाका लागि बजेट माग गरिएको पूर्वप्रदेश सभासद् कला घलेले बताउनुभयो । रासस

# भरतपुरका ३५ हजार घरधुरी खानेपानीको पहुँचमा



चितवन । भरतपुर महानगरपालिकाभित्र रहेका ३५ हजार घरधुरी महानगरबाट प्रदान गरिएको खानेपानीको पहुँचमा पुगेका छन् । यी घरमा बस्ने दुई लाख ३५ हजार जनता प्रत्यक्ष प्रभावित भएको भरतपुर खानेपानी व्यवस्थापन बोर्डले जनाएको छ । पछिल्लो चार वर्षमा भरतपुर खानेपानी बोर्डमा १५ हजार घरधुरी थप भएका छन् ।

अहिले दैनिक तीन लाख लिटर खानेपानी वितरण हुँदै आएको छ । भरतपुर महानगरपालिकामा विसं २०७४ मसान्तयता केन्द्र, प्रदेश र स्थानीय तह गरी विभिन्न २३ खानेपानी आयोजनाको निर्माण एवं मर्मत सम्भार भएका छन् । सो अवधिमा करिब रु तीन अर्ब ७७ करोड खानेपानीको क्षेत्रमा विनियोजन भएको छ ।

महानगरपालिकाले दीगो विकासको अवधारणाअनुसार शिक्षा, स्वास्थ्य, खानेपानी, सडक सञ्जाललाई उच्च प्राथमिकतामा राखेको छ । महानगरपालिकाले सात हजार लिटरसम्म खानेपानी खपत गर्ने ग्राहकलाई निःशुल्क व्यवस्था गरेको छ । रतपुर महानगरपालिका प्रमुख रेनु दाहालले दोस्रो पटक महानगर प्रमुखमा निर्वाचित भएसँगै गरिब तथा विपन्न नागरिकलाई सहुलियत दिने उद्देश्यले निःशुल्क खानेपानी उपलब्ध गर्ने निर्णय गर्नुभएको थियो । नेपालको मध्य भागमा अवस्थित भरतपुर महानगरपालिका अहिले खानेपानीको पहुँचलाई तीव्र रुपमा अगाडि बढाइएको भरतपुर महानगरपालिका प्रमुख दाहालले बताउनुभयो । भरतपुरमा केही वर्षअघि घण्टौं हिँडेर पानी ल्याउनुपर्ने समस्या टरेर गएको उहाँले बताउनुभयो । अबको केही समयमै शतप्रतिशत भरतपुरवासी शुद्ध खानेपानीको पहुँचमा पुग्ने गरी आयोजना निर्माणधीन रहेको उहाँको भनाइ छ ।

भरतपुरका २९ वडामा खानेपानीको ठूला-ठूला आयोजना निर्माण सम्पन्न भएका छन् भने निर्माणाधीन, विस्तृत अध्ययन प्रतिवेदन हुँदै गरेका र सञ्चालनमा आउन बाँकी काम अगाडि बढाइएको छ । भरतपुर खानेपानी व्यवस्थापन बोर्डका अनुसार विसं २०७४ पछि बोर्ड र महानगरपालिको सहकार्यमा वडा नं ९, ११ र १२ मा सेवा क्षेत्र रहने गरी रु २२ करोडको धनगढा सहलगानी खानेपानी आयोजना सञ्चालनमा आएको छ ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, चितवन र भरतपुर खानेपानी व्यवस्थापन बोर्डको सहकार्यमा भरतपुर महानगरपालिका-२२, १३ र १४ सेवा क्षेत्र रहने गरी रु तीन करोडको पटिहानी खानेपानी आयोजना सञ्चालनमा आएको छ । महानगर उपप्रमुख चित्रसेन अधिकारीका अनुसार प्रदेश सरकारअन्तर्गत खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, चितवन र भरतपुर खानेपानी व्यवस्थापन बोर्डको सहकार्यमा भरतपुर महानगरपालिका वडा नं ६ र १३ सेवा क्षेत्र रहने गरी रु चार करोड ६४ लाखको देवनगर खानेपानी आयोजनामा दुई वटा ओभरहेड ट्ढ्याकी र २ वटा डिप वोरिङसहित पाइपलाइन विस्तार कार्य भई यो आर्थिक मसान्तभित्र घरघरमा खानेपानी पुग्ने उहाँले जनाकारी दिनुभयो ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, चितवन र भरतपुर खानेपानी व्यवस्थापन बोर्डको सहकार्यमा भरतपुर महानगरपालिका-१५ सेवा क्षेत्र रहने गरी रु तीन करोड ६० लाखको मङ्गलपुर खानेपानी आयोजनामा ओभरहेड टढ्याकी र डिप वोरिङसहित पाइपलाइन विस्तार भई आयोजना सञ्चालनमा आएको उहाँले बताउनुभयो । नेपाल सरकार सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवन र भरतपुर खानेपानी व्यवस्थापन बोर्डको सह-लगानीमा दुई वटा ओभरहेड ट्ढ्याकी र दुई वटा डिप वोरिङसहित करिब ७२ किमी पाइपलाइन विस्तारसहित भरतपुर महानगरपालिका वडा नं १० र ११ सेवा क्षेत्र रहने गरी रु २८ करोडको जखडिमाई सह-लगानी खानेपानी आयोजना निर्माणको अन्तिम चरणमा रहेको बोर्डले जनाएको छ ।

खानेपानी तथा ढल व्यवस्थापन आयोजनाअन्तर्गत सहरी खानेपानी आयोजनामार्फत भरतपुर महानगरपालिका वडा नं ९ र ६ सेवा क्षेत्र रहने गरी गौरीगञ्ज खानेपानी आयोजना रु दुई करोडको सर्वेक्षण सम्पन्न भई विस्तृत अध्ययन प्रतिवेदन तयारी भई प्रक्रिया अगाडि बढेको छ । रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : नयाँ कार्य हुने । |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : धन बृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सप्तरीमा १३८ को जमानत जोगिएन

सप्तरी । प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा सप्तरीबाट उम्मेदवार भएका एक सय ३८ उम्मेदवारले जमानत जोगाउन सकेका छैनन । विभिन्न पार्टी तथा स्वतन्त्र गरी एक सय ७६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेकोमा प्रतिनिधिसभा सदस्यतर्फ ५८ जना र प्रदेशसभातर्फ ८० जना गरी कूल एक सय ३८ उम्मेदवारको जमानत जोगाउन नसकेको निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

जिल्लाका चार वटा प्रतिनिधिसभा तथा आठ वटा प्रदेशसभा निर्वाचन क्षेत्र मध्ये प्रतिनिधिसभामा ७० जना र प्रदेश सभामा एक सय ६ जना उम्मेदवार रहेका थिए । चार वटा प्रतिनिधिसभाका लागि भएको मतदानमा सत्ता गठबन्धनको नेपाली कांग्रेस र लोसपा, नेकपा एमाले र जसपा तथा जनमत पार्टीका उम्मेदवार बाहेक सबैको जमानत जोगाउन नसकेको जिल्ला निर्वाचन अधिकारी रमेश जोशीले जानकारी दिनुभयो । जिल्लाका सबै क्षेत्रमा त्रिपक्षीय प्रतिस्पर्धा भएको थियो ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ मा २० जना उम्मेदवार रहेकोमा जसपाका नवलकिशोर साह २३ हजार पाँच सय ६४ मत ल्याएर विजयी हुनुभएको छ । यस क्षेत्रमा जनमत पार्टीका जयकान्त राउतले १९ हजार नौ सय ९२ र नेपाली कांग्रेसका रामदेव साहले १४ हजार तीन सय १२ मत प्राप्त गर्नुभएको छ । अन्य सबै उम्मेदवारको जमानत नै फिर्ताहुन नसकेको निर्वाचन कार्यालयले जनाएको छ । सो क्षेत्रमा ७४ हजार पाँच सय ६ मत खसेकोमा चार हजार तीन सय २१ मत बदर भएको थियो ।

क्षेत्र नं २ मा १६ जना उम्मेदवार रहेका जनमत पार्टीका अध्यक्ष सिके राउतले ३५ हजार ४७ मतले विजयी हुनुभयो । यस क्षेत्रमा जसपा अध्यक्ष उपेन्द्र यादवले १६ हजार नौ सय ७९ मत र लोसपाका जयप्रकाश ठाकुरले सात हजार तीन सय ४७ मत प्राप्त गर्नुभयो । यस क्षेत्रमा तीन जना बाहेक अन्य १३ जनाको जमानत फिर्ता हुन नसकेको निर्वाचन कार्यालयले जनाएको छ । निर्वाचन क्षेत्र २ मा ६४ हजार दुई सय १९ मत खसेकोमा ६० हजार नौ सय २१ मत सदर भएको कार्यालयले जनाएको छ ।

यसैगरी निर्वाचन क्षेत्र नं ३ मा १८ जना उम्मेदवार रहेकोमा नेपाली कांग्रेसका दिनेशकुमार यादव २६ हजार एक सय ६६ मतले विजयी हुँदा एमालेका ताराकान्त चौधरीले २२ हजार तीन सय र जनमत पार्टीका अनिस अन्सारीले १५ हजार एक सय १४ मत पाउनु भएको छ । त्यसबाहेक सो क्षेत्रमा १५ जना उम्मेदवारको जमानत जोगिएन । यो क्षेत्र मा ७१ हजार एक सय २२ मत खसेकोमा ६६ हजार आठ सय २० मत सदर भएको निर्वाचन अधिकृत मदनप्रसाद पराजुलीले जानकारी दिनुभयो ।

क्षेत्र नम्बर ४ मा पनि नेपाली कांग्रेसका तेजुलाल चौधरी २३ हजार चार सय ९१ मतले विजयी हुँदा जसपाका बालकिशोर यादवले १७ हजार नौ सय ७७ मत र जनमत पार्टीका सुकदेवप्रसाद साहले १२ हजार नौ सय २५ मत प्राप्त गर्नुभयो ।

यस क्षेत्रमा १६ जना १३ जनाको जमानत जोगिएन । यो क्षेत्रमा ६९ हजार ९३ मत खसेकोमा पाँच हजार एक सय एक मत बदर हुँदा ६३ हजार नौ सय ९२ मत मात्र सदर भएको थियो ।

यसैगरी प्रदेश सभातर्फ आठवटा निर्वाचन क्षेत्रका एक सय ६ जना उम्मेदवारमध्ये २६ जनाको मात्र जमानत जोगिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

कूल खसेको सदर मतको १० प्रतिशत मत ल्याउन नसकेका उम्मेदवारको जमानत जफत भएको हो । चार प्रतिनिधिसभा र आठ प्रदेशसभा सदस्यका लागि भएको निर्वाचनमा विजयी भएका उम्मेदवारसहित ३८ जना उम्मेदवारले मात्रै जमानत जोगाउन सफल भएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

प्रतिनिधिसभा सदस्यतर्फ १० हजार र प्रदेशसभा सदस्यतर्फ पाँच हजार उम्मेदवारी दर्ता शुल्क तोकिएको थियो । महिला, दलित, अल्पसङ्ख्यकको हकमा भने दर्ता शुल्कमा ५० प्रतिशत छुटको व्यवस्था रहेको छ ।रासस

# पढ्दै कमाउँदै कार्यक्रम प्रभावकारी

सर्लाही । सर्लाही बागमती नगरपालिका- ८ मा अवस्थित श्री नवजनजागरण माविका विद्यार्थीहरू 'पढ्दै कमाउँदै' कार्यक्रमबाट लाभान्वित भएका छन् ।

विद्यालयमा २०७४ सालबाट विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम लागू भएपछि उक्त कार्यक्रम सुरु भएको थियो । कार्यक्रम अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को सम्बन्धनमा तीन वर्षे पशु प्राविधिक (भेटेरिनरी) कार्यक्रम सुरु भएको थियो ।

कार्यक्रम सुरु गर्न रु १० लाख बजेट छुट्याइएको थियो । जसमा रु छ लाख भौतिक संरचना निर्माणमा खर्च भएको थियो भने बाँकी रु चार लाख विद्यार्थीलाई पढ्दै कमाउँदै कार्यक्रममा छुट्याइएको थियो ।

उक्त कार्यक्रम अन्तर्गत पहिलो चरणमा कुखुरा पालनमा लगानी गरिएको विद्यालयका प्रधानाध्यापक बद्री पोखेलले बताउनुभयो । पहिलो चरणमा एक हजार ब्रोइलर कुखुरा पालनमा लगानी गरिएको थियो । जसमा १५ जना विद्यार्थी सहभागी भएका थिए । पहिलो चरणको कार्यक्रम अन्तर्गत कुखुरा बिक्रीभएपछि ४५ प्रतिशत आम्दानी आन्तरिक खर्चका लागि छुट्याइएको थियो भने बाँकी ५५ प्रतिशत रकम प्रति विद्यार्थी रु तीन हजार सात सयले आफूहरूले लिएको विद्यार्थी पूर्णप्रसाद उप्रेतीले बताउनुभयो ।

कार्यक्रम सञ्चालनका लागि विद्यालयले पशु प्राविधिक तर्फका विद्यार्थीको प्रयोगात्मक अभ्यासका लागि आफ्नै जग्गामा कुखुरा, गाई, भैंसी, बाख्रा, बोका र पाडापाडी पालेको छ । पढ्दै कमाउँदै कार्यक्रममा सहभागी हुन चाहने विद्यार्थीका लागि विद्यालयले सहयोगीका रूपमा काम गर्दै आएको छ । कृषि तथा पशुपालन अन्तर्गत 'पढ्दै कमाउँदै' गर्न चाहने विद्यार्थीलाई विद्यालयले सुरुमा सहुलियत दरमा ऋण उपलब्ध गराउने र उत्पादन बिक्रीपछि विद्यालयले ऋण असुल गर्ने प्रधानाध्यापक पोखेलको भनाइ छ ।

पशुसेवा प्राविधिकतर्फको दोस्रो सेक्सनमा 'पढ्दै कमाउँदै' कार्यक्रममा हाल दुई जना विद्यार्थीहरू दिपिसा लामा र सलिना मगरले एक हजार तीन सय कुखुरा पालन गरिरहेका छन् । पढ्दै कमाउँदै कार्यक्रम लागू भएपछि व्यवहारिक सीप सिकाइ प्रभावकारी भएको बागमती नगरपालिकाको शिक्षा शाखा प्रमुख मीनप्रसाद उपाध्यायले बताउनुभयो । उहाँका अनुसार कार्यक्रममा विद्यालयको भौतिक संरचना निर्माण, प्राविधिक प्रयोगशाला र पुस्तकालयको क्षेत्र समेटिएको छ । विद्यालयले कृषि विषय अध्ययन गर्न चाहने विद्यार्थीले अनिवार्य कृषि कर्ममा काम गर्नुपर्ने व्यवस्था गरेको छ ।रासस

# समानुपातिकमा एमाले अग्रता कायमै

काठमाण्डु । प्रतिनिधिसभाको समानुपातिकतर्फ नेकपा (एमाले) को अग्रता कायमै छ । मंगलवार दिउँसो १२:३० बजेसम्म निर्वाचन आयोगको प्रणालीमा प्रविष्ट तथ्याङ्कअनुसार एमालेले २८ लाख २४ हजार एक सय २२ मत प्राप्त गरेको छ ।

नेपाली कांग्रेसले २६ लाख ९५ हजार चार सय ३८, नेकपा( माओवादी केन्द्र) ले ११ लाख ६७ हजार तीन सय ९३, राष्ट्रिय स्वतन्त्र पार्टीले ११ लाख २६ हजार ७६, राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ८७ हजार पाँच सय ५६ मत प्राप्त गरेका छन् । साथै, जनता समाजवादी पार्टी नेपालले चार लाख २१ हजार ५५, जनमत पार्टीले तीन लाख ९४ हजार पाँच सय ६१, नेकपा (एकीकृत समाजवादी) पार्टीले दुई लाख ९६ हजार पाँच सय ७१, नागरिक उन्मुक्ति पार्टीले दुई लाख ७१ हजार छ सय ९६ र र लोकतान्त्रिक समाजवादी पार्टी नेपालले एक लाख ६७ हजार तीन सय १५ मत प्राप्त गरेका छन् ।

प्रदेशसभाको समानुपातिकतर्फ प्रदेश १ मा एमालेले छ लाख ६५ हजार चार सय ६०, कांग्रेसले पाँच लाख ६२ हजार नौ सय ५६, राष्ट्रिय प्रजातन्त्र पार्टीले एक लाख ९८ हजार पाँच सय ११,माओवादी केन्द्रले एक लाख ८१ हजार दुई सय ४५ र जनता समाजवादी पार्टी, नेपालले ६१ हजार सात सय २३ मत प्राप्त गरेका छन् ।

मधेस प्रदेशमा कांग्रेसले चार लाख एक सय ४४, एमालेले तीन लाख ५१ हजार सात सय ६८, जनता समाजवादी पार्टी नेपालले दुई लाख ९८ हजार सात सय ७४, जनमत पार्टीले तीन लाख २९ हजार एक सय ७७ र माओवादी केन्द्रले एक लाख ८० हजार आठ सय ६० मत प्राप्त गरेका छन् । नेकपा (एकीकृत समाजवादी) एक लाख १३ हजार नौ सय १५ मत प्राप्त गरेका छन् ।

बाग्मती प्रदेशमा एमालेले पाँच लाख ६२ हजार छ सय ७५, कांग्रेसले चार लाख ७१ हजार नौ सय ६१, राष्ट्रिय प्रजातन्त्र पार्टीले दुई लाख ७२ हजार ८९, माओवादी केन्द्रले दुई लाख ७० हजार तीन सय ७२ र नेपाल मजदूर किसान पार्टीले ६८ हजार छ सय ५४ मत प्राप्त गरेका छन् ।

गण्डकी प्रदेशमा एमालेले तीन लाख ६७ हजार नौ सय ८९, कांग्रेसले तीन लाख ४९ हजार छ सय २८, माओवादी केन्द्रले एक लाख १६ हजार नौ सय ४५, राष्ट्रिय प्रजातन्त्र पार्टीले ५९ हजार चार सय ८३ र नेकपा (एकीकृत समाजवादी) १५ हजार ७६ मत प्राप्त गरेका छन् ।

लुम्बिनी प्रदेशमा एमालेले पाँच लाख ७० हजार नौ सय, कांग्रेसले चार लाख ९९ हजार नौ सय ८६, माओवादी केन्द्रले एक लाख ९८ हजार चार सय ५०, राप्रपाले एक लाख २७ हजार चार सय ५२ र नागरिक उन्मुक्ति पार्टीले एक लाख २५ हजार पाँच सय २१ मत प्राप्त गरेका छन् ।

कर्णाली प्रदेशमा एमालले एक लाख ८३ हजार नौ सय ५०, कांग्रेसले एक लाख ७० हजार सात सय ५६, माआवादीले एक लाख ३७ हजार छ सय २९, नेकपा (एकीकृत समाजवादी) ले १५ हजार आठ सय ६८, राप्रपाले सात हजार नौसय ५१, नेकपा (एकीकृत समाजवादी) ३५ हजार, आठ सय २६, राष्ट्रिय प्रजातन्त्र पार्टी २५ हजार एक सय ८६ र नेपाल मजदूर किसान पार्टी आठ हजार नौ सय ९३ मत प्राप्त गरेका छन् ।

सुदूरपश्चिम प्रदेशमा एमालेले दुई लाख ६३ हजार १७, कांग्रेसले दुई लाख ५८ हजार आठ सय २७, माओवादी केन्द्रले एक लाख २० हजार एक सय ५९, राप्रपाले ४३ हजार एक ४२ र नागरिक उन्मुक्ति पार्टीले ९८ हजार पाँच सय ५७ मत प्राप्त गरेका छन् ।रासस

# सुकुम्बासी भन्छन्, 'भूमि आयोगलाई काम गर्न दिनुपर्छ'




काठमाण्डु । काठमाण्डुको थापाथलीस्थित वाग्मती किनारको सुकुम्बासी बस्ती अहिले शान्त छ । यही मङ्सिर १२ गते काठमाडौं महानगरपालिकाले वाग्मती किनारको सुकुम्बासी बस्ती हटाउन खोजेपछि सो क्षेत्रमा तनाव देखिएको थियो । महानगरले बस्ती उठाउन खोजेको भन्दै सुकुम्बासी विरोधमा उत्रिएका थिए ।

बस्ती जोगाउन भन्दै सडकमा उत्रिएका सुकुम्बासी अहिले आआफ्नो दैनिकीमा फर्केका छन् । साँझ बिहान चलहपहल हुने सुकुम्बासी बस्ती दिउँसो प्रायः सुनसान हुन्छ । बालबालिका विद्यालय, केही ज्याला मजदुरी गर्न त केही कामको खोजीमा बस्ती बाहिर निस्कन्छन् । वृद्धवृद्धा, अशक्त, बिरामी र घर कुरुवा बस्तीमा भेटिन्छन् ।

वाग्मती किनारमा अहिले एक सय ३६ सुकुम्बासी घरधुरीको बासोबास छ । आफ्नो पीतापूर्खाको थाँतथलोको पत्तो नभएका सुकुम्बासी कहिले फेरि राज्य बस्ती खाली गराउन आउने हो भनी चिन्तित देखिन्छन् । यद्यपि, राष्ट्रिय भूमि आयोगको सुकुम्बासी बस्ती नहटाउनेसम्बन्धी सूचनाबाट सुकुम्बासीले केही राहत महसुस गरेका छन् । आफूहरुको स्थायी बसोबासको प्रबन्ध नगरी जबर्जस्ती बस्ती उठाउन नहुने सुकुम्बासीको भनाइ छ ।

सुकुम्बासी बस्तीमा दुई दशकदेखि बस्दै आउनुभएका झापाका नरेन्द्र सिवाकोटी सरकारले आफूहरुलाई उचित विकल्प दिनुपर्ने बताउनुहुन्छ । सुकुम्बासी बस्तीमा उहाँको खाजा पसल छ । "यसरी जबर्जस्ती बस्ती उठाउन पाइँदैन', उहाँले भन्नुभयो, "सरकारले हामीलाई उचित विकल्प दिनुपर्छ ।'

राष्ट्रिय भूमि आयोगले भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने काम गरिरहेको अवस्थामा एक्कासि सुकुम्बासीलाई हटाउने क्रियाकलाप गर्न नहुने उहाँको भनाइ छ । "हामीलाई भूमि आयोगले जस्तो व्यवस्थापन गर्छ, त्यसलाई स्वीकार गर्न तयार छौं', सिवाकोटीले भन्नुभयो, "आयोगले काम गरिरहेको अवस्थामा बस्ती हटाएर वर्षौंदेखि बसिरहेका नागरिकको उठिबास लगाउन पाइँदैन ।'

भूमि आयोगलाई सहज ढङ्गबाट काम गर्न दिनुपर्ने सुकुम्बासीको एउटै माग छ । वाग्मती किनारको सुकुम्बासी बस्तीमा मात्रै सरकारका विभिन्न निकायबाट आएका प्रतिनिधिले विवरण सङ्कलन गरेका छन् । "काठमाडौं महानगर, सहरी विकास मन्त्रालय, अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिलगायत निकायसँग यहाँका सुकुम्बासीको विवरण छ', उहाँले भन्नुभयो, "तर अहिलेसम्म सुकुम्बासी समस्या समाधान भएको छैन । भूमि आयोगले सुकुम्बासी समस्या समाधान गर्न खोजेको छ, आयोगलाई काम गर्न दिनुपर्छ ।'

भूमि आयोगले लगत सङ्कलन र प्रमाणीकरणको कार्य सम्पन्न नभएसम्मका लागि कुनै पनि स्थानका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीका बस्ती हटाउने र उनीहरु असुरक्षित हुने गरी कुनै पनि कार्य नगर्न/नगराउन सूचना जारी गरे पनि उपत्यका विकास प्राधिकरणले ३५ दिनभित्र उपत्यकाभित्रका सरकारी, पर्ति, ऐलानीलगायत सार्वजनिक जग्गालाई अतिक्रमण गरी बनाइएका संचरना ३५ दिने सूचना जारी गरेको छ ।

**विकल्पमा तयार भवन अलपत्र**

वाग्मती किनारका सुकुम्बासीले विकल्पको कुरा गरिरहँदा सुकुम्बासी तथा सहरी गरिबलाई व्यवस्थापन गर्ने भनी सरकारले नागार्जुन नगरपालिका-१ रानीवनमा निर्माण गरेको भवन अलपत्र छ । डा बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेला तत्कालीन सरकारले सुविधासम्पन्न पाँचवटा अपार्टमेन्ट निर्माण गरेको थियो ।

सो अपार्टमेन्टमा करिब छ सयवटा युनिट छन् । प्रत्येक युनिटमा दुई कोठा, एक भान्छा र एक शौचालय छन् । सुकुम्बासीका लागि भनेर बनाइएका अपार्टमेन्टमध्ये दुई वटामा मानवसेवा आश्रम सञ्चालनमा रहेको छ । अर्को एक अपार्टमेन्टको केही क्षेत्रमा नागार्जुन वडा नं १ को वडा कार्यालय, सहरी स्वास्थ्य केन्द्र र प्रहरी बिट रहेको छ ।

नागार्जुन वडा नं १ का वडाध्यक्ष रामेश्वर लामा सरकारले निर्माण गरेको भवनमा अस्थायीरुपमा वडा कार्यालय राखिएको बताउनुहुन्छ । "त्यसबेला जुन प्रयोजनका लागि सरकारले भवन निर्माण गऱ्यो, त्यतिबेला प्रयोगमा आउन सकेन', उहाँले भन्नुभयो, "अहिलो वडा कार्यालय रहेको छ, यसबाट अलपत्र रहेको भवनको संरक्षणमा टेवा पुगेको छ ।'

रानीवन बसपार्कमा वडा कार्यालय भवन निर्माण सुरु भएको छ । भवन निर्माण सम्पन्न भएपछि वडा कार्यालय सर्ने वडाध्यक्ष लामाको भनाइ छ । लामो समय अलपत्र परेको सो भवनमा उपत्यकाका सुकुम्बासी ल्याएर राख्ने हल्लासँगै स्थानीयले त्यसको विरुद्धमा आवाज उठाउन थालेका छन् ।

**महानगर भन्छ : सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने काम रोकिँदैन**

भूमि आयोगले तत्काल सुकुम्बासी नहटाउन आग्रह गरे पनि काठमाडौं महानगरपालिकाले भने सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने काम निरन्तर अगाडि बढिरहने जनाएको छ । सहरी विकास मन्त्रालय, भूमि आयोग, काठमाडौं उपत्यका विकास प्राधिकरण, अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिसँग समन्वय गरेर महानगर अगाडि बढ्ने महानगरका प्रवक्ता नवीन मानन्धर बताउनुहुन्छ ।

महानगरलाई व्यवस्थित बनाउने सबैको जिम्मेवारी भएको जनाउँदै उहाँले सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने महानगरको जिम्मेवारी रहेको र उक्त जिम्मेवारी पूरा गर्न आफूहरु लागिपर्ने बताउनुभयो । "सुकुम्बासी समस्याको दिगो समाधान खोज्नुपर्छ, सुकुम्बासीका लागि तयार भवन अलपत्र छ', उहाँले भन्नुभयो, "कुनै पनि बहानामा यो अभियान रोकिँदैन ।' रासस

# रोकियो फोहर वर्गीकरण

काठमाण्डु । करिव पाँच महिनाअघि काठमाडौं महानगरपालिकाले सुरु गरेको स्रोतमै फोहरवर्ग्गीकरणगर्ने कार्य तत्कालका लागि स्थगन भएको छ । फोहर व्यवस्थापनलाई थप प्रभावकारी बनाउने भन्दै गत साउन १ गतेदेखि कामपाले ३२ वटै वडाबाट स्रोतमै फोहर वर्गीकरण गरेर मात्रै अन्तिम व्यवस्थापनका लागि लैजान सुरु गरेको थियो । सुरुको एक दुई हप्ता कामपाको योजनाअनुरुप काम भए पनि यसले निरन्तरता भने पाउन सकेन ।

कामपाको प्रमुख बालेन्द्र शाहको सचिवालय सदस्य सुनिल लम्साल स्थान अभावको कारण उक्त कार्यले निरन्तरता पाउन नसकेको बताउनुहुन्छ । कामपासँग खुला स्थानको अभाव भएकाले केन्द्र सरकारसँग एकै स्थानमा कम्तीमा दुई सय रोपनी जग्गा उपलब्ध गराउन माग गरिएको छ । "सरकारले जग्गा उपलब्ध गराउने आश्वासन दिएको छ ।

जग्गा प्राप्त भएसँगै कुहिने र नकुहिने फोहरको स्रोतमा नै वर्गीकरणको काम पुनः सुरु हुन्छ, आशा छ नयाँ सरकार गठन भएसँगै उक्त कार्यले पुर्णता पाउने छ, लम्सालले भन्नुभयो, "कामपालाई कानुनीरुपमा आफ्नो क्षेत्रभन्दा बाहिर जग्गा अतिग्रहण गर्ने अधिकार छैन । त्यसैले केन्द्र सरकारलाई आग्रह गरिएको हो ।

स्थान पहिचान भएसँगै कामपाले कुहिने फोहरको प्रयोग गरी मल बनाउने तयारी गरेको छ । रासस

# बाल मृत्युदर घट्यो



काठमाण्डु । नेपालमा पाँच वर्षको अविधिमा बालमृत्यु दरमा घटेको पाइएको छ । हालै सार्वजनिक गरिएको नेपाल जनसाङ्ख्यक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ ले नेपालमा पाँच वर्षमा बालमृत्युदर घटेको पाइएको हो ।

सर्वेक्षणअनुसार नेपालमा प्रतिएक हजारमा ३३ जना बालमृत्युदर भएको उल्लेख गरिएको छ । यसअघि सन् २०१६ गरिएको सर्वेक्षणमा प्रतिएक हजारमा ३९ जना बालमृत्युदर रहेको थियो । नेपालमा सन् २०११ मा प्रतिएक हजारमा ५४ जना, सन् २००६ मा ६१ जना, सन् २००१ मा ९१ जना र सन् १९९६ मा ११८ जना बाल मृत्युदर रहेको थियो ।

**पूर्ण स्तनपान गराउनेको सङ्ख्या घट्दै**

यस्तै सर्वेक्षण प्रतिवेदनले नेपालमा हाल ५६ प्रतिशत आमाले मात्रै शिशु जन्मिएको पाँच महिनासम्म पूर्ण स्तनपान गराउने उल्लेख गरेको छ । सन् २०१६ को सर्वेक्षण प्रतिवेदनमा नेपालमा पूर्ण स्तनपान गराउने आमाको प्रतिशत ६६ प्रतिशत रहेको उल्लेख थियो । सन् २०११ को सर्वेक्षणमा ७० प्रतिशत, सन् २००६ को सर्वेक्षणमा ५३ प्रतिशत, सन् २००१ को सर्वेक्षणमा ६८ प्रतिशत र सन् १९९६ को सर्वेक्षणमा ७५ प्रतिशतले पूर्ण स्तनपान गराउने गरेका थिए तर अहिलेको सर्वेक्षणमा विगतभन्दा १० प्रतिशतले महिलाले कम स्तनपान गराएको पाइएको छ ।

**पुड्कोपनमा सुधार**

यस्तै नेपालमा पाँच वर्षभन्दा कम उमेरका बालबालिकामा हुने पुड्कोपनमा उल्लेखनीय सुधार आएको छ । स्वास्थ्य सर्वेक्षण अनुसार नेपालमा पाँच वर्षभन्दा कम उमेर समूहका बालबालिकामा हुने पुड्कोपनमा ११ प्रतिशले कमी आएको छ । सर्वेक्षणअनुसार पुड्कोपना बालबालिकामा हुने झरेर २५ प्रतिशतमा आएको छ । जबकी पाँच वर्षअघि (सन् २०१६) को यही सर्वेक्षणले नेपालमा पाँच वर्षमुनिका ३६ प्रतिशत बालबालिकामा पुड्कोपन रहेको उल्लेख गरेको छ ।

विगतमा नेपालमा पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनमा सन् २०११ मा ४१ प्रतिशत सन् २००६ मा ४९ प्रतिशत, सन् २००१ र १९९६ मा समान ५७/५७ प्रतिशत रहेको छ । नेपालमा गरिएको सर्वेक्षणमा बालबालिका हुने पुड्कोपनमा क्रमशः घट्दै गएको देखिन्छ ।

सबैभन्दा धेरै पुड्का बालबालिका कर्णाली प्रदेशमा रहेका छन् । कर्णालीमा अझै पनि ३६ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या छ । पाँच वर्षअघि कर्णालीका ५४.५ प्रतिशतमा पुड्कोपन रहेको थियो ।रासस

# मङ्सिर २२ बाट किम्फ

काठमाण्डु । अन्तर्राष्ट्रिय पर्वतीय फिल्म फेस्टिभल (किम्फ) को २०औं संस्करण आगामी मङ्सिर २२ देखि सुरु हुने भएको छ । भारतीय निर्देशक एम गनी निर्देशित फिल्म 'मट्टोकी साइकिल'को विशेष प्रदर्शनमा सहभागी हुन निर्देशक झा नेपाल आउन लाग्नुभएको छ । फिल्ममा उहाँको अभिनय समेत छ ।

फिल्म प्रदर्शनपछि सहभागीसँग अन्तरक्रियासमेत गर्ने उहाँको कार्यक्रम छ । आयोजक संस्था हिमाल एसोसिएसनले 'दिगो आरोहण' संस्करणको मूल नारा राख्दै महोत्सव आयोजना गर्न लगिएको जारी प्रेस विज्ञप्तिमा उल्लेख छ । जलवायु परिवर्तन र वातावरणीय सङ्कटले हिमाल आरोहणमा ल्याएको चुनौतीलाई लक्षित गर्दै यो नारा तय गरिएको फेस्टिभल निर्देशक रम्यता लिम्बूले बताउनुभयो ।

"यस पटक भौतिकरूपमा महोत्सव आयोजना गर्न पाउँदा उत्साहित छौं । फिल्म स्क्रिनिङबाहेक नेपाली फिल्मको भविष्य, फिल्ममा तन्नेरी पुस्ता र फिल्ममा बालबालिकाजस्ता विषयमा सामूहिक छलफलसमेत हुँदैछ", निर्देशक लिम्बूले भन्नुभयो, "किम्फमा ३० मुलुकका ६० भन्दाबढी फिल्म प्रदर्शन गर्दैछौं । राष्ट्रिय सभागृह र पर्यटन बोर्डमा चल्ने फेस्टिभलमा २० भन्दाबढी अन्तर्राष्ट्रिय फिल्ममेकर सहभागी हुनेछन् ।"

यही मङ्सिर २६ गतेसम्म आयोजना हुने महोत्सव सुरुआत ' बाघको बङ्गारा' बाट हुँदैछ । मह सिकारीको कथा पेस गर्ने फिल्म प्रिमियर गर्न पाउँदा उत्साहित रहेको निर्माता विद्या चापागाईंले जानकारी दिनुभयो । उत्तरी जाजरकोटका स्थानीयले लामो यात्रापछि अक्करे भिरमा चढेर गर्ने मह सिकारको कथा फिल्मले पेस गर्छ । गैरआख्यान श्रेणीको यो फिल्मले मह सिकारका लागि हिमाली भेगका बासिन्दाले गर्ने दुःख र मिहेनतलाई चित्रण गर्छ । अष्ट्रेलियाली प्याराग्लाइडरले पोलियो रोगविरुद्ध सहायता जुटाउने उद्देश्यले सगरमाथाबाट प्याराग्लाइड गर्ने कथावस्तु बोकेको फिल्म 'फ्लाई फ्रम एभरेस्ट'बाट समापन हुनेछ । रासस


## आवश्यक्ता

जानकी महिला जागरण समाज (JWAS) वि.सं २०५० सालमा धनुषा जिल्लामा स्थापना भएको गैर नाफामूलक गैर सरकारी संस्था हो । सशक्त महिला समृद्ध समाज निर्माण गर्ने मूल लक्ष्यका साथ कार्यरत यस संस्था महिला सामाजिक कार्यकर्ताहरूको समूहद्वारा संचालित छ ।

हाल यस संस्थाले धनुषा जिल्लामा प्लान इन्टरनेशनल नेपालसँगको साझेदारीमा प्रस्तावित युवा उद्यमशीलता तथा रोजगारी विकास (YEED) परियोजना कार्यान्वयन गर्ने योजना बनाएको छ । प्रस्तावित परियोजनालाई निम्न पदहरुकालागि निम्न संख्यामा कर्मचारीहरुको आवश्यक्ता रहेकोले इच्छुक र योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदनकालागि अनुरोध छ ।

1. Project Coordinator – 1
2. Monitoring, Evaluation & GESI Officer – 1
3. Finance and Supply Chain Officer – 1
4. Social Mobilization Officer – 5

सबै पदहरुकालागि आवश्यक न्यूनतम योग्यता, अनुभव, आवेदन प्रकृया र थप जानकारीकालागिः

merojob AIM HIGHER https://merojob.com/jwas

**आवेदन बुझाउने अन्तिम मितिः १५ डिसेम्वर २०२२**



**न्यायालय मे**

**अपर जिला न्यायाधीश XV, सीतामढी ।**

**प्रशासन पत्र वाद संख्या-१५ / २०१९**

रंजना देवी वो. ..........................................आवेदकगण

**बनाम**

रंजीत ठाकुर वो. ..........................................विपक्षीगण

## सूचना

**बनाम**

१. बबीता देवी पति-रौशन शर्मा, पिता-ललन राय, निवासी ग्राम-बसहीया, थाना-जनकपुर, जिला-धनुषा (नेपाल)


चूँ बजरिए इस प्रकाशन के आपको सूचित किया जाता है कि आवेदकगण ने आपके विरुद्ध प्रशासन-पत्र वाद दायर किया है जिसमें न्यायालय से सम्मन वो रजिस्टर्ड कार्ड निर्गत किया गया था जो आप पर तामिल भी पाया गया । वाद की जानकारी होने के बावजुद आप जान-बुझकर न्यायालय में उपस्थित नही हो रहे है, जिससे न्यायालय की कार्यवाही बाधित हो रही हैं

अतः बजरिए इस प्रकाशन के आपको अगाह किया जाता है कि दिनांक ६-१-२३ को सुबह १०:३० बजे असालतन या वकालतन उपस्थित होकर वाद की उचित पैरवी कर अन्यथा आपकी अनुपस्थिती मे वाद का फैसलाएक पक्षीय रुप से कर दी जाएगी ।

ताकिद जाने ।

मेरे हस्ताक्षर वो न्यायालय के मुहर से निर्गत

**अपर जिला न्यायाधीश, XV सीतामढी ।**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# समानुपातिक सिट बदनाम भो

संघीय शासन प्रणालीमा पिछडिएका, दलित, महिला, अल्पसंख्यकहरुको प्रतिनिधित्व गराउन आरक्षणको व्यवस्था गरिन्छ । नेपालको विभिन्न सरकारी सेवा, संघीय संसद, प्रदेश सभा र स्थानीय तहमा सबै वर्ग र समुदायको अनिवार्य प्रतिनिधित्वका लागि समानुपातिक प्रणाली लागु गरिएकोछ । संसदमा महिलाका लागि अनिवार्य ३३ प्रतिशत सिटको व्यवस्था गरिएकोछ। अल्पसंख्यक, मुसलिम, मधेशी, खसआर्य, दलित, जनजाती लगायतका लागि संसदमा गरिएको आरक्षणको भने चरम दुरुपयोग हुन थालेकोछ । आरक्षित समानुपातिक सिट नेताहरुले बेच्न थालेका छन् । समानुपातिक प्रणालीबाट संसदमा स्थान पाउनै पर्ने आरक्षितले स्थान पाउँदैनन् । तर मुद्रा हुनेले त्यस्ता सिटमा रजाई गर्छन् । समानुपातिक सिटमा सम्बन्धित दलमा काम गरेका आरक्षित अधिकार प्राप्त व्यक्तिलाई समावेश गर्नुपर्ने हो। तर नेताहरुले आफ्ना परिवार, नातागोता, धनाढ्य मित्र, प्रेमिप्रेमिकालाई प्राथमिकता सूचीमा राख्ने गरेका छन्। त्यसकारण संसदमा पुग्नुपर्ने व्यक्तिको पहुँच हुँदैन् । संसद सबैको साझा फूलवारीको रुपमा देखिनुपर्छ । संसदले राष्ट्रको सबै वर्ग, जातजाती, क्षेत्रको प्रतिनिधित्व हुन सके देशको सबै क्षेत्रका समस्याहरु संसदमा उठ्ने छ। संसदमा समस्याले प्रवेश पाएपछि त्यसको निदानको मार्ग पनि प्रशस्त हुनेछ । संसद हाजिर गरेर तलब, भत्ता बुझ्ने निकाय मात्र होइन् । संसद देशको नीति निर्माण गर्ने अत्यन्त महत्वपूर्ण र उच्च निकाय हो । संसदमा प्रतिनिधित्व गर्नेहरुको व्यक्तित्व, बौद्धिकता, विशेषज्ञता पनि बहुतै महत्वपूर्ण हो । संसदमा समानुपातिक प्रणालीबाट प्रतिनिधित्व गराउँदा यस्ता विषयहरुमा अनिवार्य रुपमा ध्यान दिनैपर्छ। संसदको गरिमा घटे जनतामा व्यवस्थाप्रति नै वितृष्णा फैलिन सक्ने संभावना पनि विद्यमान रहेकोछ। नागरिकको भावना विपरीत नेताहरुले गतिविधि गरे अकल्पनीय परिणाम आउन सक्छ। ताकतवर जनता हुन् भने यथार्थ सबैले बुझ्नु आवश्यक छ। नेपालको संघीय र प्रदेश संसदमा समानुपातिकबाट चयन हुन लागेका कयौं सदस्यहरुको विषयमा अनेक प्रकारको टिप्पणी हुन थालेको छ। संसदमा जाने व्यक्तिहरुको मार्ग गोप्य नभएकाले नेताहरुले चयन गरेको आधार सार्वजनिक भएकोछ । समानुपातिकतर्फको संभावित नामहरु सार्वजनिक भएपछिको प्रतिक्रियालाई सकारात्मक रुपमा लिन सकिदैन्। सामाजिक सञ्जाल अथवा बौद्धिक क्षेत्रमा हुने वहस र आमनागरिकबीच भइरहेको छलफलको क्रममा व्यवस्थामाथि नै प्रश्न खडा भएको देखिएकोछ । समानुपातिक प्रणालीलाई बदनाम मात्र नभै अनावश्यक भएको टिप्पणी समाजमा हुन थालेकोछ। कतिपयले त प्रदेश सरकार राज्यको खर्च बढाउने बाहेकको काम गर्न नसकेकाले त्यसको आवश्यकता नै नभएको सम्म टिप्पणी गर्न थालेका छन्। प्रदेशको आवश्यकता नदेख्ने झण्डै ५० जनाको हाराहारीमा प्रतिनिधि सभामा सांसद चुनिएर गएका छन्। उनीहरुले प्रदेशलाई विघटन गर्नुपर्ने धारणा संसदमा पनि राख्ने छन् । उनीहरुको स्वर सशक्त भए संसदबाट प्रदेश सभालाई विघटन गर्न संविधान संशोधनमा समेत पछि पर्ने छैन्। नेपालका सबै भन्दा ठूला उद्योगीपति विनोद चौधरी एकपटक समानुपातिक संसद भएपछि चुनाव लडेर नै संसदमा जाने प्रयत्न गर्ने थिएनन् होला ? उनी निर्वाचित भएर संसदमा पुग्न सफल भएका छन् । निर्वाचितको गरिमा र किनेर बनेका सांसदको गरिमामा फरक हुन्छ।

# दिल्लीको चुनावप्रति सर्वसाधारणको चासो



सञ्जय साह मित्र

नेपालमाप्रतिनिधि सभा र प्रदेश सभाको चुनाव सम्पन्नभएर प्रत्यक्षतर्फको सम्पूर्ण नतिजाआइसकेको छ। हरेकको ध्यानलाई चुनावले नै तानेको छ। चुनावको विश्लेषण सर्वत्र भइरहेको छ। अझै समानुपातिकतर्फबाट को को प्रतिनिधि सभातथाप्रदेश सभा सदस्यम ाचयन भइरहेका छन् भन्ने पूर्णतयानिश्चितभइसकेको छैन। चुनाव सम्पन्नभइसकेकोछतरचुनावबाटनिर्वाचितमाननीयज्यूहरुले पद तथागोपनीयतको शपथलिइसक्नु भएको छैन। अझै पनिमाननीयज्यूहरु बधाई तथाशुभकामनामाव्यवस्त हुनुहुन्छ । यसै गरी माननीयज्यूहरुको दैनिकीआफूलाई मतदिने मतदातालाई धन्यवाददिनमै बितिरहेको छ। यस चुनावमामुख्यप्रतिस्पर्धी भई सफलहुननसकेकाहरु भने आफ्नो पराजयको गहन समीक्षागरिरहनु भएको छ।

चुनावकै चर्चा हरेकको मुखमा झुन्डिरहेको समयमाविश्वकप फूटबल प्रतियोगितापनिचलिरहेको छ। मुख्य गरी युवातथा पुराना खेलकूद प्रेमी र फूटबलमा रुचिलिनेहरुको ध्यानविश्वकपले खिचेको छ । विश्वकपको क्रेजमुख्य गरी सहरी क्षेत्रमानिकै बढी रहेको छ। अहिले हामीकहाँ फूटबल खेल फिल्डमा केहीकम देख्न पाइन्छ तर टेलिभिजनमाविश्वकाचर्चित फूटबल क्लबहरुको खेलको प्रत्यक्ष प्रसारण हुँदा हेर्नेहरुको कुनै कमी छैन। रातिहुने खेलकालागि साथीहरु एक ठाउँमा बस्ने वा घरमामोबाइलमाअलार्म लगाएर फूटबल हेर्ने गरेको समूहहामीकहाँ रहेको छ । खेलप्रेमीहरुकालागिविश्वकप फूटबल प्रतियोगिताआफैँमा एउटा राम्रो अवसर हुने गरेको छ। आफूलाई मन पर्ने देशको खेल हुँदा त झन् दर्शकको रुपमा टेलिभिजन अगाडि बसेर खूबआनन्दितभइरहेका छन्।

एकातिर देशको राजनैतिकचर्चा र अर्कोतिर विश्वकप फूटबल प्रतियोगिताको चर्चाको बिचमाभारतको राजधानीदिल्लीको चुनावको चर्चा पनिहाम्रो समाजमाखूबचलेको छ। मुख्य गरी राजनीतिको क्षेत्रमागहिरो चासो राख्ने बुद्धिजीवीहरुमा भने दिल्लीनगर निगमको चुनावले चर्चा पाएको हो । दिल्लीनगर निगमको चुनावले विभिन्नकारणले राजनैतिक बुद्धिजीवीहरुको ध्यानतान्न सकेको हो । उसै त दिल्लीमापानीपर्दा यहाँ छाता ओढ्नेहरु छन् भन्ने उखान नै प्रचलनमा रहेको छ तर छिमेकी देशको राजधानी रहेको नगरको नगर निगमको चुनावमामात्रहोइनविश्वका ठूला देशमाहुने चुनावमापनिचासो लिने राजनैतिक बुद्धिजीवीहरु रहेका छन् । यो हुनु स्वाभाविकहो, हुनुपर्छ । नेपालीले अन्तर्राष्ट्रियस्तरकाचुनावमाचासो लिनुलाई राम्रो मान्नु पर्दछ । एउटा सुन्दर पक्ष यो पनि छ किविदेशको कुनै ठूलो सहरको चुनावहुँदा नेपाली राजनैतिक बुद्धिजीवीहरुले सामान्यतयाकुनै पक्षको आलोचनागर्न रुचाउँदैनन् । चुनावको परिणाम आएपछि विभिन्नकोणबाट विश्लेषण गर्दछन् । हाम्रो अनन्य छिमेकीतथा बेटीरोटीको सम्बन्ध रहेको भारतको राजधानी रहेको दिल्ली सहरसमेत दिल्लीनगर निगमको चुनावहुँदायहाँका राजनैतिक बुद्धिजीवीहरुले चासो लिनु पनि पर्छ।

एमसिडी (म्युनिसिपलकर्पोरेसन दिल्लीअर्थात् दिल्लीनगर निगम) चुनावप्रतिभारतका साथै नेपालको मात्रचासो नभएर अन्य देशको पनिचासो किनभएको हुनुपर्छ भने विश्वमा सबैभन्दा ठूलो प्रजातान्त्रिक देशको रुपमाभारत रहेको छ । विश्वमाअहिले भारतले आफ्नो पहिचानबनाउँदै लगेको छ । विश्वसको सबैभन्दा ठूलो प्रजातान्त्रिक देश भारतको राजधानी सहरसमेत रहेको दिल्लीनगर निगमको चुनावमतदाताको कारणले पनिचर्चामा रहेको छ। नगर निगमको चुनावमा एक करोडच्वालिस लाखमतदाता रहेको समाचार माध्यमहरुमाआएको थियो। करिब डेढ करोड मतदाताभएको नगर निगमको चुनावआफैँमा एउटा ठूलो चुनावजत्तिकै हुनु स्वाभाविकहो। यति ठूलो चुनावको लागि सबैतिर चर्चा हुनु पनिनौलो कुरो रहेन। यसैले यस चुनावको सबैतिर अलिक स्वाभाविकचर्चा भएको पनिहो ।एमसिडि चुनावभएको दिल्लीमादुई सय पचास वडा छन् ।करिब डेढ करोड मतदाताको लागि अढाई सय वडा हुनु भनेको एउटा वडा पनि सानो हुनु होइन।

कुनै पनि देशको राजधानी सहरमा त्यस देशकाअधिकांश भूभागबाट मानिस आएर बसोबास गरेका हुन्छन् । भारत आफैँमाविशाल देश हो। अनेकविविधताभारतमा रहेको छ। जाति, भाषा, संस्कृतितथाधर्म आदिको दृष्टिकोणले भारतको विविधताको दर्शन दिल्लीमापनिगर्न पाइन्छ। कालान्तरमादिल्लीमा अनेक भाषाभाषी, जातजाति, धर्म संस्कृतिमान्ने तथाविभिन्नप्रकृतिकामानिसहरु त्यहाँका स्थायीवासिन्दाबन्नपुगेका छन् । जुनभूगोल वा संस्कृतिको क्षेत्रबाट दिल्लीपुगेर बसेकाभारतीयहरु छन्, सबैको साझादिल्लीबन्नपुगेको छ।

यसै त कुनै पनि देशको राजधानी सहरलाई सामान्यतयाविचार, शिक्षा, चेतनाआदि दृष्टिकोणले उच्च मानिन्छ। राजधानीलाईजहाँपनि एउटा सुविधा सम्पन्न सहरको रुपमापनि लिइन्छ। सबै सुविधाहरु त्यहाँ हुन्छन् ।देशको अन्यभागको तुलनामा समस्यात्यहाँकमहुने गरेको सबैको अनुमान हुन्छ। राजधानीहुनुले देशकावरिष्ठ व्यक्तित्वहरुको बसोवास त्यहीँहुनु स्वाभाविकहो। राजधानी त कुनै पनि देशकानागरिकको लागिजहिले पनिआकर्षणको केन्द्र रहिरहन्छ । यस अवस्थामात्यहाँको नेतृत्वको लागिचुनावहुँदा सबै वर्ग, जातितथा क्षेत्रकाबासिन्दाको ध्यानजानु स्वाभाविकहो। सामान्यतया के मान्यता छ भने राजधानीमा जस्तो हावा चल्दछ, त्यसको प्रभाव देशको अन्यभागमापनि धेरथोर पर्दछ। राजनीतिको क्षेत्रमा यो अलिकतिकमहोला तर राजनीतिका साथै अन्य क्षेत्रमापनि राजधानीको जुनआधिकारिक कुरा हुन्छ, त्यसलेथोर बहुतप्रभावपारेको हुन्छ । दिल्ली राजधानी सहर भएकोले एमसिडी चुनावमा उठेका मुद्दाहरु राष्ट्रियस्तरकापनि देखिएकाथिए । नितान्त स्थानीय मद्दा पनिचर्चामाथिए। यसै गरी प्रदेश सरकारले गर्नुपर्ने मुद्दाहरु पनिदिल्लीको चुनावमाचर्चामाथिए।

अनेक किसिमका मुद्दाहरु उठ्नु स्वाभाविकहो । संघीय शासन प्रणालीमा कुनै पनि सहर वा बस्ती दुई वातीन सरकारको अधिनमा हुन्छ नै : केन्द्रीय, प्रान्तीयतथा स्थानीय। यहीतीनकिसिमको संरचनामा रहेको दिल्लीको चुनावमा सबै संरचनाबाट नागरिकलाई प्राप्तहुने सेवा र सुविधाको कुरा मुद्दा बनेको हुनुपर्छ । यसको अर्को कारण चाहिँ नेतृत्वपनिहो । अहिले केन्द्रमाभारतीयजनता पार्टीको नेतृत्व रहेको भने दिल्लीप्रदेश सरकारको नेतृत्वआमआदमी पार्टीको रहेको छ तथा एमसिडिमा भारतीयजनता पार्टीको नेतृत्व रहेको छ । भारतको निकै पुरानो पार्टी भारतीयकाँग्रेस (आई) केन्द्र, प्रान्ततथा स्थानीय सरकारमादिल्लीमा रहेको छैन । दिल्लीचुनावमा उठाइएका केन्द्र र स्थानीय सरकार सित सम्बन्धित मुद्दाहरु भारतीयजनता पार्टीसित सम्बन्धिततथाप्रदेश सरकारसित सम्बन्धित मुद्दाहरु आमआदमी पार्टीसित सम्बन्धित छन् भन्ने विश्लेषण गरिएको छ । यसपटकको एमसिडि चुनावमाकाँग्रेस (आइ) लाई खासै कतैबाट कुनै गम्भीर प्रश्नगरिएको छैन।

लोकतान्त्रिकव्यवस्थामाचुनाव त एउटा पर्व जस्तै हुन्छ। यस उत्सवमानागरिकले आफ्नो मताधिकारको प्रयोग गरेर आफ्नोप्रतिनिधिको चयनगर्दछन्। मतदाताको मतबाट नै निर्वाचितप्रतिनिधिले तोकिएको अवधि (सामान्यतयापाँचवर्ष) सम्मनियमकानुनबनाउने र त्यसको अधिनमा रहीनागरिकलाई सेवा, सुविधाउपलब्ध गराउने हुन्छन् । वा, पहिलेदेखि नै प्रयोग र प्रचलनमा रहेको नियमकानुनको अधिनमा रहीआफूलाई नागरिकमाझ प्रस्तुतगर्दछन् । अवधि पूरा भएपछि मतदातामाझअनुमोदनकालागिपुनः पुग्दछन्। लोकतन्त्रमा यो चलिरहने निरन्तरको प्रक्रियाहो र यहीकारणले पनि सम्बन्धित ठाउँको आर्थिक क्षमता, प्राविधिकको उपलब्धतातथाअन्य केहीकारणले विकास निर्माण तथा सेवा सुविधा संचालनभइरहेको हुन्छ। सर्वसाधारणले फरक महसुस गर्ने हुन्छन्। सन्तुष्टि र असन्तुष्टि यही मतबाट ल्याउने हुन्छन्। यही मतबाट एक अर्थमाआगामीपाँचवर्षको लागिआफ्नो शासकचुन्ने गर्दछन्, शासकत्व स्वीकार गर्ने गर्दछन् । यहीकारणले कतिपयले चुनावलाई मौन क्रान्तिपनि भन्दछन्। संसारले देखेको छ, नागरिकको मन जितिरहने चाहिँ कैयौं दशकसम्मलगातार निर्वाचितभएका छन्।

दिल्लीको चुनावको नतिजा कस्तो आउलाभन्ने पक्षमाहामीकहाँखासै विश्लेषण नहोलाकिनभने यतिबेला नेपालमाचुनावनतिजाको विश्लेषण भइरहेको छ । यद्यपिविदेशको राजनीतितथाचुनावमाचासो राख्ने राजनैतिक बुद्धिजीवीले भने विश्लेषण गर्ने नै छन्। भारत लोकतन्त्रको निष्ठामा विश्वमा अगाडि बढेको यस्तो विशाल देश हो, जहाँ हरेक वर्ष प्रान्तीयचुनावभइरहन्छ। विभिन्न ठाउँमा स्थानीयचुनावपनिभइरहन्छ तर एमसिडिको चुनावको जस्तो चर्चा परिचर्चा अन्य स्थानीयचुनावले त्यत्तिपाएको पाइँदैन । हो, प्रान्तीयचुनावहरुको परिचर्चा भने निकै धेरै हुन्छ । एमसिडिको चुनाव केहीहदसम्म मिडियाको कारणले पनि बढी चर्चामाआएको हो । एमसिडीको चुनावअत्यन्त शान्तिपूर्ण रुपमा सम्पन्नभएको तर केहीप्रतिशतमतकम खसेको मिडियाहरुले सार्वजनिक गरेका छन्।

# गुण्डाहरूको जगजगीका कारण प्रधानमन्त्री कार्यालय जान सक्दैनन्

**बीबीसी**

हेइटीको राजधानी पोर्टो प्रिन्समा हेर्दाखेरि सहरभित्र कुनै भौतिक सिमाना कोरिएको त देखिँदैन तर त्यहाँ तपाईँले आफू कहाँ र कुन परिधिमा रहेको छु भनेर बुझ्नै पर्छ। **नत्र ज्यान जान सक्छ।**

एकआपसमा लडाईँ गरिरहेका भिन्न भिन्न सशस्त्र गुण्डाका समूहहरूले आ-आफ्नो इलाका कोरेका छन् जहाँ तिनले बेफिक्री अपहरण, बलात्कार, तथा हत्याका शृत्त ला मच्चाइरहेका छन् । तिनको सिमाना रगतले कोरिएको छाएउटा गुण्डा समूहको इलाकाबाट अर्कोमा जाँदा होस् गर्नुस् ज्यानै जान सक्छ। त्यसैले यहाँका बासिन्दाले मनमनै सहरको नक्सा बनाएका हुन्छन् जसमा त्यहाँका इलाकाहरू हरियो, पहेँलो वा रातो भनेर छुट्ट्याएका हुन्छन्। हरियो भनेको सुरक्षित र गुण्डा नभएको क्षेत्र हो। पहेँलो भनेको आज सुरक्षित तर भोलि सम्भवतः खतरनाक हुनसक्छ। **रातोमा त जानै भएन।**

सशस्त्र समूहको दबदबा बढ्दै गर्दा हरियो इलाका खुम्चँदैछापोर्टो प्रिन्स तथा छेउछाउका भूभागमध्ये आधाभन्दा धेरैमा सशस्त्र समूहहरूको नियन्त्रण रहेको त्यहाँका मानवअधिकार समूहहरूले बीबीसीलाई बताएका छन् । पछिल्ला महिनाहरूमा सशस्त्र गुटहरूले मच्चाएको हिंसाका कारण त्यहाँ सयौँको ज्यान गएको छ भने हजारौँ घरबार छाडेर भाग्न वाध्य भएका छन्।

गत वर्ष हेइटीका राष्ट्रपति जोभनल मोइजको हत्यापश्चात् त्यहाँ अशान्ति बढेको छासंयुक्त राष्ट्रसङ्घका अनुसार हेइटी 'भिरको डिल'मा पुगेको छ । सहायता निकायहरूका अनुसार त्यहाको संसद् वरपरको क्षेत्र अनि राजधानी भित्रिने र बाहिरिने सडकमा सशस्त्र समूहको नियन्त्रण छ । बीबीसी सम्वाददाता ओर्ला ग्वरिन भन्छिन्, ँसाँझ बिहानको समयमा धेरै अपहरणका घटना हुन्छन्। औसतमा प्रतिदिन ५ वटा। मानिसहरू रातबिरात बाहिर निस्कँदैनन्। कतिपय आवश्यक नपरिकन निस्कँदैनन् । प्रधानमन्त्री आरियल अनरीले अन्तर्राष्ट्रिय सहयोगको अपिल गरेका छन्। तर उनी स्वयं उनको कार्यालय आउजाउ गर्न सकिरहेका छैनन्।

**अपहरणको उद्योग**

पोर्टो प्रिन्स एकातिर हरिया पहाड अनि अर्कोतिर क्यारेबियन सागरको नीलो पानीका बिचमा अवस्थित छागर्मी र बेवास्ता चर्को छ। घुँडा घुँडासम्म आइपुग्ने फोहरका डङ्गुरले भत्कँदै गएको राज्यको तस्बिर दिन्छापछिल्लो राष्ट्रपतिलाई कार्यालयमै गोली हानेर मारिएको थियो । अमेरिकाद्वारा



समर्थित प्रधानमन्त्री आरियल अनरी निर्वाचित होइनन् अनि पटक्कै लोकप्रिय छैनन्।खासमा भन्नुपर्दा यहाँ राज्य छैन अनि जनताहरू एकपछि अर्को सङ्कट बेहोरिरहेका छन्।आधा जनसंख्या - करिब ४७ लाख हेइसियन - भोकमरीमा परेका छन् । राजधानीमै २० हजार जति मानिस भोकमरीजस्तो अवस्थामा परेको संयुक्त राष्ट्रसङ्घले बताएको छ।

**हैजा फेरि फैलिएको छ।**

तर सबभन्दा खतरनाक चाहिँ सशस्त्र गुण्डाहरूको विस्तार नै हो।उनीहरूले नै यहाँको समय तय गरेका छन् । बिहानीको 'रश आवर' वा व्यस्त समय भनेको ६ बजेदेखि ९ बजेसम्म अपहरण अत्यधिक हुन्छ। त्यसपछि बेलुकीको व्यस्त समय ३ बजेदेखि ६ बजेसम्म अर्को चरणका अपहरण हुन्छन्।

**अपहरण त फैलँदो उद्योग बनेको छ।**

राष्ट्रसङ्घका अनुसार ज्यानुअरी र अक्टोबरको बीचमा ११०७ जना अपहरणमा परेका थिए।कतिपय समूहका निम्ति अपहरण आयको मुख्य स्रोत बनेको छ ।तिनले २ सय डलरदेखि १० लाख डलरसम्म फिरौती माग्छन्। फिरौती तिरेमा अधिकांश मानिस फिर्ता हुन्छन् तर तिनले धेरै यातना सहनु पर्छ । पुरुषहरूलाई कुटिन्छ र पग्लिएको प्लास्टिकले पोलिन्छ, हेइटीको एक मानवअधिकार संस्थाका गेडियन जनले भने।

महिला तथा बालिकाहरूलाई सामूहिक बलात्कार गरिन्छ। त्यसैले आफन्तहरू जसरी भएपनि फिरौती तिर्नका निम्ति पैसा जुटाउन लाग्छन्। कहिलेकाहीँ अपहरणकारीहरूले आफन्तलाई फोन गरेर बलात्कार भइरहेको आवाजसमेत सुनाइदिन्छन्। हेइटीको अवस्थालाई लिएर त्यहाँ गैर-राष्ट्रसङ्घीय सशस्त्र फौज परिचालन गर्ने हो कि भन्नेबारे राष्ट्रसङ्घभित्र चर्चा चलेको बताइन्छ।

तर यसबारे अगुवाइ गर्न वा सहभागी हुन कसैमा हतारो देखिँदैन।विदेशी फौजको आगमन हेइटीमा विवादग्रस्त रहँदै आएको छायसअघिको राष्ट्रसङ्घीय मिसन यौन दुर्व्यवहारको घटनाका कारण विवादमा परेको थियो । त्यस्तै विगतमा नेपालबाट गएका शान्ति सैनिकहरूले हेइटीमा हैजा फैलाएको आरोप पनि लाग्यो। त्यतिखेर हैजाको महामारीले त्यहाँ १० हजार मानिसको ज्यान गएको थियो । हेइटी देश उत्तर अमेरिकी महादेशको क्यारिबियन क्षेत्रमा पर्छ। अमेरिकाको फ्लोरिडा राज्यको मायमी सहरबाट प्लेनमा दुई घण्टामा हेइटी पुग्न सकिन्छ।

# मुलुक बनाउने मन्त्र

बेनीबहादुर कार्की

काठमाण्डु। नेपालमा मुलुक बनाउने मन्त्र लामो समयदेखि अहम् प्रश्नको रूपमा रहेको छ। यसको मूल कारण यो सवाल राणाकालदेखि जोडिएको छ। धरहरा, घन्टाघर हुन् वा दरबार हाई स्कुल वा त्रिचन्द्र कलेज। यी सबै विकाससँगै जोडिएर गरिएका काम हुन्। तर त्यसपछि पनि प्रजातन्त्र, पञ्चायतकाल वा बहुदल, लोकतन्त्र र गणतन्त्रसम्म आइपुग्दासमेत यो प्रश्नको सन्तोषजनक जवाफ नेपाली जनताले पाउन सकेका छैनन्। त्यसैले अब त कसैले देश बनाउँछु भन्यो भने पनि नेपाली जनताले नपत्याउने अवस्था भइसकेको छ। यही भएर यही मङ्सिर ४ गते भएको निर्वाचनमा मतदातालाई विश्वास दिलाउन कतिपय उम्मेदवारले घूस खानु आमाको रगत खानु सरहको काम हो भनेर कसम खाई चुनाव जितेका छन्।

यस निर्वाचनमा पनि पहिलेझैं प्रायः सबै दल र स्वतन्त्र उम्मेदवारहरूले पनि आकर्षक घोषणापत्र सार्वजनिक गरेका छन्। उम्मेदवारहरूले मतदातासमक्ष सार्वजनिक गरेको घोषणापत्रलाई नै पत्याउने हो भने यस पटकको निर्वाचनमा उम्मेदवारहरूले सार्वजनिक गरेको घोषणापत्र नै मुलुक बनाउने मन्त्रका लागि काफी छ । तर यहाँ भयो के भने चुनावमा भोट माग्न मतदाताको घरदैलोमा जाँदा भए नभएको आकर्षक नारा दिने र मतदातालाई झुट्टा आश्वासन दिएर मत लिएर चुनाव जितेपछि पाँच वर्ष तिनै मतदातालाई नाकमुख नै नदेखाएकाले अहिले ठूलो विश्वासको सङ्कट उत्पन्न भएको छ। आफ्ना जनप्रतिनिधिले आफ्नो दायित्व पूरा गर्ने काम नगरेकाले मतदाता रिसाएर स्वतन्त्र उम्मेदवारलाई जिताएकाले नयाँ दल र शक्तिको सिर्जना भएको हो । नेताका झुट्टा आश्वासनबाट धोका पाएका मतदातामा अब पनि पहिलेको जस्तै होला भनेर शङ्का हुनु स्वाभाविक हो। त्यसैले आजको नयाँ नेतृत्वको पहिलो काम नै यही अविश्वासलाई विश्वासमा परिणत गर्नु पहिलो काम भएको छ।

यो विश्वासको सङ्कट कसरी आयो भनेर गहिराइमा जान आवश्यक भएको छ । यसको मूल कारण भनेको विगतमा अपवाद बाहेकका नेताहरूले राजनीतिलाई सेवाको साटो पेसा बनाएर हाक्काहाक्की अकूत धनआर्जन गरे। यसको फाइदा परिवारमा मात्र सीमित नभई उनीहरूका नातासम्म फैलियो। पद र पैसा यसरी कुम्ल्याएकाले यसको असर समाजमा नराम्ररी परेको छ । यो क्रम निरन्तर बढ्दै गएकाले आमजनतामा निराशा फैलिँदै गयो । अहिले जनता उकुसमुकुस भएका छन्। यही भएकाले यस पटकको निर्वाचनमा मतदाताको सहभागिता कम भयो। जम्मा ६१ प्रतिशतले मात्र मतदान गरेको निर्वाचन आयोगले जानकारी दिएको छ। कुनै दलको स्पष्ट बहुमत नआउँदा गठबन्धन सरकार बनाउनुपर्ने बाध्यता हुन्छ । यसले हिजोको जस्तो राजनीतिक विकृति ल्याउने हो कि भन्ने आशङ्का जन्माएको छ।

यता बहुसङ्ख्यक नेपाली जनता शिक्षा र आर्थिक अभावले ग्रस्त छन् । यही कारणले यसअघि चुनिएका जनप्रतिनिधिहरूले यसको फाइदा लामो समयसम्म लिई नै रहे र अझै पनि यो सम्भावना जीवितै छ । फलस्वरुप केही नेताहरू २०४८ सालदेखि अहिलेसम्म लगातार सांसदमा जितेका छन्। यसरी चुनाव जित्नु एक दृष्टिले राम्रो पनि होला तर यसले हुँदा पुस्तान्तरण र परिवर्तन हुन पाएन । नयाँ पुस्ताले अवसर पाएनन् । त्यसमा पनि भइरहेको के छ भने अपवादबाहेक नेतृत्वले उमेर, शारीरिक अवस्था र नैतिकतालाई पनि कुनै वास्ता गरेको पाइँदैन।

कुनै पनि प्रजातान्त्रिक राजनीतिक प्रणाली भएका मुलुकमा नैतिकतालाई उच्च महत्व दिइएको हुन्छ। सुशासन र असल शासन प्रणाली विपरीत गलत कामको असर विस्तारै सबैतिर सर्दै गयो र यो कर्मचारीतन्त्रमा पनि फैलियो। हुँदाहुँदा अहिले त कर्मचारीतन्त्रमा भ्रष्टाचार संस्थागत भइसकेको छ । नेतृत्वको आड र हवालामा कर्मचारीहरूले भ्रष्टाचार गरिरहेको जगजाहेर छ । सरकारी कार्यालयमा मात्र नभई निजी क्षेत्रमा समेत अपवादबाहेक पैसा नदिए कामै नहुने अवस्था सिर्जना भएको छ।

अहिले त यतिसम्म भइसकेको छ कि समाजमा भ्रष्टाचारीलाई नै सम्मान गर्ने र भ्रष्टाचारको विरोध गरेर धन नकमाउनेलाई अपमान र हेला हुने गरेको छ। यसो भएपछि बाध्य भएर भ्रष्टाचार नगर्नेले पनि भ्रष्टाचार गर्नैपर्ने भएको छ। अब समाजमा भ्रष्टाचार नगर्ने इमान्दार मानिस पाउनै मुस्किल पर्ने भएको छ। यो भनेको सुशासनको विपरीत काम भयो। जहाँ सुशासन हुँदैन, त्यो मुलुकमा भ्रष्टाचार र बेथिति मात्र हुन्छ । अहिलेसम्म नेपालमा यही भएकाले विकास हुन नसकेको हो । मुलुकमा राजनीतिक परिवर्तन भए पनि अपेक्षित आर्थिक विकास हुन सकेन। यसले गर्दा नेपाली जनताको जीवनस्तर माथि उठ्न सकेन । अहिले महँगीको मारले बहुसङ्ख्यक नेपालीलाई दुई छाक टार्न धौधौ परेको छ।

यस्तै भइरहने हो भने नेपाल पनि निकट भविष्यमा श्रीलङ्का, बङ्गलादेश र अफगानिस्तान नहोला भन्न सकिँदैन। न्यायका नौ सिङ भन्ने नेपालमा प्रचलित भनाइ छ। यही भएकाले कानुन मात्र बनेर भ्रष्टाचार निवारण नहुने र मुलुक पनि नबन्ने निष्कर्ष निस्किसकेको छ। कानुनले मात्र हुने भएको भए ०६२/६३ को आन्दोलनले दुई सय ४० वर्षदेखि शासन गर्दै आएको राजसंस्थालाई नै विस्थापित गणतन्त्रको जग बसालेको छ।

नेपालमा सङ्घीयताको माध्मबाट सङ्घ, प्रदेश र स्थानीय निकायको सरकार स्थापना गरेर शक्तिपृथकीकरणको सिद्धान्तको पालना गर्दा पनि नेपाली जनताले अपेक्षा गरेअनुसारको काम नभएको आमगुनासो व्यापकरूपमा भइरहेको छ । सङ्घले पुरानै शैलीमा काम गरेकाले सुशासनको प्रत्याभूति दिन सकेको छैन । प्रदेशको अहिलेसम्मको काम प्रभावकारी हुन नसकेकाले खारेजीको चर्चा चलिरहेको छ । स्थानीय निकायलाई घरघरमा सिंहदरबारको नारा दिइएको भए पनि यो निकायले अपेक्षाअनुसार राम्रो काम गर्न नसकेको आमगुनासो आइरहेको छ। यो निकाय पनि भ्रष्टाचारको अखडा बनेको छ। यसको पुष्टि महालेखाको प्रतिवेदनमा बढेको बेरुजु भएको छ।

यसपटकको निर्वाचनबाट आएको नेतृत्वले गम्भीर भएर मौजुदा तमाम् विकृतिहरू हटाएर काम गर्न सक्नुपर्छ । यसपटकको निर्वाचनमा आएको पुस्तान्तरण र परिवर्तनको लहरको जितलाई पनि सबैले गम्भीरतापूर्वक लिएर परिवर्तनको संवाहक बन्न आवश्यक छ। यसो भनिरहँदा युवा मात्र भएर पनि भ्रष्टाचार निवारण सम्भव हुँदैन । विसं २०४८ देखि निरन्तर निर्वाचन जितेर सांसद भएकाहरू पनि पहिलोपटक सांसद हुँदा युवा नै थिए । तर नेपालमा भ्रष्टाचार नियन्त्रण त भएन। जनताले अपेक्षा गरेअनुसार विकास भएन। यो समस्या त झन् झाँगिएर विकराल हुँदै आएको छ। त्यसैले आज युवाको नारा दिएर चुनाव जितेकाले पनि सजिलै भ्रष्टाचार नियन्त्रण गर्छन् भन्न सकिँदैन।

नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने एउटै उपाय छ, त्यो के भने हरेक सार्वजनिक पदधारण गरेकाले म भनेर आफैँ शपथ खान आवश्यक छ। कारण भ्रष्टाचार नियन्त्रण गर्न त्यति सजिलो छैन । ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको प्रतिवेदनबाट यो पुष्टि भएको छ। अब भ्रष्टाचार नियन्त्रण गर्न प्रधानमन्त्रीदेखि गाउँपालिका सदस्यसम्म र मुख्यसचिवदेखि कार्यालय सहयोगीसम्म जो जहाँ छौँ सबैले आफ्नो ठाउँमा आत्मादेखि इमान्दार हुन जरुरी छ । नेपाली जनताको करले तलब खाएर काम गरेकाले जनताप्रतिको दायित्व बोध गर्न आवश्यक छ।

नेपालमा भ्रष्टाचार निवारण गर्न आमाको रगतको कसम खाएजस्तै कसम सबैले खान जरुरी छ । नभए त भ्रष्टाचार निवारण गर्न नियुक्त गरिएका यसअघिका अख्तियारका पदाधिकारीहरूले नै गलत काम गरेर कारबाहीमा परेका होइनन् र ? त्यसैले भ्रष्टाचार नहुन कडा कानुनका साथै सम्बन्धित सबैले आत्मादेखि दृढ सङ्कल्प गर्न जरुरी छ । यसका साथै भ्रष्टाचारीलाई समाजले नै तिरस्कार गर्ने र इमान्दारलाई सम्मान गर्ने प्रचलनको थालनी गर्न पनि आवश्यक छ। अनि मात्र भ्रष्टाचार नियन्त्रण हुन्छ र मुलुक पनि बन्छ।

भ्रष्टाचार विश्वव्यापी रोग भए पनि यो रोगले नेपाललाई बढी नै थिलथिलो बनाएकाले अब समयमै उपयुक्त उपचार गर्न आवश्यक भइसकेको छ। यसका लागि घोषणापत्रमा भने झैं नवनिर्वाचित नेतृत्वले पहिलो पाइलाको कामबाट भ्रष्टाचार नियन्त्रणको कामको थालनी गर्नुपर्छ। अनि कर्मचारीतन्त्रले यसको इमान्दारीपूर्वक अनुशरण गर्न जरुरी छ। मुलुक बनाउन सबैभन्दा महत्वपूर्ण काम भनेको हरेक नागरिकमा राष्ट्रवादी भावना आउन आवश्यक छ। अनि कानुनमा भएका व्यवस्थालाई सबैले अक्षरशः पालना गर्नुपर्छ। पालना नगरेकालाई बेलैमा हदैसम्मको सजाय दिएर दण्डित गरी समाजमा कानुनी राज्यको प्रत्याभूति दिन सक्नुपर्छ। यसका लागि प्रथम चरणमै आवश्यक छ, इमान्दारिता र नैतिकता।

सिङ्गापुरका लिक्वान हुन् वा मलेसियाका माहाथीर वा भारतका नरेन्द्र मोदीले मुलुकलाई सुशासनको बाटोमा मात्र हिँडाएनन्, समृद्ध राष्ट्रको उदाहरण प्रस्तुत गरे। अब नेपालमा नयाँ पुस्ताबाट यस्तै नेतृत्व जन्मन जरुरी छ। अनि मात्र नेपाल बन्छ। मुलुक बनाउने मूलमन्त्र पनि यही नै हो।

*(लेखक वरिष्ठ अधिवक्ता एवं वरिष्ठ पत्रकार हुनुहुन्छ)*

संसद्मा विधेयक

# केही उपलब्धि, केही निष्क्रिय

काठमाण्डु। प्रतिनिधिसभाको अघिल्लो कार्यकाल समाप्त भएसँगै निष्क्रिय भएका दर्जनौं विधेयक अब फेरि शून्य अवस्थाबाट मात्र सुरु हुने भएको छ। लामो समय, ठूलो खर्च र झन्झटिलो प्रक्रिया पूरा गर्दै निश्चित विन्दुमा पुगिसकेकात्यस्ताविधेयकलेआउँदो प्रतिनिधिसभामा फेरि सुरुदेखिका सबै प्रक्रिया पूरा गर्नुपर्नेछ।

अघिल्लो प्रतिनिधिसभाको कार्यकाल समाप्त भएसँगै २७ वटा विधेयक निष्क्रिय भएका र १२ वटा विधेयक सरकार आफैँले फिर्ता लिएको संसद् सचिवालयका सह-प्रवक्ता दशरथ धमलाले बताउनुभयो । राष्ट्रियसभाबाट सात र प्रतिनिधिसभाबाट पाँच गरी १२ वटा विधेयक सरकारले फिर्ता लगेको हो । राजनीतिक दलबीच सहमति र समझदारी हुन नसक्दा यसअघिको कार्यकालमा ती विधेयक निष्क्रिय बन्न पुगेका हुन् । संसद्को एउटा कार्यकाल समाप्त भएसँगै प्रतिनिधिसभाबाट उत्पत्ति भएका र निष्कर्षमा नपुगेका सबै विधेयक निष्क्रिय बन्न पुगेका थिए । सङ्घीय संसद्को पहिलो कार्यकाल शुरु भएयता एक सय ५३ विधेयक दर्ता भएका थिए।

तीमध्ये एक सय एक विधेयक भने राष्ट्रपतिबाट प्रमाणीकरण भई कानून कार्यान्वयनको चरणमा छन्। संसद्बाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाइएको नेपालको नागरिकतासम्बन्धी संशोधन विधेयकमा भने प्रगति हुन सकेन। राष्ट्रियसभामा उत्पत्ति भएका १२ विधेयक पनि अहिले त्यहाँ विचाराधीन अवस्थामा रहेको सूचना अधिकृत धमलाले बताउनुभयो।

निष्क्रिय भएका २७ मध्ये प्रतिनिधिसभामा उत्पत्ति भई त्यहाँ विभिन्न चरणमा रहेका २१ वटा विधेयक थिए। त्यस्तै राष्ट्रियसभामा उत्पत्ति भई प्रतिनिधिसभामा पठाइएका पाँच वटा विधेयक फिर्ता नहुँदै प्रतिनिधिसभाको कार्यकाल सम्माप्त भएकाले ती विधेयक पनि निष्क्रिय हुन पुगे। त्यस्तै, प्रतिनिधिसभामा उत्पत्ति भई राष्ट्रियसभामा प्रक्रियागत चरणमा रहेको एउटा विधेयक पनि सोही सभाको कार्यकाल समाप्त भएसँगै निष्क्रिय बन्न पुग्यो।

संसद्मा सरकारी र गैरसरकारी विधेयकले प्रवेश पाउँदै आएको छ। सरकारी विधेयक मन्त्री तथा गैरसरकारी विधेयक सांसदले पेश गर्ने कानूनी व्यवस्था छ । सुरक्षा निकाय र आर्थिकसँग सम्बन्धित विधेयक भने सरकारका मन्त्री आफैँले दर्ता गराउनु पर्ने संवैधानिक व्यवस्था छ। रासस

# खानेपानीको समस्या समाधानका लागि प्रधानमन्त्रीलाई ध्यानाकर्षण

काठमाण्डु। प्रधानमन्त्री शेरबहादुर देउवालाई काठमाडौँको खानेपानी समस्याको दीर्घकालीन समाधानका लागि ध्यानाकर्षण पत्र बुझाइएको छ। काठमाडौँका जनप्रतिनिधिको तर्फबाट हालै प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेपाली कांग्रेसका नेता प्रकाशमान सिंह नेतृत्वको प्रतिनिधिमण्डलले आज ध्यानाकर्षण पत्र बुझाएको हो।

प्रतिनिधिमण्डलले काठमाडौँमा खानेपानीको समस्या समाधानका लागि मेलम्ची खानेपानी आयोजनालाई दीर्घकालीन रूपमा अघि बढाउनुपर्नेलगायतका माग राखेको छ। सो मागका सम्बन्धमा प्रधानमन्त्री देउवाले आफ्नो तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दै यस सम्बन्धमा सरकारले तत्काल आवश्यक निर्णय गर्ने जानकारी गराउनुभएको थियो।

त्यस अवसरमा कांग्रेस नेता सिंहले आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा मेलम्ची खानेपानी विकास समिति खारेज गर्ने उल्लेख भएकोले आयोजनाको काम कारबाहीमा अन्योलता देखिएको बताउँदै तत्काल मेलम्ची खानेपानी विकास समिति ब्यूँताउनुपर्ने वा अन्य आवश्यक निर्णय लिनुपर्ने उल्लेख गर्नुभएको थियो।

उहाँले मुहान क्षेत्रका स्थानीय तहको माग सम्बन्धमा सम्बन्धित पालिकासँग छलफल गरी टुङ्गोमा पुग्नुपर्ने, वर्षैभरी पानी पथान्तरणका लागि फास्टट्र्याकमा कार्यान्वयन गर्न आवश्यक निर्णय लिनुपर्ने, बाढीपहिरोपछि त्यसको कारणबारे एसियाली विकास बैंकलगायतका अन्तरर्राष्ट्रिय सङ्घसंस्थाले अध्ययन गरी पेस गरेको प्रतिवेदनको निष्कर्षअनुसार आयोजना अगाडि बढाउनुपर्नेलगायत मागका बारेमा जानकारी गराउनुभएको थियो । सो अवसरमा प्रतिनिधिमण्डलमा सहभागी काठमाडौँ क्षेत्र नं ५ बाट नवनिर्वाचित सांसद प्रदीप पौडेलले काठमाडौँको खानेपानी समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न पहल गर्नुपर्ने बताउनुभएको थियो।

अहिले खानेपानीको इन्टेक रहेको स्थान असुरक्षित भए नभएको प्राविधिकबाट अध्ययन गराई असुरक्षित भए उपयुक्त स्थानमा ईन्टेक बनाउनुपर्ने, मेलम्ची बाढीपहिरोले हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिकामा भएको क्षतिलाई सम्बोधन गर्न पुनःनिर्माणलगायतका उचित व्यवस्था गर्नुपर्ने, मुहान क्षेत्र स्थानीयको गुनासो सम्बोधन गर्न मुहान क्षेत्रसम्म पक्की सडक बनाउनुपर्ने, शिक्षा र स्वास्थ्यमा सरकारले विशेष पहल गर्नुपर्ने ध्यानाकर्षण पत्रमा उल्लेख छ। राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजना काठमाडौँवासीको खानेपानी समस्या समाधानको प्रमुख स्रोत हो।



नेपाली कांग्रेसका संस्थापक नेता एंव पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले मेलम्चीको खानेपानी काठमाडौँ ल्याउने सपना कांग्रेस नेतृत्वमै साकार भएको हो। विसं २०७८ असार १ गते मेलम्चीमा गएको विनाशकारी बाढीपहिरोका कारण मेलम्चीको भविष्य अहिले अन्योलमा पर्ने होकी भन्ने काठमाडौँवासीमा चिन्ता छाएको छ। बाढीपहिरोपछि हिउँदको समयमा अस्थायी रूपमा भए पनि काठमाडौँ ल्याउने काम भएको छ । काठमाडौँको खानेपानी समस्या समाधानका लागि मेलम्ची आयोजनालाई दीर्घकालीन रूपमा अगाडि बढाउनुपर्ने स्थलगत निरीक्षणपछि आवश्यकता महसुस भएको नेता सिंहले बताउनुभयो।

**प्रधानमन्त्री देउवाले सुदूरपश्चिम महोत्सव उद्घाटन गर्नुहुने**

सुदूरपश्चिम । प्रधानमन्त्री शेरबहादुर देउवाले यही मङ्सिर २२ गते कैलालीको धनगढीमा सुरु हुने सुदूरपश्चिम महोत्सव उद्घाटन गर्नुहुने भएको छ।

महोत्सव आयोजक कैलाली उद्योग वाणिज्य सङ्घद्वारा आज धनगढीमा आयोजित पत्रकार सम्मेलनमा सङ्घका अध्यक्ष पुष्पराज कुँवरले प्रधानमन्त्री देउवाले उद्घाटन गर्नुहुने उक्त महोत्सवको तयारी अन्तिम चरमा पुगेको जानकारी दिनुभयो । महोत्सव उद्घाटन समारोहमा विभिन्न जातिका संस्कृति झल्किने झाँकी नृत्य प्रदर्शन गर्ने तयारी छ।

सुदूरपश्चिम प्रदेशको कृषि, उद्योग, पर्यटन, कलासंस्कृति र व्यापार व्यवसायको प्रवर्द्धन गर्ने उद्देश्यले २०६३ सालदेखि हरेक वर्ष सुदूरपश्चिम महोत्सवको आयोजना गर्दै आएको छ। कोरोना महामारीका कारण विगत दुई वर्ष महोत्सव आयोजना गर्न सकिएको थिएन् । उक्त महोत्सवमा स्थानीय खानाका परिकार, कृषिउपजलगायतका झण्डै चार सय कक्ष रहने बताइएको छ। आगामी पुस २ गतेसम्म सञ्चालन हुने उक्त महोत्सव अवधिमा झण्डै रु दश करोडको कारोबार हुने सङ्घले जनाएको छ।रासस

# गठबन्धनले नयाँ सरकार गठन गर्छ : नेता कोइराला

विराटनगर । नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले गठबन्धनको नेतृत्वमा आगामी सरकार गठन हुने विश्वास व्यक्त गर्नुभएको छ । नेपालीका कांग्रेस महानगर समितिद्वारा आज यहाँ आयोजित नेका नेता गुरुराज घिमिरेद्वारा लिखित पुस्तक 'बाटो बिराएको राजनीति' पुस्तकको विमोचन गर्दै उहाँले आगामी सरकारले जनताले चाहेको सुशासन, भ्रष्टाचारको अन्त्य, विकास र समृद्धि पूरा गर्नुपर्नेजस्ता चुनौती रहेको बताउनुभयो।



उहाँले भन्नुभयो, "इतिहास रचेको कांग्रेस पार्टीको शाख र विचार आगामी दिनमा जोगाउन र राजनीतिलाई सही बाटोमा लग्ने जिम्मा युवा पुस्तामा हस्तान्तरण गर्नुपर्ने छ ।' नेता कोइरालाले कुनै विवाद विना एक ढिक्का भइ पार्टीलाई पुरानो अवस्थामा फर्काउनुपर्नेमा जोड दिनुभयो। उहाँले निर्वाचनमा कांग्रेसले प्राप्त सिट सङ्ख्या वृद्धि भए पनि सात प्रतिशत मत घटेकोमा गम्भीर हुनुपर्छ भन्दै यसका लागि स्वतन्त्र एक छानबिन समिति गठन गर्नुपर्ने बताउनुभयो।

कांग्रेसका महामन्त्री गगन थापाले कांग्रेसको नेतृत्वमा निर्माण हुने आगामी सरकारले सही ढङ्गबाट मुलुक सञ्चालन गरेर गुमाएको लाखौँ जनमत समेट्नुपर्ने बताउनुभयो । उहाँले सरकार सञ्चालन गर्दा पूर्वाधार, शिक्षा, विकास निर्माण, स्वास्थ्य, रोजगारी सिर्जनासम्बन्धी काम गरेर जनताको मत जित्नुपर्नेमा जोड दिनुभयो । उहाँले आगामी सरकार निर्माण गर्दा नेतृत्वले जनता समक्ष स्पष्टता, प्रतिबद्धता जनाउनुपर्ने धारणा राख्दै पार्टीप्रति जनताको आकर्षण बढाउन मुलुकमा सुशासन, परिणाममुखी काम गर्नुपर्ने विचार राख्नुभयो।

नेता थापाले पार्टीले पाएको ऐतिहासिक मौकाको सही ठाउँमा प्रयोग गरेर लोकतन्त्रलाई संस्थागत, देशप्रति जिम्मेवार भइ समर्पित भइ 'बाटो सुधारिएको राजनीति' निर्माण गर्नुपर्ने बताउनुभयो । प्रदेश नं १ का आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्कीले राजनीतिक नेतृत्वले जे गर्न सक्ने हो त्यो मात्र बोल्न आग्रह गर्नुभयो।

नेकांका नेता एवं नवनिर्वाचित प्रतिनिधिसभा सदस्य चन्द्र भण्डारीले सरकारको नेतृत्वले आगामी पाँच वर्षभित्र गर्ने कार्यको दृष्टिकोण सार्वजनिक गर्नुपर्ने बताउनुभयो। नव निर्वाचित मोरङका प्रतिनिधिसभा सदस्यद्वय अमनलाल मोदी र योगेन्द्र मण्डल, प्रदेशसभा सदस्यद्वय अमृत अर्याल र भीम पराजुली, विराटनगर महानगरपालिका प्रमुख नागेश कोइराला, महानगर समितिका सभापति दीपक चापागाईं र लेखक गुरुराज घिमिरेलगायतले जनताको विकास र समृद्धिको चाहना पूरा गर्न युवा पुस्ताले आगामी सरकारको नेतृत्व लिनुपर्ने धारणा व्यक्त गर्नुभयो।रासस

# राजधानी तोकिएकै ठाउँमा स्थापना गर्नु सरकारको दायित्व : मन्त्री खड्का

रुपन्देही । लुम्बिनी प्रदेशका अर्थ तथा सहकारीमन्त्री कृष्णध्वज खड्काले प्रदेशको राजधानी तोकिएकै ठाउँमा स्थापना गर्नु सरकारको दायित्व भएको बताउनुभएको छ।

राप्ती, भेरी र लुम्बिनीको भावनालाई समेटेर दाङको देउखुरीमा राजधानी राख्ने निर्णय प्रदेशसभाले यसअघि नै गरिसकेकाले सरकारले त्यसलाई कार्यान्वयन गर्न लागेको उहाँले बताउनुभयो । रिपोर्टर्स क्लब नेपाल लुम्बिनी प्रदेश कार्यालयले आज बुटवलमा आयोजना गरेको साक्षात्कारमा मन्त्री खड्काले प्रदेशसभाले बहुमतका साथ पारित गरेको विषयलाई अतिरञ्जित नगर्न सबैमा आग्रह गर्नुभयो।

उहाँले देउखुरीमा प्रदेशसभाको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको जानकारी दिँदै विषयगत समिति र संसदीय दलका कार्यालय बनिसकेकाले अब मन्त्रिपरिषद्सहित अन्य मन्त्रालय सबै स्थापना हुने बताउनुभयो। उहाँले तत्कालका लागि राप्ति प्राविधिक शिक्षालयको भवनमा मुख्यमन्त्री कार्यालय तथा अन्य मन्त्रालयको व्यवस्थापन गर्ने काम भइरहेको बताउनुभयो।

नेकपा (एमाले) का नवनिर्वाचित प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठले जनतासँगको सरोकारको विषयलाई हलुका ढङ्गले लिएर गठबन्धन सरकारले रातारात सामान सार्ने काम गलत भएको बताउनुभयो। प्रदेशसभाले निर्णय गरेपछि राजधानी दाङ जाने कुरामा कसैको विमति नरहे पनि हतारहतारमा मन्त्रालय सार्दा सेवाग्राही र कर्मचारीलाई असर गर्ने उहाँको भनाइ छ।रासस

# ४५ उम्मेदवारले बुझाए निर्वाचन खर्च विवरण

मध्यविन्दु । मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा ४५ उम्मेदवारले निर्वाचन खर्च विवरण बुझाएका छन्। दुई सङ्घीय निर्वाचन क्षेत्र र चार प्रदेशसभा निर्वाचन क्षेत्र रहेको जिल्लामा ६८ जनाले उम्मेदवारी दिएका थिए।

नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा हालसम्म ४५ उम्मेदवारले निर्वाचन खर्च विवरण बुझाइसक्नुभएको निर्वाचन कार्यालय नवलपुरका प्रमुख लालप्रसाद भुषालले जानकारी दिनुभयो । निर्वाचनको अन्तिम मतपरिणाम सार्वजनिक भएको मितिले ३५ दिनभित्र उम्मेदवारले खर्चको बिल भरपाइ निर्वाचन कार्यालयमा पेश गर्नुपर्ने कानूनी व्यवस्था छ।

नेपाली कांग्रेसका उम्मेदवारहरू डा शशाङ्क कोइराला, विष्णुकुमार कार्की, महेन्द्रध्वज जिसी, नेकपा एमालेका उम्मेदवार कृष्णप्रसाद पौडेल, तिलबहादुर महत, रवीन्द्र अधिकारी, रोशनबहादुर गाहा, पद्मा जिसी, लक्ष्मणबहादुर पाण्डेले निर्वाचन खर्च विवरण पेश गरिसक्नुभएको छ', भुषालले भन्नुभयो, "नेपाली कांग्रेस (बीपी), नेकपा (एकीकृत समाजवादी), मङ्गोल नेशनल पार्टी, नेपालका लागि नेपाली, हाम्रो नेपाली पार्टी, राष्ट्रिय जनमुक्ति लगायतका पार्टीका उम्मेदवार र स्वतन्त्र उम्मेदवारले पनि निर्वाचन खर्च बुझाउनुभएको छ।'

जिल्लामा स्थानीय निर्वाचनमा निर्वाचन खर्च बुझाउनेभन्दा नबुझाउने उम्मेदवार धेरै थिए । निर्वाचन कार्यालयले पटकपटक ताकेता गर्दा पनि बुझाउन नआउँदा जरिवाना तिर्नुपरेको थियो। अहिले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा हालसम्म ४५ उम्मेदवारले खर्च विवरण पेश गरिसकेको कार्यालयले जनाएको छ। मतपरिणाम सार्वजनिक भएको मितिले ३५ दिनभित्र उम्मेदवारले खर्चको बिल भरपाइ निर्वाचन कार्यालयमा पेश गर्न नवलपरासी( बर्दघाट सुस्तापूर्व)मा पुस १५ गतेसम्म समयावधि रहेको छ।रासस


## राजपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### राजपुर, रौतहट

## सेवा करारमा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः–२०७९/०८/२१

राजपुर नगरपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र राजपुर फरहदवाको लागि देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा लिनु पर्ने भएकोले योग्यता पुगेकोले नेपाली नागरिकताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित स्वास्थ्य शाखामा दरखास्त दिन हुन सम्बन्धी सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | पद नाम | संख्या | श्रेणी/तह | काम गर्नु पर्ने कार्यालय | आवेदन |
|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | १ | आठौं | प्राथमिक स्वास्थ्य केन्द्र, राजपुर | १०००।- |

१. **सेवाको किसिमः** करार।
२. **उम्मेदवार छनौट विधिः** आन्तरवर्ता र प्रयोगात्मक।
३. **योग्यता र अनुभवः**
क) नेपाली नागरिकता हुनु पर्ने।
ख) न्यूनतम योग्यता :- नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा MBBS वा सो सरह उपाधि प्राप्त गरेको।
ग) सम्बन्धीत व्यवसायिक परिषद्मा दर्ता नविकरण समेतको प्रमाण पत्र हुनु पर्ने छ।
घ) उमेर हदः २१ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्ने छ।
ङ) अन्य प्रचलित कानून द्वारा अयोग्य नभएको हुनु पर्ने छ।
च) विशेष ग्रहायता (प्राथमिकता) महिलालाई दिइनेछ।
४. **दरखास्तमा संलग्न गर्नुपर्नेः**
- उम्मेदवारको व्यक्तिगत विवरण
- शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी
- नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
- अनुभवको प्रमाणित प्रतिलिपी
- काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
- पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदवार स्वयले हस्ताक्षर गरि प्रमाणित गर्नु पर्ने छ।

५. **दरखास्त दिने विधिः**
योग्यता पुगेको ईच्छुक उम्मेदवारहरुले तोकिएको दरखास्त फारम भरि र राजश्व तोकिएको र कम तिरी सक्कलै रसिद संलग्न राखी रुजु गराई स्वास्थ्य शाखामा बुझाउनु पर्ने छ।
६. दरखास्त बुझाउने अन्तिम मितिः २०७९/०९/०६
७. सेवा अवधीः २०८० असार मसान्त सम्म।
८. सेवा सुविधा तथा अन्य विषयबस्तुः नगरपालिकाले तोके अनुसार।
९. यस सम्बन्धीत थप जानकारीको लागि स्वास्थ्य शाखामा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ।
१०. अन्य कुरा प्रचलित कानून बमोजिम हुने छ।


# हाम्रा मुद्दा सम्बोधन नभएसम्म कुनै गठबन्धनमा रहन्नौँः रेशम चौधरी

नागरिक उन्मुक्ति पार्टीले यस पटकको निर्वाचनमा तीन सिटसहित सङ्घीय संसद्मा प्रवेश गर्दैछ । यो पार्टीको संरक्षकमा रेशम चौधरी हुनुहुन्छ।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा सङ्घमा प्रत्यक्षतर्फ तीन सिट र प्रदेशमा आठ सिट ल्याएको यो पार्टीले समानुपातिकतर्फ अझै थ्रेस होल्ड कटाउन सकेको छैन । निर्वाचन आयोगका अनुसार समानुपातिकतर्फ यस पार्टीले दुई लाख ७१ हजार छ सय ९६ मत प्राप्त गरेको छ।



यही मङ्सिर ४ गते भएको निर्वाचनमा उहाँकी धर्मपत्नी एवं पार्टी अध्यक्ष रञ्जु श्रेष्ठ कैलाली निर्वाचन क्षेत्र नं १ बाट ३० हजार चार सय चार मतसहित निर्वाचित हुनुभएको छ । उहाँले नेपाली कांग्रेसका उम्मेदवार रामजनम चौधरीलाई पराजित गरी सदनमा प्रवेश गर्नुभएको हो। कांग्रेसका चौधरीले १८ हजार ८१ मत प्राप्त गर्नुभएको थियो।

सोही पार्टीबाट कैलाली क्षेत्र नं २ मा अरुणकुमार चौधरीले २१ हजार आठ सय ७१ मत ल्याएर निर्वाचित हुनुभएको छ। नेकपा (एमाले) का झपटबहादुर रावललाई पराजित गर्दै उहाँ सङ्घको सांसद बन्नुभएको हो। एमालेका रावलले १६ हजार एक सय २८ मत ल्याउनुभएको छ। यस्तै क्षेत्र नं ३ बाट गङ्गाराम चौधरीले नेकपा (माओवादी केन्द्र) का कृष्णकुमार चौधरीलाई पराजित गर्दै संसदीय यात्रा तय गर्नुभएको छ। गङ्गारामले २३ हजार एक सय २० मत प्राप्त गर्दा उहाँका प्रतिस्पर्धी कृष्णकुमार चौधरीले १७ हजार सात सय ४९ मत ल्याउनुभयो। रेशम चौधरीका पिता लालवीर चौधरी बर्दिया निर्वाचन क्षेत्र नं २ बाट २६ हजार पाँच सय २० मतसहित स्वतन्त्र उम्मेदवारका रूपमा विजयी हुनुभएको छ। उहाँका प्रतिस्पर्धी माओवादी केन्द्रका सुरेश पन्थले २६ हजार तीन सय ८४ मत ल्याउनुभएको छ।

विसं २०७२ भदौ ७ गते कैलालीको टीकापुरमा भएको घटनामा संलग्न भएको अभियोगमा जेल सजाय भोगिरहनुभएका उहाँको पार्टी निर्वाचन परिणाम आएसँगै सरकार गठनका सन्दर्भमा पुनः चर्चामा रहेको छ। सरकार गठनका लागि बहुमत जुटाउने कसरत भइरहेका बेला नागरिक उन्मुक्ति पार्टी कुन कित्तामा उभिन्छ भन्ने पनि जनचासोको विषय छ । निर्वाचन परिणामपछि विकसित राजनीतिक घटनाक्रम र सरकार गठनलगायत समसामयिक विषयमा गरिएको कुराकानी सारसंक्षेप।

**प्र. भर्खरै आम निर्वाचन सम्पन्न भएको छ, निर्वाचनलाई कसरी लिनुभएको छ ?**

- निर्वाचन जनमतको परीक्षण गर्ने थलो हो । यसलाई पार्टीले स्वाभाविक रूपमा लिएको छ। यस पटकको निर्वाचनमा पुराना दलप्रतिको वितृष्णा र नयाँ दलप्रतिको आकर्षण देखियो। परिणामले जनताले परिवर्तन चाहेको देखिएको छ।

**प्र. निर्वाचनमा पहिलोपटक भाग लिएको नागरिक उन्मुक्ति पार्टीले ल्याएको मत परिणामबारे यहाँले कसरी समीक्षा गर्नुभएको छ ?**

-निर्वाचनबाट हाम्रो पार्टीको विचार र मुद्दा अनुमोदन भएको छ। जनताले हाम्रा मुद्दालाई २०७४ देखि नै समर्थन गरिरहेका छन् । हामीलाई न्याय देऊ भनेर तीनपटक हाम्रो पक्षमा मतदान भइसकेको छ । जनताको अदालतबाट त हामीले मुक्ति पाइसकेका छौँ। तर राज्यले त्यसलाई सम्बोधन गरेको छैन । जहाँसम्म परिणामको कुरा छ, हामीले छोटो समयमा सङ्घ र प्रदेशमा गरी १२ सांसद पाउँदैछौ। पाँच निर्वाचन क्षेत्रमा हाम्रो पार्टीका उम्मेदवार दुई सयभन्दा कम र नौ स्थानमा एक हजारभन्दा कम मतले पराजित हुनुभएको छ। स्थानीय तहमा करिब सय जना साथीहरू निर्वाचित भइसक्नुभएको छ।

**प्र. तपाईँको पार्टीलाई प्राप्त मतलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

-टीकापुर घटना राजनीतिक घटना हो । तर पनि हाम्रा साथीहरू जेलमा छन् । कैयौँले मुद्दा खेपिरहनुभएको छ। यस पटक हामीले तीन प्रकारका मतदाताबाट माया पायौँ । टीकापुर घटनाले मन दुःखेका, हाम्रो न्यायका लागि मत राख्नेहरू र नयाँ अपेक्षा राख्ने मतदाताले हामीलाई सहयोग र समर्थन गरी मतदान गर्नुभएको छ।

**प्र. अरूबाट कस्तो प्रतिक्रिया पाइरहनुभएको छ ?**

-मैले पुराना दल तथा नेताबाट व्यक्त विचार हेरिरहेको र सुनिरहेको छु। उहाँहरूले हामीहरूलाई बिलाएर जान्छन्, अस्तित्व छैन, दृष्टिकोण नै नभएका भन्नेखालका लाञ्छना लगाइरहनुभएको छ । तर हामीलाई यस्तो आरोप लगाइरहँदा हाम्रो घोषणापत्र एकपटक अध्ययन गरेर मात्र बोलिदिएको भए हुन्थ्यो भन्ने लाग्छ।

**प्र. मधेश केन्द्रित दल र पूर्वसहकर्मीप्रतिको बुझाइ के छ ?**

-उहाँहरूप्रति खास केही भन्नु छैन । मैले उहाँहरूलाई सडकमा गइदिनुस्, माइकमा मात्रै बोलेर हुँदैन भनेको थिए। तर उहाँहरूले सहानुभूति बटुल्नका लागि मात्रै बोल्नुभयो । यसमा निकै दुःख लागेको छ। त्यहाँका जनताले पनि मतमार्फत उहाँहरूप्रतिको गुनासो व्यक्त गरिसकेका छन्। अर्को चन्द्रकान्त (सिके) राउत मूलधारको राजनीतिमा आउनु स्वागतयोग्य कुरा हो । उहाँको जनमत पार्टी मधेसमा वैकल्पिक शक्तिका रूपमा उदाएको छ। बाँकी त हेर्नु नै छ।

**प्र. निर्वाचनको अन्तिम परिणाम पनि आउने क्रममा छ, सरकार गठनका लागि छलफल पनि भइरहेको छ, यसबीचमा तपाईंसँग कसैको कुराकानी भएको छ ?**

-म आठ वर्षदेखि जेलमा छु। नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) सधैँ सरकारमै छन्। मधेस केन्द्रित दलका नेताहरू पनि कुनै न कुनै रूपमा सरकारमै हुनुहुन्छ। उहाँहरूबाट हेर्न केही बाँकी छैन। कुराकानी भए पनि नतिजा नदेखिएसम्म अर्थ रहन्न।

**प्र. सरकार गठनमा तपाइँहरूको भूमिका के हुन्छ ?**

-हामी सबैसँग सकारात्मक नै छौँ। जबसम्म हाम्रा मुद्दाहरू सम्बोधन हुँदैनन् तबसम्म कुनै विकल्पमा जाँदैनौँ। कुरा प्रस्ट छ, जुन बाटोबाट मलगायत थुप्रै साथीहरू थुनियौँ, मुद्दा खेप्यौँ, त्यसबाट मुक्त गर्नुपर्‍यो।

**प्र. त्यसो भए तपाइँहरूको मुख्य माग के हो त ?**

-हाम्रा माग पुरानै छन्। पटक-पटक उहाँहरूलाई भनिएकै हो। टीकापुर घटना राजनीतिक घटना हो त्यहीअनुसार व्यवहार गरिनुपर्थ्यो, हालसम्म गरिएको छैन। फेरि पनि ती माग जसले सम्बोधन गर्ने प्रतिबद्धता जनाउँछ, उहाँहरूसँग सहकार्य हुन्छ । त्यो भनेको रिहाइ र सम्मानजनक क्षतिपूर्तिको व्यवस्था गरिनु पर्दछ। रासस

## कोलम्बिया पहिरो: तेत्तीस जना पुरिए

**सिन्ह्वा**

बोगटा । कोलाम्बियामा पहिरोमा पुरिएर ३३ जनाको मृत्यु भएको छ भने नौ जनालाई जीवितै उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये चार जनाको अवस्था गम्भीर छ ।

यो साताको प्रारम्भमा राजमार्गमा पहिरो खस्दा यात्रीबाहक बस, मोटरसाइकललगायत सवारी साधन पुरिएका तथा तिनमा यात्रारत तीन जना बालबालिकासहित ३३ जनाको ज्यान गएको आन्तरिक मामिलामन्त्री अल्फोन्सो प्राडाले बताएका छन् ।

पहिराले राजमार्गमा सवारीसाधन पुरेको सूचना पाउनेवित्तिकै देशको जोखिम व्यवस्थापन इकाइ र यातायात मन्त्रालयका कर्मचारीका साथै प्रहरी र सेनालाई उद्धारमा खटाइएको थियो । राजमार्गका केही भागमा पहिरो पन्छाउनुपर्ने भएकाले उद्धार तथा मृतकको खोजी जटिल भएको छ ।

यसैबीच, राष्ट्रपति गुस्ताभो पेट्रोले प्रतिकूल मौसम तथा त्यसबाट उत्पन्न हुने विपद् व्यवस्थापनलगायत कामका निम्ति राष्ट्रिय एकीकृत उद्धार तथा सहायता केन्द्र स्थापना गर्न आदेश दिनुभएको छ ।

# युक्रेनी ड्रोन आक्रमणपछि क्रेमलिनद्वारा ‘घरेलु सुरक्षा’ बारे छलफल

**एएफपी**

मस्को । राष्ट्रपति भ्लादिमिर पुटिनले मङ्गलबार रुसको “घरेलु सुरक्षा“ का विषयमा शीर्ष अधिकारीहरूसँग भेटवार्ता गरेका छन् । पछिल्लो पटक गरिएको युक्रेनी ड्रोन आक्रमणले देशको लागि खतरा खडा गरेको रुसको बुझाइ छ ।

यसअघि मङ्गलबार पनि अधिकारीहरूले युक्रेनको सीमानामा रहेको रुसको कुर्स्क क्षेत्रमा एउटा एयरफिल्ड नजिकै ड्रोनले आक्रमण गरेको थियो । जसको एक दिनपछि मस्कोले कीभलाई अन्य दुई एयरफिल्डमा ड्रोन हमलाको दोष लगाएको थियो।

सोमबारको ड्रोन हमला अत्यन्तै असामान्य थियो किनभने दुबै साइटहरू युक्रेनको सीमाबाट सयौं किलोमिटर भन्दा टाढा छन्।

राष्ट्रपति पुटिनले आफ्नो सुरक्षा परिषद्को बैठक बोलाएर राज्यको “घरेलु सुरक्षा“ कसरी सुनिश्चित गर्ने भनेर छलफल गरेको क्रेमलिनले मङ्गलबार जनाएको छ ।

पत्रकारहरूसँग छुट्टै कुरा गर्दै पुटिनका प्रवक्ता दिमित्री पेस्कोभले अधिकारीहरूले युक्रेनी आक्रमणबाट देशलाई बचाउन “आवश्यक“ उपायहरू अवलम्बन गरिरहेको बताएका छन् ।

“निस्सन्देहरूपमा त्यस्ता आतङ्कवादी कार्यहरू जारी राख्न युक्रेनी शासनद्वारा खुला रूपमा घोषणा गरिएको पछिल्लो



गतिविधि खतराको कारक हो,“ पेस्कोभले ड्रोन आक्रमणको बारेमा सोध्दा पत्रकार हरूलाई बताएका छन् ।

यसअघि मङ्गलबार, कुर्स्कका गभर्नर रोमन स्टारोभोइटले स्थानीय एयरफिल्ड नजिकै ड्रोन आक्रमणको परिणामस्वरुप तेल भण्डारण ट्याङ्कीमा आगो लागेको बताएका थिए। त्यहाँ कुनै हताहती भने भएको थिएन तर त्यसको उद्देश्य भने अझै स्पष्ट भइसकेको छैन।

सोमबार रुसको रक्षा मन्त्रालयले युक्रेनले मध्य रियाजान क्षेत्रको ड्यागिलेभो एयरफिल्ड र साराटोभ क्षेत्रको एंगेल्स एयरफिल्डमा “सोभियत निर्मित ड्रोन“ प्रयोग गरी आक्रमण गर्ने प्रयास गरेको बताएको थियो।

एङ्गेल्स देशको रणनीतिक विमानको आधार हो जुन कीभले युक्रेनमा आक्रमण गर्न प्रयोग गर्ने गरेको बताएको छ।

ती हमलाहरूको परिणाम स्वरूप तीन सैनिक मारिएका छन् र चार जना घाइते भएको मन्त्रालयले बताएको छ। त्यसतै आक्रमणबाट दुईवटा विमानमा पनि सामान्य क्षति पुगेको छ ।

क्रेमलिनले युक्रेनमा मस्कोको आक्रमणको क्रममा आफ्नो मानवीय र भौतिक क्षतिको बारेमा कडा दृष्टिकोण राखेको छ।

# घाँसे मैदान बाङ्गेचौरलाई रङ्गशाला बनाइने

गलकोट । बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे भएर खेलाडीलाई सास्ती भएको बागलुङकै बाङ्गेचौर खेलमैदान अब रङ्गशालामा परिणत हुनेभएको छ ।

बागलुङ नगरपालिकाले बाङ्गेचौर खेल मैदानलाई आधारभूत रङ्गशाला बनाउने गरी समपुरक योजना स्वीकृत गरी ठेक्का प्रक्रियाको तयारी गरिरहेको छ ।

बागलुङ बजारमा रहेको बाङ्गेचौर खेलमैदानलाई रङ्गशाला बनाउने योजना अघिल्लो नगरकार्यपालिकाको भए पनि अझै कार्यान्वयनमा आउन सकेको थिएन । हाल दुई महिनाभित्रै ठेक्का प्रक्रियामा लैजाने गरी वातावरणीय प्रभाव मूल्याङ्कनको काम भइरहेको बागलुङ नगरपालिकाले जनाएको छ।

बागलुङ नगरपालिकाका नगर प्रमुख वसन्तकुमार श्रेष्ठका अनुसार यो वर्ष रङ्गशाला निर्माणमा करिब चार करोड खर्च गरिने र तीन वर्षभित्र पूरा गर्ने गरी बहुवर्षे योजनामा यसलाई समावेश गरिएको छ ।

बागलुङ नगरपालिका र राष्ट्रिय योजना आयोगले छनोट गरेको विशेष योजना अन्तर्गत चालु आवदेखि काम सुरु हुने श्रेष्ठको भनाइ छ । रङ्गशाला निर्माण गर्नका रु आठ करोड २२ लाख खर्च हुनेछ । जसमध्ये सङ्घीय सरकार र नगरपालिकाको ५०/५० प्रतिशत लगानी ब्यहोर्नेछन् ।

रङ्गशालामा तीन हजार दर्शक अट्नेछन् । तत्कालीन खेलकूद विकास समितिका अध्यक्ष धनबहादुर परियारको नेतृत्वमा चार वर्षअघि रङ्गशालाको विस्तृत प्ररियोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको थियो ।

डिपिआर तयारपछि छलफलका क्रममा केही संरचनाहरू थप भएका कारण डिपिआरमा उल्लेख भए भन्दा बढी लागत लाग्ने डिपिआरमा उल्लेख गरिए पनि पछिल्लो समय डिपिआर अनुसार उपल्लो भागमा मध्यपहाडी लोकमार्गले छोएको भाग छोडेर पूर्वबाट मात्रै काम गर्ने गरी ठेक्कामा जान थालेको छ ।

बागलुङ नगरपालिकाका इञ्जिनियर शोविन घर्तीका अनुसार डिपिआरमा भएका कमी कमजोरीलाई मिलाइसकेको र अहिले वातावरणीय प्रभाव मुल्याङ्कनको काम भइरहेको बताउनुभयो । हाल वातवरणीय प्रभाव मूल्याङ्कनको काम भएको बताउँदै दुई महिनाभित्र ठेक्कामा जाने उहाँको भनाइ छ ।

घर्तीका अनुसार अहिले खेलमैदानको पूर्वतर्फ प्याराफिटलगायतको संरचना निर्माण सुरु गरिनेछ । राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको मध्यपहाडी पुष्पलाल लोकमार्गसँगै जोडिएको खेलमैदान सडकको मापदण्ड छोडेर अथवा सडकलाई भूमिगत गरेर मात्रै पश्चिम क्षेत्रका संरचना बनाइनेछ । खैल मैदान, प्याराफिट, शौचालय, पार्किङ लगायतका संरचना बनेपछि खेलकुदका गतिविधि गर्न निकै सहज हुनेछ जिल्ला फुटबल सङ्घसघका कोषध्यक्ष सूर्य लामिछानेले बताउनुभयो ।

यसवर्ष खेल मैदानका लागि नगरपालिकाको रु. एक करोड ७१ लाख र सङ्घीय सरकारको एक करोड ७१ लाख गरी रु तीन करोड ४२ लाख रकम खर्च हुनेछ । रङ्गशाला ३५ रोपनी जग्गामा निर्माण गर्न थालिएको छ ।रासस

# कम्बोडियालाई एडिबीको पाँच करोड डलर ऋण

**सिन्ह्वा**

नोमपेन । मनिलास्थित एसियाली विकास ब्याङ्क (एडीबी) ले कम्बोडिया सरकारलाई देशको अर्थतन्त्रलाई विविधीकरण गर्न तथा विश्वव्यापी प्रतिस्पर्धात्मक क्षमता बढाउन पाँच करोड अमेरिकी डलर ऋण प्रदान गर्ने भएको छ ।

महामारीपछिको आर्थिक पुनरुत्थानलाई प्रवर्द्धन गर्न ब्याङ्कले उक्त रकम ऋणस्वरुप प्रदान गर्ने निर्णय गरेको हो । कम्बोडियाको आर्थिक पुनरुत्थानमा सघाउन, लगानी तथा व्यापारिक वातावरण वृद्धि गर्न,लघु,मध्यम र साना उद्यमको विकासमा टेवा दिन, व्यापार नीति एवम् व्यापार सहजीकरणमा सुधार गर्न ऋण उपलव्ध गराउने निर्णय भएको ब्याङ्कले एक विज्ञप्ति निकालेर आज जनाएको हो ।

कोरोना महामारीले कम्बोडियाली अर्थतन्त्रका प्रमुख क्षेत्र गार्मेन्ट, जुत्ता, कपडा उत्पादन,




पर्यटन र निर्माण क्षेत्रमा गम्भीर असर पारेको एडिबीका वरिष्ठ अर्थशास्त्री सायन एल मोर्टनले बताएका छन् । ऋण सहायताबाट कम्बोडियाको आन्तरिक एवम् बाह्य व्यापार प्रवर्द्धनका निम्ति अनुकूलन वातावरण बनाउन मद्दत पुग्ने,लघु,मध्यम र साना उद्यमको विकास र विविधीकरण, वित्तमा उनीहरूको पहुँच सुधार तथा उत्पादनहरूका निम्ति नयाँ बजारहरू सृजनामा योगदान पुग्ने विश्वास व्यक्त गरेका छन् ।

सहुलियतपूर्ण उक्त ऋण सहयोगले कम्बोडियालाई क्षेत्रीय व्यापार सम्झौता कार्यान्वयनमा सुधार तथा औद्योगिक उत्पादन निर्यात गर्न थप अवसर प्रदान गर्नका साथै व्यापार सहजीकरण एवम् समन्वयलाई सहज बनाउन मद्दत गर्ने अपेक्षा ब्याङ्कले गरेको उनले बताएका छन् ।रासस

# नेयमारबाट बिरामी पेलेलाई स्वास्थ्यलाभको कामना

**सिन्ह्वा**

दोहा । ब्राजिलका विख्यात फरवार्ड नेयमार डा सिल्भा सन्टोस जुनियरले यहाँ जारी अन्तर्राष्ट्रिय फुटबल महासङ्घ (फिफा) विश्वकप फुटबल प्रतियोगितामा प्रतिद्वन्द्वी दक्षिणकोरियालाई ४-१ गोलले पराजित गर्दै विश्वकपको क्वार्टरफाइनलमा प्रवेश गरेपछि फुटबलका महान् खेलाडी पेलेको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् ।

ब्राजिलका लागि तीन पटक विश्वकप जितेका पेले श्वासप्रश्वासको सङ्क्रमणबाट मुक्त भएपनि अर्बुद रोगको उपचारका क्रममा हाल अस्पतालमा छन् । सोमबार साँझको खेलसकिएपछि ब्राजिलका खेलाडीले ८२ वर्षीय वृद्ध पेलेको तस्बिरसहितको ब्यानर बोकेर फोटो पत्रकारलाई पोज दिएका थिए । फोटो खिचाउँदै नेयमारले भने-‘पेलेलाई के भइरहेको छ, भन्न कठिन छ, हामी उहाँको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं, हामीलाई विश्वास छ हाम्रो यो विजयबाट उहाँलाई सहज महसुस हुनेछ ।’

साथै खेलाडी नेयमारले आफूलाई गोलीगाँठाको समस्या नभएको, आफ्नो उपचारमा संलग्न चिकित्सकहरूप्रति आभार व्यक्त गर्दै अर्को प्रतियोगिताका निम्ति आफू तत्पर रहेको बताए ।

आफ्ना ब्राजिली तथा अन्य प्रशंसकहरूलाई आश्वस्त पार्दै उनले खेलमा अझ सुधार गर्ने प्रतिबद्धता व्यक्त गरे । ब्राजिलको जितसँगै उनका प्रशंसक एवम् समर्थकले ब्राजिललाई बधाई दिँदै हर्षोल्लासका साथ अद्भूत उत्सव मनाएका थिए ।

# ब्राजिल क्वार्टरफाइनलमा

काठमाण्डु । ब्राजिल फिफा विश्वकप फुटबल २०२२ को क्वार्टरफाइनलमा प्रवेश गरेको छ ।

कतारमा गए राति भएको



प्रि-क्वार्टरफाइनल खेलमा ब्राजिलले दक्षिण कोरियालाई ४-१ गोलअन्तरले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरेको हो ।

ब्राजिलका लागि खेलको ७औँ मिनेटमा भिनी जुनियरले गोल गर्दै अग्रता दिलाए भने खेलको १३औँ मिनेटमा पेनाल्टीमार्फत गोल गर्दै नेयमारले अग्रता दोब्बर बनाए । त्यस्तै खेलको २९औँ मिनेटमा रिचार्लिसन र ३६औँ मिनेटमा लुकास पाक्वेटाले गोल गरेपछि ब्राजिलले पहिलो हाफमा खेलमा ४-० ले अग्रता लियो ।

खेलको ७६औँ मिनेटमा पाइक सेउङले दक्षिण कोरियाका लागि सान्त्वना गोल गरे । त्यसपछि खेलमा कुनै गोल भएन र ब्राजिलले खेल ४-१ गोल अन्तरले आफ्नो पक्षमा पाऱ्यो ।

यसअघि आजै राति भएको अर्को खेलमा क्रोएसियाले जापानलाई टाइब्रेकरमा पराजित गर्दै क्वार्टरफाइनलमा पुगेको छ । ब्राजिलले क्वार्टरफाइनलमा क्रोएसियासँग खेल्नेछ । रासस

# क्रोएसिया क्वार्टरफाइनलमा

काठमाण्डु । क्रोएसिया फिफा विश्वकप फुटबल २०२२ को क्वार्टरफाइनलमा पुगेको छ । गए राति कतारको अल जनौब रङ्गशालामा भएको प्रि-क्वार्टरफाइनल खेलमा जापानलाई टाइब्रेकरमा पराजित गर्दै क्रोएसिया क्वार्टरफाइनलमा पुगेको हो ।

खेलको ४३औं मिनेटमा जापानका लागि डेइजेन मेइदाले गोल गर्दै अग्रता दिलाए पनि खेलको ५५औं मिनेटमा क्रोएसियाका लागि इभान पेसिसिकले गोल गर्दै खेल बराबरीमा ल्याएका थिए ।

त्यसपछि निर्धारित ९० मिनेटमा दुवै टोलीले गोल गर्न नसकेपछि खेल अतिरिक्त समयमा पुग्यो । अतिरिक्त समयमा पनि दुवै टोलीबाट कुनै गोल नभएपछि खेलको टुङ्गो टाइब्रेकरमा पुगेको



थियो । टाइब्रेकरमा क्रोएसिया विजयी भयो । क्रोएसियाका गोलरक्षकडोमिनिकलिभाकोभिचले टाइब्रेकरमा जापानका तीन पेनाल्टी असफल बनाएका थिए ।

जापानका लागि ताकुमी मिनामिनो, काअरु मितोमाको र माया याशिदाले प्रहार गरेका पेनाल्टी क्रोएसियाका लिभाकोभिचले विफल पारिदिएका थिए भने ताकुमा असानोको प्रहार भने सफल भएको थियो ।

क्रोएसियाका जीतमा निकोला भ्लासिच, मार्सेलो ब्रोजोभिच र मारियो पासालिचले पेनाल्टीमार्फत गोल गरेका थिए । क्रोएसियाका मार्का लिभाजाको प्रहार भने पोस्टमा लागेर फर्किएको थियो । क्रोएसियाले क्वाटरफाइनमा ब्राजिलसँग खेल्नेछ ।रासस

# सैनिक कारबाहीमा पाँच जना आतङ्ककारीको मृत्यु

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानको उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तमा गुप्तचर सूचनामा आधारित सैन्य कारबाहीमा पाँच जना आतङ्ककारी मारिएका छन् ।

पाकिस्तानी सेनाको सञ्चार इकाइका अनुसार खैबर पख्तुनख्वा प्रान्तको उत्तरी वजिरिस्तानस्थित झल्लार जिल्लाको अल्गाद क्षेत्रमा गरिएको कारबाहीमा एक जना सैनिक जवानको पनि मृत्यु भएको छ । कारबाहीका क्रममा सुरक्षा बल र आतङ्ककारीबीच भीषण गोली हानाहान भएको थियो ।

मारिएका आतङ्कीबाट हतियार र गोलाबारुद बरामद गरिएको छ । उनीहरूले सुरक्षा बलविरुद्ध आतङ्ककारी गतिविधि गरेका तथा निर्दोष नागरिकलाई आक्रमणको निशाना बनाउँदै आएका थिए । उक्त क्षेत्रमा सैन्य कारबाही जारी छ ।

# गत साता लिबियाको तटबाट छ सय ३३ आप्रवासीको उद्धार: आईओएम

**सिन्ह्वा**

त्रिपोली । आप्रवासीका लागि अन्तर्राष्ट्रिय संगठन (आईओएम) ले सोमबार लिबियाको तटबाट ६३३ आप्रवासीहरूलाई उद्धार गरी गत हप्ता उत्तर अफ्रिकी देशमा फिर्ता पठाइएको जनाएको छ ।

यहि २०२२ नोभेम्बर २७ देखि डिसेम्बर ३ को अवधिमा ६३३ आप्रवासीहरूलाई रोकेर लिबिया फर्काइएको आईओएमले एक विज्ञप्तिमार्फत जनाएको हो । सन् २०२२ को शुरुबाट हालसम्म एक हजार ८९ महिला र छ सय ७८ बालबालिकासहित कुल २१ हजार चार सय ५७ आप्रवासीलाई उद्धार गरी लिबिया फर्काइएको आईओएमले जनाएको छ ।

यसवर्ष अहिलेसम्म कूल पाँच सय १७ गैरकानूनी आप्रवासीको मृत्यु भएको छ भने आठ सय ३० जना मध्य भूमध्यसागरीय मार्गमा लिबियाको तटबाट बेपत्ता भएका आईओएमले थप जानकारी दिएको छ । सन् २०२१ मा कुल ३२ हजार चार सय २५ गैरकानूनी आप्रवासीहरूलाई उद्धार गरी लिबिया फर्काइयो । सन् २०११ मा दिवंगत नेता मुअम्मर गद्दाफीको पतनपछि लिबियाले असुरक्षा र अराजकताको सामना गरिरहेको छ ।

यस उत्तर अफ्रिकी देशलाई भूमध्यसागर पारगरी युरोपेली किनारमा जान चाहने अनियमित आप्रवासीहरूको लागि प्रस्थानको एक केन्द्रबिन्दु बनाएको छ ।

# अन्तर विद्यालय खेलकुद प्रतियोगिता सुरु

नवलपरासी । पश्चिम नवलपरासीको प्रतापपुर गाउँपालिकामा पालिकास्तरीय खेल सुरु भएको छ । मङ्गलबार गाउँपालिकाले एक कार्यक्रमबीच खेलको उद्घाटन गर्दै चौथो पालिकास्तरीय खेल सुरु गरेको हो ।

यो प्रतियोगिता धेरै पहिलादेखि विद्यालय स्रोत केन्द्रको पहलमा हुँदै आएको थियो तर अब स्थानीय सरकार आइसकेपछि पालिकाले आफ्नै आयोजनामा खेल गराउँदै आएको छ । यस प्रतियोगितामा आधारभूतरप्रावितर्फकाविद्यालयले सहभागिता जनाएका छन् । आधार भूततर्फ सरकारी निजी गरी २९ विद्यालयले सहभागिता जनाएका छन् । प्रावितर्फ २२ विद्यालय रहेका छन् । प्रतियोगितामा क्रमशः एक सय, दुई सय गरी एक हजार पाँच सय मिटरसम्मको दौड रहेको छ । शटफुट, थ्रो, लङ्ग जम्प, हाई जम्प, ट्रिपल जम्प ज्याभलिन थ्रो र बैडमिन्टल खेल रहेको आयोजकले जनाएको छ ।

प्रतापपुर गाउँपालिका अध्यक्ष उमेशचन्द्र यादवले स्वस्थ रहन खेल आवश्यक भएको बताउनुभयो । ‘खेलले एउटा छुट्टै पहिचान बोकेको छ जसबाट व्यक्तिगत र समाजिक क्षेत्रको पनि विकास हुन्छ’, उहाँले भन्नुभयो । यस्ता खेललाई पालिका सधैँ आफ्नो प्राथमिकतामा राखेर अगाडि बढने उहाँले आश्वासन दिनुभयो ।

त्रिभुवन मावि बेलाटारीमा सुरु भएको खेल प्रतियोगितमा विद्यालयले एउटा फरक अभ्यास पनि प्रस्तुत गरेको छ । सो विद्यालय मै सिटिइभिटीको अध्यापन पनि गराइन्छ । उक्त क्षेत्रमा अध्ययन गर्ने विद्यार्थीहरूले विज्ञान प्रविधिको पनि प्रदर्शनी गरेका थिए ।

उनीहरूले मोबाइलबाटै कन्ट्रोल गर्न सक्ने बत्ती, घरको गेट, पत्त ालगायतका प्रविधि प्रस्तुत गरेका हुन् । बिजुली कसरी उत्पादन हुने र हाम्रो घरसम्म कसरी पुऱ्याइन्छ त्यसको बारेमा प्रदर्शनीमा देखाएका थिए ।रासस

# ‘सहुलियतपूर्ण वित्तीय सहयोगका निम्ति श्रीलङ्का योग्य छ’

**सिन्ह्वा**

कोलम्बो । विश्व ब्याङ्कले अन्तर्राष्ट्रिय विकास सङ्घ (आइडीए)बाट सहुलियतपूर्ण वित्तीय सहयोग प्राप्त गर्न श्रीलङ्काको योग्यता पुगेको बताएको छ । अतिकमजोर आर्थिक परिस्थितिको सामना गरिरहेको टापु राष्ट्रले अवलम्बन गरेका सुधारका कार्यक्रमलाई दृष्टिगत गरी कोलम्बोलाई सहयोगको सूचीमा समावेश गरेको हो ।

देशको अर्थतन्त्रलाई स्थिर बनाउन तथा जीविकोपार्जनको रक्षाका निम्ति आइडीएको सहुलियतपूर्ण वित्तीय सहायता प्राप्तिमा श्रीलङ्काको योग्यतालाई विश्व ब्याङ्कले स्वीकार गरेको राष्ट्रपतिको सञ्चार विभागले जनाएको छ । लामो समयदेखि श्रीलङ्का सरकारले अन्तर्राष्ट्रिय सहायताका निम्ति अनुरोध गर्दै आएको थियो ।

देशको अर्थव्यवस्थालाई स्थित तुल्याउन, गरिबी तथा भोकमरीको सामना गरिरहेका लाखौँको जीविकाको रक्षाका साथै आर्थिक सुधारका कार्यक्रम कार्यान्वयन गर्न आइडीएबाट सहुलियत ब्याज दरमा वित्तीय सहयोगको प्रस्ताव प्राप्त भएको हो । देशको अर्थतन्त्र सुधार्न सरकारले कार्यान्वयन गर्ने कार्यक्रमलाई आइडीएमार्फत विश्व ब्याङ्कले प्राविधिक सहयोगका साथै नीतिगत सुझाव र सहुलियतपूर्ण ऋण उपलव्ध गराउनेछ ।

# बम विस्फोटमा सात कर्मचारी मारिए

**सिन्ह्वा**

अफगानिस्तान । अफगानिस्तानको उत्तरी भागमा पर्ने बाल्ख प्रान्तको राजधानी मजार-ए-शरीफमा मङ्गलबार सरकारी कर्मचारी चढेको एक बसमा विस्फोट हुँदा सात कर्मचारीको मृत्यु भएको छ भने अन्य छ जना घाइते भएका छन् ।

प्रान्तीय प्रहरी प्रवक्ता मोहम्मद आसिफ वाजिरीका अनुसार सीमावर्ती शहर हिरातनको पेट्रोलियम निर्देशनालयका कर्मचारी चढेको बसले सडक किनारमा राखिएको बम कुल्चँदा उक्त हताहति भएको हो ।

यसैबीच, नाम उल्लेख गर्न नचाहने एकजना प्रत्यक्षदर्शीले मृतकको सङ्ख्या पुष्टि गरिएको भन्दा बढी हुन सक्ने बताएका छन् । विष्फोटको जिम्मेवारी कुनै समूह वा व्यक्तिले लिएको छैन ।

# 'अर्थतन्त्र जोगाऔँ' अभियान लिएर शीर्ष नेतालाई भेट्दै महासङ्घ

काठमाण्डु । मुलुकको अर्थतन्त्रका समस्या बढ्दै गएको र निजी क्षेत्र धराशायी हुने अवस्थामा पुगेको भन्दै नेपाल उद्योग वाणिज्य महासङ्घले प्रमुख राजनीतिक दलका शीर्षस्थ नेताहरुलाई भेटेको छ ।

अहिले अर्थतन्त्रमा बहुआयामिक असर देखिएको र यसलाई तत्काल नियामकीय ढङ्गले सम्हाल्न आवश्यक रहेको भन्दै महासङ्घले 'अर्थतन्त्र जोगाऔँ' अभियान चलाइरहेको छ । यही अभियानअन्तर्गत शीर्ष नेतालाई भेटेर समस्या समाधानका लागि पहल गर्न आग्रह गरिरहेको महासङ्घले जनाएको छ ।

प्रधानमन्त्री एवं नेपाली काँग्रेस सभापति शेरबहादुर देउवासँगको भेटबारे महासङ्घले मङ्गलबार जारी गरेको विज्ञप्तिमा 'मुलुकको अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि आवश्यक पहल गर्ने आश्वासन प्रधानमन्त्रीले दिनुभएको' उल्लेख छ । प्रधानमन्त्री देउवाले अर्थमन्त्रालय र नेपाल राष्ट्र बैंकसँग छलफल गरी समाधान निकाल्ने बताउनुभएको विज्ञप्तिमा जनाइएको छ ।

शीर्ष नेतृत्वसँग भेटघाटको क्रममा महासङ्घका प्रतिनिधिमण्डलले यसअघि आइतबार नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली र नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग छुट्टाछुट्टै भेटघाट गरेको थियो । ओली र दाहालसँगको भेटका क्रममा पनि मुलुकको अर्थतन्त्र जोखिम उन्मुख रहेकाले जोगाउन आग्रह गरेको महासङ्घले जनाएको छ ।

त्यस्तै, गत शुक्रबार अर्थमन्त्री जनार्दन शर्मासँग भेट गरेको महासङ्घ प्रतिनिधिमण्डलले सोमबार अपराह्न उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूको पनि ध्यानाकर्षण गराएको जनाएको छ । प्रधानमन्त्रीसहित शीर्ष नेतासँगको भेटका क्रममा अहिले अर्थतन्त्रमा बहुआयामिक असर परेको र चालु आर्थिक वर्षको मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षाले समेत विद्यमान समस्या सम्बोधन गर्न नसकेको उल्लेख गरेको महासङ्घको विज्ञप्तिमा उल्लेख छ ।

मूल्यवृद्धि, उच्च ब्याजदर, अन्तर्राष्ट्रिय आर्थिक असहजता, आकाशिएको इन्धन एवं कच्चा पदार्थको मूल्यलगायत मसस्या जटिल बन्दै गएको महासङ्घको भनाइ छ । नेपाल राष्ट्र बैंकले मौद्रिक उपकरणको परिचालनबाट ब्याजदरमा स्थिरताका लागि पहल गर्नुपर्ने, तरलता अभाव समस्या व्यवस्थापन गर्नुपर्ने, चालु पुँजी मार्गदर्शन तत्काल कार्यान्वयन गर्न नहुने, बैंक वित्तीय संस्थाको अनिवार्य नगद अनुपात (सीआरआर)लाई एक प्रतिशत बिन्दुले घटाउनुपर्ने, पुनरकर्जा सुविधालाई निरन्तरता दिनुपर्नेलगायत माग महासङ्घले लामो समयदेखि उठाइरहेको छ ।

त्यस्तै, स्थानीय तहमा जाने रकमलाई निश्चित अवधिका लागि निक्षेपमा शतप्रतिशत गणना गर्न पाउनुपर्ने, पुँजीगत खर्च बढाउनुपर्ने, सरकारको बजेट वक्तव्यमा उल्लेख भएको उत्पादनमूलक उद्योगलाई अन्य व्यवसायभन्दा कम ब्याजदरमा कर्जा प्रवाह गरिने व्यवस्थालाई कार्यविधि बनाई तत्काल लागू गरिनुपर्ने पनि निजी क्षेत्रको माग छ ।

वैदेशिक लगानी आकर्षित गर्नका लागि बजेटमा उल्लेखित स्वचालित प्रक्रिया कार्यान्वयन गर्न तत्काल कार्यविधि तयार पार्नुपर्ने, नेपालको सार्वभौम साख मूल्याङ्कन (सोभरेन कन्ट्री रेटिङ) गरिनुपर्ने र निजी क्षेत्र तथा बैंकले विदेशबाट ऋण लिनको लागि सहजीकरण एवं प्रोत्साहन गरिनुपर्ने पनि निजी क्षेत्रको माग छ ।रासस

# चिया पनि 'चक्लेटी' स्वादमा



मङ्गलबारे । हामीले चियालाई कसरी बुझेका छौँ ? कतिले चियालाई दूध लगाएको र दूध नलगाएको चिया भनेर मात्र बुझेका हुनसक्छौँ । केहीले दूध नलगाएको चियामा कागतीसहितको चियासमेत बुझेका हुनसक्छौँ तर चियाका धेरै स्वाद छन् । चियाबाट अनेक स्वाद लिन सकिने चियाका पारखी तथा चिया उद्योगीको भनाइ छ । इलाममा उत्पादन भएको चिया स्वादिष्ट भएकै कारण विदेशसमेत निर्यात भइरहेको छ ।

स्वाद र सन्तुष्टिका लागि लिइने चिया अधिकांश नेपालीले बिहान उठ्ने बित्तिकै पिउने गरेको पाइन्छ । साथै अतिथि सत्कार तथा पाहुनालाई समेत घरमा आउँदा चियाले नै स्वागत गर्ने गरिएको छ । त्यस्तै पाहुना लाग्न बाहिर जाँदा कोसेलीसमेत चिया नै बोकेर जाने चलन छ ।

पछिल्लो समय चियाको स्वादसँगै मूल्यसमेत निकै महँगोसमेत हुँदै गएको छ । सरदर रु चार सयदेखि ४० हजारसम्म प्रतिकिलो चिया बिक्री वितरण हुने गरेको किसान तथा उद्योगीको भनाइ छ । हाते चिया बजारमा सस्तो मूल्यमा बिक्री वितरण हुन्छ । हाते चिया किसानले घरमा नै बनाउने गरेका छन् । यो चिया विशेष गरेर दूधसँग मिसाएर पिउने गरिन्छ तर ग्रीन टी, ब्ल्याक टी, सिल्भर टीलगायतका उत्पादन उद्योगबाट मात्र हुने गरेको छ । विदेशमा समेत राम्रो मूल्यमा निर्यात हुने यी चिया मेसिनबाट मात्र बनाउन सम्भव छ ।

इलाम देउमाईका किसान तथा उद्योगी बबिन श्रेष्ठले नयाँअर्थात् चक्लेटी चिया निर्माण गर्दै आउनुभएको छ । उहाँले चियालाई केही फरक स्वादमा निकाल्ने कोसिस गरेको बताउनुभयो । यो चिया विशेषगरी भुटिएको वा खारिएको चियाजस्तै लाग्छ तर प्रशोधन गरिएको चियाको नयाँ स्वाद भएकाले उहाँ आफैँले चक्लेटी चिया नाम दिनुभएको छ ।

अन्य चियाभन्दा केही फरक गरी बनाइएको चियालाई चक्लेटी चिया नाम दिइएको उहाँको भनाइ छ । देउमाई नगरपालिका-४ मा रहेको हिमशिखर चिया प्रशोधन उद्योगमार्फत उहाँले चक्लेटी चिया उत्पादन गर्दै आउनुभएको छ । विशेष गरेर सो उद्योगमा उत्पादन भएको चिया रसिया जाने गरेको छ । करिब रु चार हजार प्रतिकिलो उद्योगमा नै आएर सो देशका व्यापारी तथा नागरिकले चिया लैजाने गरेको उद्योगी श्रेष्ठको भनाइ छ । उहाँले केही वर्ष अघिदेखि सो उद्योगमा उक्त चिया प्रशोधन गर्दै आउनुभएको छ ।

स्वादमा फरक भएका कारण पनि चिया पारखीले यसलाई मन पराउने गरेको उहाँले बताउनुभयो । यो चिया कोरोनाकालको लकडाउन समयमा बाहेक सधैँ रसिया नै जाने गरेको छ । नेपालमा खासै बेच्न नपरेको उहाँ बताउनुहुन्छ । रसियाका लागि व्यापारी तथा चिया पारखी आफैँ आएर लजाने हुँदा मागअनुसार मात्रसमेत बनाइने गरेको छ । यो पनि सिल्भर र गोल्ड गरेर दुई प्रकारका चिया पाइन्छ ।

हुन त ग्रीन टी पनि सिल्भर र गोल्डेन गरेर दुई प्रकारका स्वादमा पाइन्छ तर यो चिया विदेशी प्रायः सबै देशका नागरिकले मन पराउने गरेको उहाँको भनाइ छ । इलाममा चियाका धेरै परिकार निर्माण हुन्छन् । 'येल्लो टी', 'ह्वाइट टी', 'सिल्भर टी', 'ग्रिन टी', 'स्पेशल ग्रिन' र यिनमा पनि सिल्भर र गोल्ड गरेर चिया निर्माण हुन्छन् । यी चियाको स्वादसँगै मूल्यसमेत फरक पर्ने गरेको छ ।

सामान्य चिया बेच्न भारतकै भर पर्नुपर्ने समस्या छ तर विशेष प्रकारको चिया खरिदमा विभिन्न मुलुकबाट व्यापारी आउने गरेका छन् । राम्रो मूल्यसहित राम्रो चिया तेस्रो मुलुक निर्यात भइरहेको छ । नेपालको चिया निर्यातका लागि आफ्नै लोगोसमेत छ तर साना उद्योगले लोगो पहुँचवालाको लागि मात्र भएको दुःखेसो गर्दै आएका छन् ।

नेपालमा चियाखेतीको इतिहास निकै पुरानै छ । नेपालमा चियाखेती हुन थालेको डेढ शताब्दी भइसकेको छ । विसं १९२० मा कर्णेल गजराजसिंह थापाले चीनबाट उपहारस्वरूप प्राप्त चियाको बिरुवा इलाममा रोपेपछि नेपालमा चियाखेतीको सुरुआत भएको मानिन्छ ।

त्यस अगाडि चिया रोपण भएको कुनै जानकारी छैन । कर्णेल थापा जङ्गबहादुर राणाका ज्वाइँ हुनुहुन्थ्यो । उच्च ओहदाका चिनियाँ व्यक्तिबाट उपहार प्राप्त भएको चियाको बिरुवा जङ्गबहादुरको आदेशमा इलामका तत्कालीन बडाहाकिम तथा कर्णेल गजराजलाई भएपछि सो चिया रोपिएको बताइएको छ । नेपालमा सोपश्चात् चियाखेतीको औपचारिक सुरुआत भएको मानिन्छ ।

थापाले विसं १९२० मा इलाम चिया कमानमा प्राप्त बिरुवा रोप्नुभएको बताइन्छ । त्यसको दुई वर्षपछि झापाको फाँटमा सोक्तिम चिया कमानको स्थापनाबाट नेपालमा चियाखेती क्रमशः विस्तार हुँदै गएको हो । नजिकै रहेको दार्जिलिङमा पनि सोही समयमा चिया रोप्न थालिएको थियो । भारतको दार्जिलिङ र नेपालमा सो बेलाको प्रविधि साटासाट गर्दै धमाधम चिया लगाउन थालियो । भारतमा चियाखेती फस्टाइरहँदा नेपालमा भने जहानियाँ राणाशासनका अगाडि चिया खेती फस्टाउन नपाएको जानकार बताउँछन् तर त्यही समयमा भारतको दार्जिलिङमा चिया खेती व्यापक हुँदै गएको बताइन्छ । पछि दार्जिलिङको चिया ब्राण्ड नै स्थापित गर्दै अघि बढ्यो तर नेपालमा भने निकै पछि अर्थात् केही वर्षअघि मात्र निर्यातका लागि लोगो प्राप्त भयो ।

विसं २०५७ मा सरकारले राष्ट्रिय चिया नीति ल्यायो । सरकारले चिया प्रवर्द्धनका लागि बनाएको चिया तथा कफी विकास बोर्डले समेत प्रभावकारी काम गर्न नसकेको बताइन्छ ।

चियाको विश्व बजारमा ठूलो माग हुँदा पनि नेपालले अपेक्षित लाभ लिन सकिरहेको छैन । विश्व बजारमा चार करोड किलोग्रामभन्दा बढी चियाको माग छ । करिब ९० लाख किलोग्राम चिया दार्जिलिङले उत्पादन र माग पूरा गरिरहेको छ । नेपालबाट करिब ३० लाख किलोग्राम मात्रै उत्पादन हुने गरेको आँकडा छ । नेपालको भौगोलिक अवस्था र वातावरण चिया खेतीका लागि उपयुक्त भए पनि नेपालले चियाखेतीबाट खासै लाभ लिन सकेको छैन ।

तत्कालीन राजा वीरेन्द्रले विसं २०३९ मा झापा, इलाम, पाँचथर, धनकुटा र तेह्रथुम जिल्लालाई चिया क्षेत्र घोषणा गर्नुभएको थियो । हाल नेपालको पूर्वी जिल्लाबाहेक ललितपुर, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, कास्की, लमजुङलगायतका जिल्लामा समेत केही मात्रामा चिया लगाइएको तथ्याङ्कमा उल्लेख छ । तथ्याङ्कअनुसार एक करोड ८२ लाख केजी सिटिसी तथा ४९ लाख किलो अर्थोडक्स चियाको उत्पादन भइरहेको छ । त्यसक्षेत्रमा सञ्चालित टि स्टेट तथा प्रशोधन केन्द्रले चिया उद्योगले करिब ५८ हजारलाई प्रत्यक्ष रोजगारी दिएको छ ।

गत आर्थिक वर्षमा रु दुई अर्ब ६८ लाख बराबरको ११ हजार एक सय ४२ मेट्रिक टन चिया निर्यात भएको थियो । यहाँको अर्ग्यानिक चिया विश्व बजारमा लोकप्रिय मानिन्छ । चिया क्षेत्रलाई व्यवस्थित गर्न सरकारले किसान प्रोत्साहन कार्यक्रम ल्याउनुपर्ने चिया किसानको माग छ । चिया क्षेत्रमा अझै पनि निकै समस्या छन् तर समाधानमा कसैले चासो नराखेको यहाँका किसान तथा उद्योगीको भनाइ छ ।रासस

# राष्ट्रिय लोकमार्गमा 'हाइड्रोपावर' निर्माण

ढोरपाटन । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको बागलुङ-बुर्तिबाङ खण्डअन्तर्गत गलकोटको मनेवापाटामा सडक अतिक्रमण गरेर स्थानीयवासीले हाइड्रोपावर निर्माण गरिरहेका छन् । लोकमार्गको गलकोट नगरपालिका-११ मा पर्ने मनेवापाटामा करिब डेढ किलोमिटर सडकमा दरमखोला हाइड्रोपावर प्रालिले सडक अतिक्रमण गरी पाइप बिच्छ्याइएको छ ।

सडकको कुनापट्टि पाइप बिछ्याउँदा सडक साँघुरो बनेर दुर्घटनाको जोखिम बढेको जनाइएको छ । हाइड्रोपावर निर्माण कम्पनीले सवारी आवतजावत नै ठप्प बनाएर सडकमा पाइप बिछ्याउने गरेको गाडी चालकहरूको भनाइ छ । लोकमार्ग कार्यालयसँग मापदण्ड बनाएर हाइड्रोपावर निर्माण गर्ने सम्झौता भए पनि निर्माण कम्पनीले मापदण्डविपरीत काम गरेको पाइएको छ ।

मध्यपहाडी लोकमार्ग कार्यालय पर्वतका प्रमुख नारायणदत्त भण्डारी भन्नुहुन्छ, "सम्झौताअनुसार काम गर्न चार पटकसम्म पत्रचार गर्‍यौँ, तर उहाँहरूले हाम्रो पत्रको कुनै जवाफ दिनुभएको छैन, हामीहरूले सम्झौताविपरीतको काम रोकेर मापदण्डअनुसार काम गर्न पटक-पटक भन्यौँ, जिल्ला प्रशासनलाई पनि यो रोक्न पत्र पठाएका छौँ, कतिपय ठाउँमा मापदण्डअनुसार भएको छ भने भैरै ठाउँमा विपरीत छ ।"

हाइड्रोपावर प्रालिले लोकमार्गको पत्रचारलाई बेवास्ता गरी मापदण्डविपरीत काम धमाधम गरिरहेको छ । भण्डारीले हाइड्रोपावरको काम गर्नका लागि एउटा नक्सासमेत तयार पारेको भन्दै त्यसअनुसार नभए निर्माण भएका संरचना भत्काउन आफूहरू बाध्य हुने बताउनुहुन्छ ।

"म फिल्डमै गएर किन यस्तो भयो भनेर बुझ्न खोजेँ, बुझ्न बोलाए तर उहाँहरू आउनुभएन, यदि निर्माण कम्पनीले सम्झौताविपरीत काम गरिरह्यो भने, त्यो भत्काउनेसम्म हाम्रो अधिकार रहन्छ, उहाँहरूलाई सम्झौताअनुसार गर्ने स्थितिमै ल्याउँछौँ, एउटा नक्सासमेत तयार भएको छ, त्यो नक्साअनुसार पनि भएन भने हामी भत्काउँछौँ ।"

सात मिटर चौडाइ रहेको दुई लेनको सडकमा कुना भागबाट पाइप बिछ्याउँदा पाँच मिटर पनि पुग्दैन । हाइड्रोपावरको पाइपले कुनापट्टिको नालीसमेत पुरेको छ । हाइड्रोपावर प्रालिले पाइप बिछ्याएपछि सडक निकै साँघुरो भएको भण्डारी बताउनुहुन्छ । मध्यपहाडी लोकमार्ग मिचेर हाइड्रोपावर बनाउँदा सडक दुर्घटनाको जोखिमसमेत बढेको उहाँको भनाइ छ ।

> **सात मिटर चौडाइ रहेको दुई लेनको सडकमा कुना भागबाट पाइप बिछ्याउँदा पाँच मिटर पनि पुग्दैन । हाइड्रोपावरको पाइपले कुनापट्टिको नालीसमेत पुरेको छ । हाइड्रोपावर प्रालिले पाइप बिछ्याएपछि सडक निकै साँघुरो भएको भण्डारी बताउनुहुन्छ । मध्यपहाडी लोकमार्ग मिचेर हाइड्रोपावर बनाउँदा सडक दुर्घटनाको जोखिमसमेत बढेको उहाँको भनाइ छ ।**

दरमखोला हाइड्रोपावर प्रालिका प्रमुख नीरज पुनले सडक विभागको अनुमति लिएर काम अगाडि बढाएको बताउनुभयो । उहाँ आफूहरूले सम्झौताविपरीत काम नगरेको दाबी गर्नुहुन्छ । उहाँले लोकमार्गको कार्यालय प्रमुख नयाँ आउनुभएको र उहाँले धेरै कुरा नबुझेको हुनसक्ने बताउनुभयो ।

प्रमुख पुन भन्नुहुन्छ, "सुरुमा जे सम्झौता भएको थियो सोहीअनुसार काम गरेका छौँ, सम्झौताविपरीत भएको जस्तो लाग्दैन, पहिलेका हाकिमसँग छलफल गरेर, एउटा सम्झौता गरेका थियौँ, सोहीअनुसारका काम गरेका हौँ, अहिले नयाँ हाकिम आउनुभएको होला, उहाँलाई सबै थाहा नभएको हुनसक्छ ।"

जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमर थापाले लोकमार्गका छेउछाउमा हाइड्रोपावरका संरचना बनाउँदा सडक नै जोखिममा पर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "लोकमार्ग छेउमा जुन हाइड्रोपावरको पाइप बिछ्याइएको छ, यो गलत भएको छ, भोलि जतिबेला पनि यो पाइप फुट्न सक्छ, त्यो अवस्थामा सडकको हालत के हुन्छ ?, त्यसले गर्दा यस्ता संरचना बनाउँदा सबै पक्षले ध्यान पुऱ्याउनुपर्छ ।"

उहाँले राज्यको सम्पत्ति जोखिममा पारेर संरचना बनाइन नहुने बताउनुभयो । राष्ट्रिय गौरवको आयोजना अतिक्रमण गरी हाइड्रोपावरका लागि पाइप बिछ्याउने कार्य दुर्भाग्यपूर्ण भएको भन्दै यसमा संयमता अपनाउनुपर्ने बताउनुभयो । पछि गएर ठूलो दुर्घटना हुनुभन्दा अहिले नै ठोस निर्ण गर्नुपर्ने प्रमुख थापा बताउनुहुन्छ ।

दरमखोला हाइड्रो इनर्जीले आगामी असार मसान्तभित्र सक्ने गरी हाइड्रोपावरको कामलाई तीव्रता दिएको छ । यहाँबाट ९.६ मेगावाट विद्युत् निकालिने कम्पनीले जनाएको छ । यस ठाउँलगायत अन्य स्थानमा पनि विभिन्न व्यक्ति तथा निर्माण व्यवसायीले लोकमार्ग क्षतविक्षत बनाएका जनाइएको छ ।रासस

# सुनको मूल्य घट्यो



काठमाण्डु । सुनचाँदी बजारमा मंगलवार छापावाल सुनको मूल्य अघिल्लो कारोबार दिनका तुलनामा प्रतितोला रु छ सयले घटेको छ । अघिल्लो दिन प्रतितोला रु ९९ हजार नौ सयमा कारोबार भएको सुनको मूल्य मंगलवार प्रतितोला रु ९९ हजार तीन सय तोकिएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणअनुसार मंगलवार तेजाबी सुनको मूल्य प्रतितोला रु ९८ हजार आठ सय छ । यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९९ हजार चार सय थियो ।

त्यस्तै मंगलवार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु २५ ले घटेर रु एक हजार तीन सय ५० तोकिएको महासङ्घले जनाएको छ । महासङ्घले अन्तर्राष्ट्रिय बजारको सुन तथा चाँदीका कारोबार मूल्यका आधारमा यहाँ दैनिक मूल्य तोक्दै आएको छ ।रासस

# आर्थिक तरलता पाँच सहकारी समस्यामा

चितवन । भरतपुर महानगरपालिकाभित्र सञ्चालनमा रहेका पाँच सहकारीमा समस्या देखिएको छ । आर्थिक तरलताका कारण सहकारीमा समस्या देखिएको हो ।

भरतपुर महानगरपालिकाको सहकारी तथा रोजगार प्रवर्द्धन शाखाका प्रमुख रामबाबु पौडेलका अनुसार भरतपुर महानगरको क्षेत्राधिकारभित्र रहेका तीन र क्षेत्राधिकार बाहिरका दुई सहकारीमा आर्थिक तरलताको समस्या देखिएको हो । महानगर क्षेत्राधिकारभित्र रहेको चन्द्रदर्शन बचत तथा ऋण सहकारी संस्था र समाज कल्याण बचत तथा ऋण सहकारी संस्थामा समस्या देखिएको छ । सनराइज बचत तथा ऋण सहकारी संस्थामा सञ्चालकको नियतका कारण समस्या आएको उहाँले जानकारी दिनुभयो । यस्तै प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेको साहारा चितवन बचत तथा ऋण सहकारी र सहकारी विभागको क्षेत्राधिकारभित्र रहेको शुक्रपथ बचत तथा ऋण सहकारीमा पनि समस्यामा परेको जनाइएको छ ।

महानगरको क्षेत्राधिकारभित्र रहेका सहकारी सनराइज बचत तथा ऋण सहकारी संस्थामा सञ्चालकले ऋणी नक्कली खडा गरेर काम गरेको पाइएको छ । भरतपुर महानगरपालिका-३ मा रहेको सो सहकारीका अध्यक्षले नक्कली ऋणी खडा गरेर आर्थिक हिनामिना गरेको पाइएपछि छानबिन सुरु गरेको शाखा प्रमुख पौडेलले बताउनुभयो । भरतपुर -३ का अध्यक्ष विकास थापाले निक्षेपकर्ताको बचत असुलीका लागि आवश्यक सहजीकरण भइरहेको बताउनुभयो ।

उक्त सहकारीमा कर्मचारीको सहयोगमा अध्यक्षले रकम हिनामिना गरेको पाइएको छ । यस सहकारीमा तीन हजार पाँच सय शेयर सदस्य रहेको र रु ७० करोडको कारोबार भएको उहाँले जानकारी दिनुभयो । यस सहकारीले तीन स्थानमा सेवा कार्यालय सञ्चालन गरी आफ्नो कारोबार गर्दै आएको थियो ।

यस्तै चन्द्रदर्शन बचत तथा ऋण सहकारी संस्थामा दुई हजार दुई सय शेयर सदस्य रहेका छन् । आर्थिक तरलता देखिएपछि सहकारीले रु एक लाखभन्दा कम बचत भएका बचतकर्ताको रकम फिर्ता गर्न लागेको पौडेलले बताउनुभयो । यस सहकारीमा वार्षिक रु २० करोड हाराहारीको कारोबार हुने गरेको शाखाले जनाएको छ ।

समाज कल्याण बचत तथा ऋण सहकारी संस्थामा वार्षिक रु ३५ करोड हाराहारीको कारोबार हुने गरेको थियो । पाँच हजार सदस्य रहेको सो सहकारीलेको प्रधान कार्यालय भरतपुर -१ मा रहेको छ । यसले दुई सेवा केन्द्रको अनुमति लिएको भए पनि एउटा केन्द्रबाट काम गर्दै आएको पौडेलले बताउनुभयो । सहकारीले साना बचतकर्ताको रकम फिर्ता गरिरहेको छ भने ठूला बचतकर्ताको रकम फिर्ता गर्न सकेको छैन ।

प्रदेश र सहकारी विभागको क्षेत्राधिकारभित्र रहेका दुई सहकारीको विवरण महानगरपालिकाको सहकारी तथा रोगार प्रवर्द्धन शाखासँग नहुने भएकाले कति बचतकर्ता प्रभावित भए भन्ने विषयमा जानकारी नभएको उहाँले बताउनुभयो ।

तरलताको अभावका कारण बचतकर्तालाई समयमा रकम दिन नसक्ने समस्या बढेसँगै महानगरपालिकाको क्षेत्राधिकारभित्र रहेका सहकारीले साधारणसभामार्फत समस्या समाधानका लागि काम गर्न लागेका छन् । महानगरमा हाल तीन सय ५४ सहकारी संस्था सञ्चालनमा छन् । तीमध्ये ४८ सहकारी संस्था निस्क्रिय रहेको उहाँले बताउनुभयो ।रासस

# सुपर मादी हाइड्रोपावरको आइपिओ खुला

काठमाण्डु । सुपर मादी हाइड्रोपावर लिमिटेडले आयोजनाबाट असर पर्ने स्थानीय बासिन्दाका लागि साधारण शेयर निष्कासन गरेको छ । कम्पनीले आजदेखि प्रतिकित्ता रु १०० अङ्कित दरमा १२ लाख ६० हजार कित्ता शेयर प्रारम्भिक सार्वजनिक निष्कासन(आइपीओ) स्थानीयका लागि बिक्री खुला गरेको हो ।

आयोजनाले प्रभाव पार्ने कास्की जिल्लाको मादी गाउँपालिका १ र २ का स्थानीयका लागि तीन लाख १५ हजार कित्ता तथा सोही गाउँपालिकाका ३, ४, ५, ६, ७, ८, ९, १०, ११ र १२ तथा पोखरा महानगरपालिकाको २६, २७ र २८ वडाका स्थानीय बासिन्दाका लागि सात लाख ३५ हजार कित्ता शेयर निष्कासन हुने कम्पनीले सार्वजनिक गरेको आह्वान पत्रमा उल्लेख छ ।

त्यस्तै श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीलाई भने कम्पनीले दुई लाख १० हजार कित्ता शेयर निष्कासन गरेको छ । स्थानीय बासिन्दा तथा वैदेशिक रोजगारीमा रहेका लगानीकर्ताले आगामी पुस ५ गतेसम्म र सो अवधिमा मागबमोजिम आवेदन नपरे पुस २० गतेसम्म न्यूनतम १० कित्तादेखि अधिकतम ५० हजार कित्ता शेयर खरिदका लागि आवेदन दिन पाउने कम्पनीले सार्वजनिक गरेको आह्वान पत्रमा उल्लेख छ ।

कम्पनीले कास्कीको मादी गाउँपालिकाको सिमाना भएर बग्ने मादी नदीको बहाव सदुपयोग गरी ४४ मेगावाट क्षमताको सुपर मादी जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । लगानीकर्ताले एनसिसी बैंक, कुमारी बैंक तथा माछापुच्छ्रे बैंकले तोकेका शाखा कार्यालय र कम्पनीको आयोजनास्थलबाट शेयर खरिदका लागि आवेदन दिन सकिने व्यवस्था गरेको छ ।रासस

# जग्गाको स्वामित्व नपाउँदा विमानस्थल निमार्णको काम रोकियो

दोधारा चाँदनी । कञ्चनपुरको मझगाउँमा निर्माण गर्ने भनिएको विमानस्थल जग्गाको स्वामित्व प्राप्त हुन नसक्दा अलपत्र परेको छ ।

विमानस्थलको दक्षिणतर्फ रत्न वाटिका र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ नेपाली सेना मातहत रहेको जग्गा विमानस्थलले नपाउँदा निर्माणको काम स्थगित भएको हो ।

विमानस्थलको लम्बाइ करिब एक हजार मिटर छ । उक्त क्षेत्रमा धावनमार्ग निर्माण अधुरै छ ।

रत्न वाटिका र सेनाले भोगचलन गरिरहेको जग्गासहित विमानस्थलको धावनमार्गको लम्बाइ एक हजार पाँच सय २५ मिटर पुग्छ । तर अहिले धावनमार्गको लम्बाइ एक हजार मिटर मात्रै छ । तर जमिनको भोगाधिकार विमानस्थलका नाममा नहुँदा धावनमार्ग निर्माणको काम रोकिएको विमानस्थल आयोजना प्रमुख मीनराज ओझाले बताउनुभयो ।

"सेनाले भोगचलन गरिरहेको जग्गामा काम गर्न खोज्दा कामदार नियन्त्रणमा लिएपछि निमार्णकार्य प्रभावित भएको हो", उहाँले भन्नुभयो । उहाँले सेनाले भोगचलन गरिरहेको जमिनको भोगाधिकारका लागि मन्त्रालयमा प्रक्रिया अघि बढेको जानकारी दिनुभयो ।

जग्गा प्राप्तिकालागि तीन वटा मन्त्रालयसँग समन्वय गरेर निर्णय गर्नुपर्नेमा ढिलाइ भइरहेको उहाँको भनाइ छ । "पछिल्लो समय दसैं, तिहार जस्ता पर्व र निर्वाचनका कारणले काम हुन सकेन, अहिले पनि जग्गाको स्वामित्वको काम प्रक्रियामै छ", उहाँले भन्नुभयो । उहाँले यसका लागि मन्त्रिपरिषद्बाट निर्णय हुन बाँकी रहेको बताउनुभयो । यसअघि सेनाका मातहतमा रहेको जग्गा विमानस्थललाई दिने सहमति भएको थियो । उहाँका अनुसार राजपत्रमा उक्त जग्गा विमानस्थलका लागि छोडिएको उल्लेख भए पनि सेनाका नाममा लालपुर्जा छ ।

कञ्चनपुर क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित रमेश लेखकले विमानस्थल निमार्णको काम अघि बढाउन पहल भइरहेको बताउनुभयो । "जग्गा प्राप्तिका विषयमा केही अलमल भएको हो त्यो विषय छिट्टै टुङ्ग्याएर काम अघि बढ्छ", उहाँले भन्नुभयो "त्यसका लागि म आफै पनि मन्त्रालयमा पुगेको छु प्रक्रियागत कुराले ढिलाइ भएको हो ।"

विमानस्थल पुनर्निर्माण संघर्ष समितिका व्यवस्थापन संयोजक करन पालले विमानस्थललाई छिटोभन्दा छिटो सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिनुभयो । "यहाँ विमानस्थलको आवश्यकता छ यसले यहाँको पर्यटन विकासमा सहयोग पुग्दछ", उहाँले भन्नुभयो, "हामीले पटक-पटक सरकारसँग विमानस्थल सञ्चालनका लागि दबाब दिइरहेका छौ ।" उहाँले निर्वाचनको बेला उम्मेदवारहरूले विमानस्थल सञ्चालनको आश्वासन दिएको बताउनुभयो ।

भीमदत्त नगरपालिकाको १५, दोधारा चाँदनी नगरपालिकाको १०, सुदूरपश्चिम प्रदेश सरकारको २५ र नागरिक उड्डयन प्राधिकरणको ५० प्रतिशत गरी तीनै तहको साझेदारीमा विमानस्थल निर्माण भइरहेको हो । तीन वर्षभित्र निर्माण सक्ने गरी कान्छाराम-केएस-उमा एन्ड कम्पनीसँग ४५ करोड ६६ लाख रुपैयाँमा सम्झौता भएको छ । रासस

# अनुमति विना अस्पताल छ्यापछ्याप्ती

**टुडे समाचारदाता**

लहान । सिरहामा नियामक निकायको मिलेमतोमा मापदण्ड विपरीत अनुमति विनाका अस्पताल तथा पोलिक्लिनिकहरू छ्यापछ्याप्ती खुल्न थालेका छन् ।

नियमनकारी निकायको मौनता कारण लहान, धनगढीमाई, गोलबजार, मिर्चैया, सिरहा सदरमुकाम लगायतमा सयौंको संख्यामा अनुमति विना नै अस्पताल तथा क्लिनिकहरू सञ्चालन भएका छन् ।




स्थानीय निकाय, प्रहरी प्रशासनकै सेटिङमा अनुमति विनाका मापदण्डविपरीत अवैध अस्पताल तथा क्लिनिकहरू सञ्चालन भएको छ । लहान नगरपालिकामा मात्र सयौंको संख्यामा क्लिनिक तथा अस्पतालहरू सञ्चालनमा रहे पनि जम्मा ४ वटा अस्पताल र ६ वटा क्लिनिकले मात्र अनुमति लिएको स्वास्थ्य शाखा प्रमुख जगदीश मण्डलले जानकारी दिए ।

स्वास्थ्य शाखा प्रमुख मण्डल आफैंले लहान ८ मा सञ्चालन गरेको मण्डल क्लिनिकसमेत दर्ताको नभएको नाम नखोल्ने शर्तमा एकजना स्वस्थ्यकर्मीले बताए ।

उनले भने, 'नियमनकारी निकायले नै दर्ता प्रक्रियाको लागि फाइल पेश गर्ने क्लिनिक तथा अस्पतालसंग अवैध रकम लिएर सञ्चालन गर्ने छुट दिएको छ । गोलबजार नगरपालिकामा पनि विना दर्ताको अस्पताल तथा क्लिनिकहरू छ्यापछ्याप्ती खुले पनि नियमनकारी निकाय मौन रहेको देखिन्छ।

गोबजारको मुख्य बजारक्षेत्र ४ र ६ नम्बर वडा तथा ७ र ८ नम्बर चोहर्वामा अनुमति विना नै तीन दर्जनभन्दा बढी अस्पताल तथा क्लिनिकहरू नियम कानून विपरीत सञ्चालन भए पनि जनप्रतिनिधि तथा स्वास्थ्य शाखाका कर्मचारीहरू भने मौन सर्मथन गरेझैं गुमनाम बसेका छन् ।

सम्बन्धित निकायबाट अनुमति नलिएको, विशेषज्ञ डाक्टरको नाममा योग्यता नपुगेका स्वास्थ्यकर्मीले उपचार गर्दै आएको, उपचारको नाममा बिरामीसँग बढी रकम असुली गर्ने गरेको लगायतका जनगुनासो आए पनि नियमनकारी निकाय मौन भएर बसेका छन् ।

गोलबजारमा मात्रै करिब ३ दर्जनभन्दा बढी मापदण्ड नपुगेका अस्पताल, पोलिक्लिनिकहरू, ल्याबहरू सञ्चालनमा रहेको नगर स्वास्थ्य शाखाले जनाएको छ ।

स्वास्थ्य शाखाका अनुसार क्लिनिकहरू धैरै खुलेका भए पनि केहीले अनुमतिको लागि कागजात पेश गरेको र चुनाव तथा जनप्रतिनिधिको व्यस्तताका कारण अनुगमन गर्न सकिएको छैन ।

जन स्वास्थ्य सेवा नियमावली अनुसार वार्षिक रुपमा म्याद समाप्त भएको ३ महिनाभित्र नवीकरण गर्नु पर्ने प्रावधान छ । तर, गोलबजारमा दुई आर्थिक वर्षदेखि यसको कुनै काम भएको छैन । जिल्ला बाहिर दर्ता भए पनि नवीकरणसमेत नभएको उतिमलाल मेमोरियल अस्पताल प्रा.लि.समेत गोलबजारमा सञ्चालनमा रहेको छ ।

गोलबजार नगर स्वास्थ्य शाखामा नवीकरणका लागि फाइल पेश गरिएको गोलबजार हेल्थ केयर सेन्टर, अजय डेन्टल ,सगरमाथा मोडेल अस्पताल र एस पोलिक्लिनिक, भूमिजा हस्पिटलको करिब २ वर्षदेखि नवीकरण नै नगरिएको बुझिएको छ ।

# ठप्प नगराइन नगरपालिका

**संजीवकुमार झा**

जनकपुरधाम । विगत ४ दिनदेखि नगराइन नगरपालिका ठप्प भएको छ । कार्यालय, विद्यालय, स्वास्थ्य चौकी लगायत नगरपालिकाको कार्यालयबाट हुने सेवा प्रवाह सबै बन्द छ । नगरपालिका अन्तर्गतका कर्मचारीहरु साउनदेखि तलब नपाएको भन्दै तलब, सेवा सुविधा पाउनुपर्ने माग गर्दै विगत ४ दिन देखि तालाबन्दी गरी आन्दोलित छन् ।

नगरपालिकाले अहिलेसम्म नगर परिषद् गर्न नसकेका कारण कार्यालयबाट हुने सबै प्रकारका सेवा ठप्प पारेर कर्मचारीहरु आन्दोलनमा छन् ।उपभोक्ता समिति गठन तथा नगरस्तरीय बजेट कार्यान्वयनका लागि विगतमा बनेको कार्यविधि संशोधनको माग राख्दै नेकपा एमाले आवद्ध जनप्रतिनिधिहरुले असार १० मा हुने नगरसभा अहिलेसम्म हुन दिएका छैनन् ।

यस भन्दा पहिलेका मेयर परमेश्वर यादवले नगरस्तरीय बजेटमा वडाध्यक्षहरुको रोहवरमा उपभोक्ता समिति गठन हुने तर, त्यो बजेट नगरपालिकाबाट प्रत्यक्ष रुपमा सञ्चालन गर्न पाउने भनि कार्यपालिकाको बैठकबाट सर्वसम्मतले पारित गराएका थिए । त्यतिबेला उनी बहुमतमा थिए । तर, वर्तमान मेयर विनय यादव अहिले अल्पमतमा छन् र उनी भन्दा बढी सदस्यहरु एमालेको पक्षमा छन् ।

नेपाली कांग्रेसबाट विजयी भएका मेयर यादवलाई त्यहा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का जनप्रतिनिधिहरुले साथ दिए पनि एमाले संग पूर्ण बहुमत रहेका कारण उनीहरु त्यो प्रावद्धान नहटाए नगर सभा हुन नदिने अडानमा रहेका छन् । नगराइन नगरपालिका-८ का वडाध्यक्ष संजय राउतले संशोधन नभएसम्म आफूहरु नगरसभा हुन नदिने अडान लिएका छन् ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामगुलाम कर्णले मंगलवार सबै वडाका वडाध्यक्ष लगायत मेयर उपमेयरलाई कर्मचारीहरुको समस्या समाधानका लागि बैठक बोलाइए पनि वडाध्यक्ष राउतका अडानले वैठक सफल हुन सकेन् । कर्मचारीहरु आन्दोलित छन्, समस्या सामाधान गर्नुपर्ने जनप्रतिनिधिहरुको दायित्व रहेको भन्दै प्रमुख प्रशासकीय अधिकृत कर्णले जनप्रतिनिधिहरु समक्ष हारगुहार लगाए पनि एमालेका




जनप्रतिनिधिहरुले भने टेरेका थिएन् ।

मेयर यादवले पुरानै ऐन अनुसार हिड्न बैठकमा तथा विभिन्न चरणमा भएको वार्तामा आग्रह गर्दै आफूले कुनै प्रकारको अनैतिक काम गरे त्यो दिन देखि तपाईहरुलाई कुनै नगरसभामा सहमति जनाउन आग्रह नगर्ने बताए पनि उनीहरुले त्यो मागको बारेमा गम्भीर नभएको बैठकमा सहभागी एक जनप्रतिनिधिले जानकारी दिए ।

वर्तमान मेयर यादवले कर्मचारीहरुको समस्या सामाधान गर्न जनप्रतिनिधिहरुसंग आग्रह गर्दै उनले सवैको मञ्जुरीमा नगरपालिकाको कामकारवाही आगाडि बढ्ने बताउँदै उनले पटक पटक आग्रह गर्दा पनि ती वडाध्यक्षहरुले टेरेका छैनन् ।

बैठक सम्पन्नपछि जनकपुर टुडे संग कुराकानी गर्दै मेयर यादवले भने-' नगरसभा सबै समस्याको जरो रहेकोछ, मैले जनप्रतिनिधि साथीहरुसंग कुराकानी गरे तर, उनीहरु आफ्नो अडानमा छन् । समस्या सामाधान तिर ध्यानाकर्षण हुन सकेको छैन् ।'

एमाले सम्बद्ध जनप्रतिनिधिहरुले वडास्तरीय बजेट आफू अनुकूल चलाउने र नगरस्तरीय बजेट पनि आफू अनुकूल नै चलाउने अडान लिएपछि विगतको कार्यकाल देखि नै विवाद हुँदै आएको छ । त्यस भन्दा पनि त्यहाँ नेपाली कांग्रेस र नेकपा एमालेबीचको द्वन्द देखिएको छ । त्यहाँ धनुषा निर्वाचन क्षेत्र नम्वर ३ की एमाले सांसद जुली कुमारी महतोको प्रत्यक्ष निगरानीमा जानी जानी विवाद निम्त्याइएको स्थानीयहरु बताउँछन् ।

नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिको गृहनगर रहेको नगराइनमा जुली आफ्नो प्रभाव कायम गर्नका लागि आफ्ना नेता कार्यकर्तालाई परिचालन गरी कांग्रेसबाट विजयी भएका मेयर यादवलाई असफल तुल्याउन चाहेकी स्थानीय वेचन यादवले बताए ।

उनी जस्तै बुझाई रामपुकार साह, जयनाथ झा लगायत दर्जनौको रहेको छ । मेयरमा यस भन्दा पहिला पनि कांग्रेस नै विजयी भएको थियो भने यस पटक पनि कांग्रेस नै विजयी भएपछि जुलीको सक्रियतामा नगराइन नगरपालिकालाई असफलताको बाटोमा लैजान चाहेको स्थानीय विल्टु विनले बताए ।

यता, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बाट मेयरका प्रत्याशी तथा राजेश (राजु) चौधरीले जनताप्रति मेयर र उपमेयर दुबै अनुदार रहेको आरोप लगाएका छन् ।

हामीले पटक पटक आन्दोलन गरेर नगरसभाको माग गरेको जानकारी दिँदै ती आन्दोलनको माग पूरा स्वरुप मेयरले नगरसभा बोलाएका थिए तर, एजेण्डाविहीन नगरसभा रहेको आरोप लगाए । नगराइन नगरपालिकाका मेयर यादव र उपमेयर राधादेवी यादव दुबैमा अहंकार, दम्भले भरिपूर्ण रहेका कारण सम्पूर्ण नगरवासी नै समस्या झेल्ने अवस्था आएको आरोप लगाए । उनले आफूहरु सकारात्मक प्रतिपक्षीको भूमिकामा रहेको र जनताको हितमा हुने कार्यको साथमा रहेको बताए ।

# संसदीय बहस कार्यक्रम



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवनमा संसदीय बहस नामक कार्यक्रम सम्पन्न गरिएको छ ।

नेपालस्थित अमेरिकी दूतावासको युवा परिषद्को सहयोगमा हरिवनस्थित एक नीजि विद्यालयमा जिल्लाका विभिन्न विद्यालयका कक्षा ८ देखि १२ सम्म अध्ययनरत ३ सय विद्यार्थीको उपस्थितिमा संसदीय बहस गराइएको छ ।

विद्यार्थीलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा हुँदै आएको संसदीय अभ्यास र त्यसबारेमा विस्तृत जानकारी दिने, त्यस्ता खालका अभ्यास गर्न विद्यार्थीहरुलाई प्रेरित गर्ने र देश निर्माणको निम्ति नेतृत्व विकास गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजक संस्थाको परियोजना संयोजक प्रज्वल भण्डारीले जानकारी दिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम, नगर प्रमुख रमेश बुढाथोकी (कमल) लगायतको उपस्थितिमा समापन गरिएको आयोजक संस्थाले जनाएको छ ।

कार्यक्रममा सहभागी विद्यार्थीले ३ दिनको छोटो कार्यक्रम भए पनि आफूहरुले धेरै कुरा सिक्न पाएको र नयाँ उर्जा थपिएको भन्दै खुशी व्यक्त गरेका छन् ।

# करेन्ट लागेर एकको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गुजरा नगरपालिकामा करेन्ट लागेर एक जना युवकको मृत्यु भएको छ ।

विद्युत मोटरबाट आफ्नै खेतमा पानी लगाउने क्रममा गुजरा-४ का २५ वर्षीय मेघनाथ चौधरीको करेन्ट लागेर मृत्यु भएको हो ।

स्थानीय प्रत्यक्षदर्शीका अनुसार मदिरा सेवन गरी मोटरबाट पानी पटाउने क्रममा मंगलबार साँझ करेन्ट लागेर अचेत भएका चौधरिलाई उपचारका लागि कनकपुर अस्पतालमा लैजाँदा डाक्टरले मृत घोषणा गरेका छन् ।

उनका आफन्तहरूले चौधरीको अन्त्येष्टि गर्न खोज्दा प्रहरी चौकी हरिनगर पोखरभिडाको टोलीले शवलाई पोस्टमार्टमको लागि प्राथमिक स्वास्थ्य केन्द्र चन्द्रनिगाहपुर पठाएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# मलको विवादमा दुई पक्षबीच झडप

**टुडे समाचारदाता**

कलैया । बाराको सिम्रौनगढमा मलको विषयलाई लिएर दुई मागगरिएको आवेदन दिने क्रममा विवाद हुँदा झडप भएको छ ।

वडा कार्यालयले पाएको



पक्षबीच झडप भएको छ ।

सिम्रौनगढ नगरपालिकाको ४ नम्बर वडाले कार्यालयले पाएको रासायनिक मल वितरण

उक्त मल वितरण गर्न १५ मंसिरदेखि १८ मंसिरसम्म आवेदन दिने समय तय गरिएको थियो । तर, केही किसान आवेदनको अन्तिम मिति रहेको दिन १८ गते अपरान्ह निवेदन लिएर कार्यालय पुगेका थिए । तर, कार्यालय बन्द भइसकेको थियो ।

कार्यालय ४ बजेसम्म खोल्नु पर्नेमा अगाडि नै बन्द गरेर आफूहरुलाई मल लिनबाट बञ्चित गरिएको भन्दै उनीहरुले कार्यालयमा तालाबन्दी गरेका थिए ।

मंगलबार तालाबन्दी खोल्ने क्रममा उनीहरु र अर्को पक्षबीच विवाद हुँदा झडपको अवस्था सिर्जना भएको हो । दुबै पक्षले लाठीभाटा लिएर झडपमा उत्रिएका कारण कार्यालयमा लागेको ताला खुल्न सकेको छैन ।

# नेहाद्वारा श्रीमान विरुद्ध मुद्दा दायर

**टुडे समाचारदाता**

जनकपुरधाम । दाइजो कम दिएको निहुँमा हिंसामा परेकी नेहा चौधरीले श्रीमान विरुद्ध अदालतमा मुद्दा दायर गरेकी छन् ।

उनी श्रीमान डा.पंकज चौधरी विरुद्ध जिल्ला अदालत महोत्तरीमा घरेलु हिंसा र दाइजो विरुद्ध दुई मुद्दा दर्ता गराइन् । महोत्तरीको औरही नगरपालिका १ घर भएकी नेहा र सोही जिल्लाका रामगोपालपुर नगरपालिका ५ का डा. चौधरीबीच ०७८ फागुनमा विवाह भएको थियो ।

विवाहमा नेहाका परिवारले दाइजोमा २० तोला सुनका गहना र ५१ लाख रुपैयाँ नगद दिएको थियो । तर पनि दाइजो नपुगेको भन्दै उनीमाथि यातना दिन थालियो ।

दशैं टिकाको दुई दिनपछि नेहालाई श्रीमानले निर्घात




कुटपिट गरेपछि माइती पक्षले उद्धार गरी अस्पताल पुर्याएको थियो । उपचार पश्चात स्वास्थ्यमा सुधार आएपछि उनले न्यायका लागि अदालतमा मुद्दा दायर गरेकी छन् ।

उनका श्रीमान् डा. चौधरी काठमाण्डुको नर्भिक अस्पतालमा कार्यरत थिए । तर यो घटना बाहिर आएपछि अस्पताल प्रशासनले उनलाई बर्खास्त गरिसकेका छन् ।

उनले पनि अदालतमा सम्बन्ध विच्छेदको मुद्दा दिएका छन् ।

पीडित नेहा भने सम्बन्ध विच्छेद गर्ने पक्षमा छैन् । मंगलबार रामगोपालपुर नगरपालिका पुगेर न्यायिक समितिमा पनि मुद्दा दर्ता गराउन गएकी थिइन् । तर नगरप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र न्यायिक समितिको संयोजक समेत रहेकी उपप्रमुख नभेटेपछि उनी फर्केकी छन् ।

# स्वास्थ्य सेवा केन्द्रको उदघाटन

**रञ्जन यादब**

कलैया । जितपुरसिमरा उपमहानगरपालिका वडा नं.१८ को उचिडीमा आधारभुत स्वास्थ्य सेवा केन्द्रको उद्घाटन गरिएको छ ।

सेवा केन्द्रको मंगलबार उपमहानगरका नगर प्रमुख राजन पौडेलले उद्घाटन गर्दै नगर प्रमुख पौडेलले नगरले दिने सेवा सहज ,छिटो र प्रभावकारी बनाउन उपमहानगरपालिका लागि परेको जानकारी दिए ।

यस कार्यमा सबैले आ-आफनो स्थानबाट साथ र सहयोग गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा नगर जनस्वाथ्य अधिकृत रवी कुमार भाष्करले सरकारको वडाहरुमा स्वास्थ्य सेवा विस्तार गर्ने योजना अनुसार स्वास्थ्य केन्द्रको उद्घाटन गरिएको बताए ।

केन्द्रबाट हाल २ जना स्वास्थ्यकर्मीले सेवा दिनेछन् । क्षयरोग विरुद्धको औषधिसंगै ३५ प्रकारका औषधि र १२ प्रकारको खोपसेवा संचालन हुनेछ । गर्भवती परीक्षण सेवासहित सरकारले दिने अन्य सेवा नियमित रुपमा स्वास्थ्य केन्द्रबाट पाइने उनले बताए।

# छात्रवृत्तिको रकम वितरण भएन

**राकेश यादव**

रौतहट । बौधिमाई नगरपालिका वडा नम्बर ८ सरमुजबामा रहेको शंकर माध्यमिक विद्यालयमा छात्रवृत्तिको रकम निकासा भएको ५ महिना वितिसक्दा पनि वितरण हुन सकेको छैन ।

विद्यालयको नाउमा नगरपालिकाले शैक्षिक सत्र २०७९/०८० को छात्रवृत्तिको रकम २ लाख ४२ हजार ८ सय रुपैया गएको २०७९ साल असारको अन्तिम सातामा निकासा पठाएको भए पनि वितरण गरिएको छैन ।

वड़ा अध्यक्ष विन्देश्वर राय यादवले प्रधानाध्यापक संजय जायसवाललाई विद्यार्थीहरुलाई छात्रवृत्तिको रकम वितरण गर्न पटक पटक भन्दा पनि वितरण गर्नमा आनाकानी गरेकोले स्पष्टीकरण सोधिएको बताएका छन ।

उनले भने वड़ा बाट कारणसहितको जवाफ पठाउन पत्राचार गरिएको छ , अहिलेसम्म विद्यालयले जवाफ नदिएको वड़ा अध्यक्ष यादवले बताए ।

अभिभावकहरुले गुनासो गर्दा पत्र काटिएको उनले बताए ।




विद्यालयमा अध्ययनरत १३७२ विद्यार्थीमा ७९७ जना लाई छात्रवृत्तिको रकम वितरण गर्नुपर्नेमा नगरपालिकाबाट ७६ हजार रकम अपुग भएकोले समस्या उत्पन्न हुने अवस्था रहेकोले रोकिएको प्रधानाध्यापक जायसवालले बताए ।

छात्राको संख्या ६३७ र दलित छात्र १६० रहेका छन जसमा नया विद्यार्थी पनि सहभागी भएकोले रकम अपुग भएको उनको भनाइ छ ।

असार महिनामा नगरपालिकामा विद्यार्थीहरुले आक्रमण गरेपछि समस्या जटिल भएको कारण रकम वितरण गर्ने अवस्था नरहेको जिकिर उनले गरे । पछि निर्वाचन , पर्व त्यौहारको कारण रोकिएको रकम अब वडा कार्यालयसंग सहकार्य गरेर वितरण गर्ने बताएका छन् ।

नया विद्यार्थी १९० जनको रकम न आएकोले पुरानो विद्यार्थीलाई सहकार्य गरी रकम उपलब्ध गराउने उनले प्रतिवद्धता जनाएका छन् ।

विद्यालयमा शिक्षकको चरम आभावको कारण माध्यमिक तहका विद्यार्थीहरुलाई अध्ययन अध्यापन प्रभावित भइरहेको छ ।

दरबन्दी अनुसारको शिक्षक शिक्षिका नभएको कारण विद्यार्थीहरुलाई समस्या उत्पन्न भइरहेको अवस्थामा नगरपालिकाले यसप्रति गम्भीर नभएको उनको आरोप छ ।

माध्यमिक तहमा नेपाली , अंग्रेजी , विज्ञानं विषयको शिक्षक नै रहेको छैन,प्रधानाध्यापक जायसवाल र सामाजिक शिक्षक १ जना मात्र रहेको विद्यालयको विद्यार्थीहरुको भविष्य अन्धकारमा फस्दै गएको छ ।

ठूलो संख्यामा विद्यार्थी रहेको उक्त विद्यालयमा १३ जना शिक्षक कर्मचारी रहेका छन । माविमा २ जना राहतमा १ जना ,निमाविमा ४ र प्रावि तहमा १ जना गरी ५ जना , नीजि स्रोतबाट ३ जना शिक्षक रहेका छन ।

# ल्याबहरु शौचालयविहीन

**टुडे समाचारदाता**

सप्तरी।सप्तरीकोराजविराजमा अव्यवस्थित, दुर्गन्धित र शौचालय विना ल्याबहरू सञ्चालन गरिएको छ।

महदेवा गाउँपालिका-४ का नजवुन खातुन बिरामी नातीको



दिसा जाँच गराउन मंगलम डायग्नोस्टिकमा पुगेका थिए ।

डाक्टरले दिसा जाँच गराउन लगाएपछि उनी ल्याबमा पुगेका थिए । उनले जाँच गराउन गएको ल्याबमा शौचालय नहुँदा ल्याब अगाडिकै सडकमा उनले नातीलाई दिसा गराउनु परेको थियो । उनलाई ल्याबमा ट्वाइलेट नभएका कारण बच्चालाई सडकमा दिसा गराउनु परेको थियो ।

यहाँ धेरै ल्याबहरू यसैगरी चल्ने गरेका छन् । राजविराजको अति व्यस्त मुख्य सडकदेखि पाँच मिटरभित्र ल्याब छ । योसँगै ऐनसेल सेन्टर, बैङ्क शाखाहरू, होटलहरू र अन्य थुप्रै ठूलठूला व्यवसाय पनि सञ्चालन रहँदै आएका छन् । यो ल्याबमा दैनिकजसो आउने गरेका सयौं सेवाग्राहीहरूमध्ये अधिकांशले ल्याब अगाडिको सय मिटर लामो सडकमा दिसापिसाब गर्छन् । ल्याबटेस्टका लागि ल्याइएका बालबालिकालाई ट्वाइलेट उपलब्ध नगराउँदा ल्याबटेस्टका लागि ल्याइएका बालबालिकालाई सडकमै दिसापिसाब गराउँदै गरेको दृश्यहरू देख्न पाइन्छ।

ल्याबबाट निस्किने दिसापिसाब जस्ता दुर्गन्धित फोहोरहरू समेत सडकमै फाल्ने गरिन्छ । नाम नबताउने शर्तमा त्यहींका एक पसल सञ्चालकले बताए ।

ल्याब सञ्चालक डाक्टर अमित शाहले ल्याबभन्दा अलिपर शौचालय रहेको बताए । उनले साँचो दिएर ल्याबमा आउने सेवाग्राहीलाई ट्वाइलेट पठाउने गरेको दाबी गरे।

राजविराजमा दर्जनभन्दा बढी ल्याबहरूमा शौचालय नभएको अवस्थामा सञ्चालन भइरहेका छन्। यसले शहरलाई नै दुर्गन्धित बनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८